# *आर्य सुवर्ण प्रभासोत्तम सूत्रेन्द्रराज नाम महायान सूत्र*

तिब्बतीबाट नेपाली भाषामा अनुवाद

लोचावा पुण्य प्रसाद पराजुली

प्रकाशक

कपन लाइब्रेरी, २०६५

## अनुवादकीय

भगवान् शाक्यमुनि बुद्धका उपदेशहरूलाई सूत्र, विनय र अभिधर्म गरी तीन भागमा बाँडिएको छ । सूत्रहरू पनि पाली भाषा र संस्कृत भाषामा अलग अलग रूपमा सङ्कलन भएकाले श्रावकयान सूत्र तथा महायान सूत्र गरी दुई वर्गका पाइन्छन् । यहाँ अनुवाद भएको सूत्र महायान सूत्र अन्तर्गत पर्दछ । नौ सूत्रहरूलाई काठमाडौं उपत्यकामा नवसूत्र संग्रह भनिन्छ जसलाई एक मण्डलको रूपमा राखिएको हुन्छ । यी नौ सूत्रहरूको नियमित पाठ क्रममा सुवर्ण प्रभासोत्तम सूत्र पनि नियमित पाठ भईरहेको छ । सूत्रहरूको सही हिसाबले राखेर पूजा मात्र गर्नाले पनि अपार लाभ हुने भएकाले यो सूत्र प्राय: हरेक महायानी मार्गीको घरमा राखिन्छ । साथै हरेक अवसरमा यो सूत्रको पाठ गर्ने चलन नेपाल, भूटान, चीन, मङ्गोलिया आदि देशहरूमा छँदैछ ।

संस्कृत भाषामा रहेको यो सूत्रलाई तिब्बती, चिनियाँ, अंग्रजी आदि भाषाहरूमा अनुवाद गरिएको छ । यो अनुवाद कार्य मूलत: तिब्बती अनुवादको आधार लिई गरिएको छ । शीतांशु शेखर बागचीले सम्पादन गरी सन् १९६७ मा मिथिला विद्या पीठ दरभङ्गाबाट छापिएको संस्कृत संस्करणमा थुप्रै पाठ भेद पाइएकाले तिब्बती अनुवादलाई मूल आधार मानिएको हो । तिब्बती भाषामा पनि तीनवटा अनुवादहरू पाइए जसमध्ये सबैभन्दा लामो ग्रन्थ एकतीस अध्याय भएको चिनियाँ भाषाबाट अनुवाद गरेको पाइन्छ । बाँकी दुई संस्कृत भाषाबाट अनुवाद भएकामध्ये छोटोचाहिँ एक्काइस अध्याय भएको ग्रन्थलाई यहाँ अनुवाद गरिएको हो । अर्को प्रचलित तिब्बती संस्करणमा उनन्तीस अध्याय छन् । संस्कृतसँग मोटामोटी मेल खाने भएकाले सबभन्दा छोटो संस्करणलाई यहाँ प्रस्तुत गरिएको छ । शब्दानुवाद गर्दा पाठकलाई बुझ्न गाह्रो हुने भएकाले यहाँ भावानुवाद गरिएको छ । मूल संस्कृतमा रहेको सर्वबुद्धबोधिसत्वनामसंधारणि परिवर्तको सबै पाठ भए पनि अलग अध्यायको रूपमा राखिएको छैन भने सर्वबोधिसत्वस्तव परिवर्त भन्ने नयाँ नामको अध्याय यहाँ छ । उपलब्ध संस्कृत ग्रन्थ र अनुदित तिब्बती ग्रन्थका धेरैजसो कुराहरू मिल्छन् । यस सूत्रभित्र गद्य र पद्य दुवै भएकाले एउटै अध्यायमा पनि दोहोरिएको प्रसङ्ग आउँछ । ममा पद्यानुवाद गर्ने कुशलता नभएकाले मूल पद्यलाई पनि यो पुस्तकमा गद्यकै रूपमा प्रस्तुत गरिएको छ । पाठ गर्दा कोष्ठभित्रको कुरा पाठ नगर्दा पनि हुन्छ ।

परम पूज्य लामा झोपा रिन्पोछेज्यूका अनुसार पवित्र सुवर्ण प्रभासोत्तम सूत्र सूत्रहरूको राजा हो । यो अत्यन्तै प्रभावकारी छ र यसले हाम्रा इच्छाहरूको परिपूर्ति गर्नुको साथै सम्पूर्ण प्राणीहरूमा शान्ति र सुख ल्याउँछ । यसबाट अन्तमा बुद्धतासम्म प्राप्ति हुन्छ । यो सूत्र विश्व शान्ति, आफ्नो सुरक्षा तथा देश र विश्वकै सुरक्षाको लागि अत्यन्तै प्रभावकारी छ । यसमा मानिसहरूको उपचार गर्न सक्ने महान शक्ति छ । विश्व शान्ति चाहने बौद्ध मार्गी तथा गैर बौद्ध मार्गीहरूले पनि यसको पाठ गर्न सक्छन् ।

यो सूत्र पाठ गर्न शुरू गर्नु पहिले हात, मुख र खुट्टाहरू धुनुपर्छ । आफ्नो गुरु तथा त्रिरत्नको शरणमा जानुपर्छ। विश्वमा भएका अशान्ति तथा दु:खहरू हटाई सबैलाई सुख र शान्ति अवस्थामा पुऱ्याउने प्रार्थना गर्नुपर्छ । त्यस्तो अशान्ति हटाउने र सुख पुऱ्याउने अभिभारा मेरो भएकाले त्यसका लागि यो पवित्र सूत्र पाठ गर्दैछु भन्ने संकल्प गर्नु राम्रो हुन्छ । त्यसपछि सूत्रको पाठ गर्नुपर्छ । पाठ गरेको पुण्य लाखौं गुणा बढाउन *'ॐ धरे धरे बन्धरे स्वाहा'* मन्त्र सात पल्ट जप्नुपर्छ । पाठ गरिसकेपछि सम्पूर्ण प्राणीहरूलाई साधारण तथा परम सुख र शान्ति प्राप्त होस् भनेर पुण्य परिणामना गर्नुपर्छ ।

यो प्रभावशाली र पवित्र सुवर्ण प्रभासोत्तम सूत्रलाई विश्वका सबै प्रमुख भाषाहरूमा पुऱ्याउने लामा झोपा रिन्पोछेज्यूको सदिच्छा अनुसार यो नेपाली अनुवाद प्रस्तुत गरिएको छ । यसका लागि व्यवस्थापन गर्नु हुने लामा तेन्चोज्यू तथा मेरी कोलोनीको सहयोग अत्यन्त महत्वपूर्ण छ । प्रकाशक कपन लाइब्रेरी तथा टाइपिङ कार्य गर्नु भएकोमा स्मृति मैनाली लगायतका सम्पूर्ण व्यक्ति तथा संस्थाहरूलाई धन्यवाद दिन चाहन्छु । भवतु सर्व मङ्गलम् ।

लोचावा पुण्य प्रसाद पराजुली

बौद्ध, काठमाडौं

## विषयसूची

पृष्ठ संख्या


- पहिलो अध्याय : निदान परिवर्त
- दोस्रो अध्याय : तथागत आयु प्रमाण निर्देश परिवर्त
- तेस्रो अध्याय : स्वप्न परिवर्त
- चौथो अध्याय : देशना परिवर्त
- पाँचौ अध्याय : कमलाकर सर्व तथागतस्तव परिवर्त
- छैठौं अध्याय : शून्यता परिवर्त
- सातौं अध्याय : चतुर्महाराज परिवर्त
- आठौं अध्याय : सरस्वती देवी परिवर्त
- नवौं अध्याय : श्री महादेवी परिवर्त
- दशौं अध्याय : दृढा पृथ्वी देवी परिवर्त
- एघारौं अध्याय : संज्ञेय महायक्ष सेनापति परिवर्त
- बाह्रौं अध्याय : देवेन्द्र समय राजशास्त्र परिवर्त
- तेह्रौं अध्याय : सुसंभव परिवर्त
- चौधौं अध्याय : यक्ष आश्रय रक्षा परिवर्त
- पन्ध्रौं अध्याय : दश देवपुत्र सहस्र व्याकरण परिवर्त
- सोह्रौं अध्याय : व्याधि प्रशमन परिवर्त
- सत्रौं अध्याय : जलवाहनद्वारा मत्स्य विनय परिवर्त
- अठारौं अध्याय : व्याघ्री परिवर्त
- उन्नाइसौं अध्याय : सर्व बोधिसत्वस्तव परिवर्त
- बीसौं अध्याय : सर्व तथागतस्तव परिवर्त
- एक्काइसौं अध्याय : निगमन परिवर्त

*भारतीय भाषामा आर्य सुवर्ण प्रभासोत्तम सूत्रेन्द्र राज नाम महायान सूत्र*

भोट भाषामा फाग्पा सेर होए धाम्पा दोदेई वाङ्पोई ग्याल्पो शेज्यावा थेग्पा छेन्पोई दो ।

(प्रथम काण्ड)

## पहिलो अध्याय – निदान परिवर्त

भूत, भविष्य र वर्तमान कालका सम्पूर्ण बुद्ध, बोधिसत्व, प्रत्येक बुद्ध र आर्य श्रावकहरूलाई वन्दना गर्छु ।

यस्तो मैले सुनेँ कि एक समय तथागत गृध्रकुटमा धर्मधातुको गम्भीर बुद्ध गोचरमा रहनु भएको थियो । (त्यस वेला) उहाँले शुद्ध र विरज उत्तम बोधिसत्वहरूलाई सुन्दा अति गम्भीर तथा परीक्षण गर्दा पनि गम्भीर नै सूत्रेन्द्रहरूको राजा यो सुवर्ण प्रभासोत्तम सूत्र बताउनु भयो । यो चारै दिशाका बुद्धहरूको अधिष्ठानबाट अधिष्ठित छ । अक्षोभ्यले पूर्व दिशामा, रत्न केतुले दक्षिण दिशामा, अमिताभले पश्चिम दिशामा, दुन्दुभिस्वरले उत्तर दिशामा रहेर सम्पूर्ण पापहरूको विनाश गर्नको लागि बताउँदा उत्तम मांगलिक, पापहरू रित्याउने वाला, सारा सुख दिनेवाला, सारा दुःख नाश गर्ने वाला, सर्वज्ञताको मूल, सारा श्रीहरूद्वारा राम्ररी अलंकृत गरिएको यो सूत्रलाई अधिष्ठित गरी बताउनु हुनेछ ।

इन्द्रिय विकृत सत्व, आयु सिद्धिएका, आयुमा दोष भएका, सम्पन्नता नभएका, देवहरूबाट विमुख भएका, प्रियजनबाट हेला गरिएका, कुटुम्बहरूबाट पीडित भएका, परस्परमा नमिल्ने, धन नाश भएर पीडित भएका, शोक - थकान - हानि - भय - विनाशबाट पीडित भएका, ग्रह - नक्षत्र - कार्खोदबाट पीडित भएका, असह्य रूपमा अमानुषहरूबाट सताइएका, शोक र थकानबाट पीडित भई दुःस्वप्न देखेकाहरूले पनि राम्रोसँग स्नान गरी यो उत्तम सूत्र सुन्नु पर्छ ।

जो व्यक्तिले कुशल चित्त लिई स्वच्छ वस्त्र राम्ररी पहिरेर गम्भीर बुद्ध गोचर यो सूत्र सुनेमा यो सूत्रको तेजले सारा प्राणीका अति नै सहन गाह्रो यस्ता संकटहरू सदाका लागि शान्त हुन्छन् । लोकपालहरू, मन्त्री सहित गणका ईश्वरहरू र नाना थरीका कोटिऔं यक्षहरूले रक्षा गर्नेछन् ।

महादेवी सरस्वती, नैरञ्जना वासिनी, भूतमाता हारीति, पृथ्वी देवी दृढा, ब्रह्मेन्द्र, देवेन्द्र, महावली नागेन्द्रहरू, किन्नरेश्वर, असुरेन्द्र, गरूडेन्द्रहरू सेना, वल र वाहन सहित त्यहाँ रहेर दिनरात विचलित नभईकन तिनीहरूलाई रक्षा गर्ने छन् । गम्भीर बुद्ध गोचर, सर्व बुद्धहरूको गुह्य, कोटी कल्पसम्ममा पनि पाउन गाह्रो यो सूत्र राम्रोसँग बताइन्छ ।

जसले यो सूत्रको श्रवण गर्छन् , अरूहरूलाई सुनाउछन् , यसको अनुमोदन गर्छन् र पूजा गर्छन् तिनीहरूलाई नाना थरीका देव, नाग, मनुष्य, किन्नर, असुर, यक्षहरूले कोटिऔं कल्पहरूसम्म पूजा गर्छन् । पुण्य नभएका प्राणीहरूमा अपार, असंख्य र अचिन्त्य मात्रामा पुण्य राशी जम्मा हुन्छ । दशै दिशाका सम्यक् संबुद्धहरू तथा गम्भीर चर्या गर्ने बोधिसत्वहरूले पनि राम्रोसँग ग्रहण गर्ने छन् । सुगन्धित स्वच्छ वस्त्र राम्रोसँग पहिरेर मैत्री चित्तमा स्थित भई अविचलित रूपमा पूजा गर्नु पर्छ । आफ्नो चित्त पनि विमल र खुला बनाउनु पर्छ तथा मनलाई अति नै स्वच्छ बनाई यो परम सूत्रको श्रवण गर्नु पर्छ ।

यो सूत्रको श्रवण गर्ने व्यक्तिहरूलाई मानिसहरूले स्वागत गर्छन् , उनीहरूको मानव जीवन सफल हुन्छ तथा राम्रो जिविकाबाट जीवन यापन हुन्छ । जसको कानमा यो सूत्रको व्याख्या गरिएको ध्वनि पर्छ त्यसको कुशल मूल परिपक्क हुन्छ र धेरै बुद्धहरूले प्रशंसा गर्छन् ।

सुवर्ण प्रभासोत्तम सूत्रेन्द्र राज अन्तर्गतको निदान परिवर्त नामक पहिलो अध्याय पूरा भयो ।

## दोस्रो अध्याय : तथागत आयु प्रमाण निर्देश परिवर्तः

पुनः त्यही समयमा राजगृहको महानगरमा रूचिरकेतु नामक बोधिसत्व महासत्व बस्नुहुन्थ्यो । उहाँले पहिलेका बुद्धहरूको सेवा गर्नु भएको थियो, कुशल मूल पैदा गर्नु भएको थियो, नियुत शत सहस्र कोटि बुद्धहरूको उपासना गर्नु भएको थियो । उहाँको मनमा यस्तो विचार आयो, "कुन हेतु र प्रत्ययहरूले गर्दा भगवान शाक्यमुनिको अस्सी वर्षको अल्पायु भएको होला ?"

त्यस्तै यस्तो पनि विचार आयो, "भगवानले पनि यस्तो बताउनु भएको थियो कि दुई हेतु र दुई प्रत्ययहरूबाट आयु लामो हुन्छ । ती दुई हुन् : प्राणी हत्याको त्याग र भोजन दान । भगवान शाक्यमुनिले नियुत शत सहस्र असंख्य कोटि कल्पहरूदेखि नै प्राणी हत्या त्यागेर दश कुशल कर्मको मार्गमा विशुद्ध रूपमा लाग्नु भएको छ । भोजन, वाहिरी र भित्री द्रव्यहरू प्राणीहरूलाई पूरै दिनु भएको थियो । अन्तमा आफ्नो शरीरको मासु, रगत, हाड र मासीद्वारा पनि प्राणीहरूको भोक मेटाउनु भएको थियो भने अरू भोजन को त के कुरा गर्नु ?"

त्यस पछि उक्त सत्पुरूषले बुद्धलाई मनमा लिएको र यस्तो सोचेको वेला उहाँको घर पनि विशाल तथा नीलो वैदूर्यले बनेको भयो । नाना देव रत्नहरूबाट जडित भयो । तथागतले रंग बदलिदिनु भयो र देवातीत धूपहरूद्वारा व्याप्त भयो । त्यस घरको चार दिशाहरूमा देव रत्नहरूले बनेका चार आसनहरू पैदा भए । ती आसनहरूमा देव पुष्प पद्म, नाना थरीका रत्नहरूबाट सुसज्जित भई तथागत रंग बदलेर पैदा हुनुभयो । ती चार पद्महरूमा चार भगवान बुद्धहरू पैदा हुनु भयो । पूर्व दिशामा अक्षोभ्य तथागत पैदा हुनु भयो भने दक्षिण दिशामा रत्नकेतु तथागत पैदा हुनु भयो । पश्चिम दिशामा अमिताभ तथागत पैदा हुनु भयो भने उत्तर दिशामा दुन्दुभिस्वर तथागत पैदा हुनु भयो । सिंहासनमा ती भगवान बुद्धहरू पैदा भएको वेलामा राजगृहको महानगरमा अत्यन्तै उज्यालोपन व्याप्त भयो । त्रिसाहस्र लोकधातुसम्म, दशै दिशाका समस्त लोकधातुसम्म, दशै दिशाका गंगा नदीका बालुवाका कण समान लोकधातुसम्म पनि उक्त प्रभा व्यक्त भयो । देव पुष्पहरूको वर्षा भयो । देव वाद्यहरू वज्न थाले । बुद्धको शक्ति (आनुभाव)ले त्रिसाहस्र महासाहस्र यो लोकधातुका सारा सत्वहरूले देव सुखबाट युक्त भई अपाङ्ग सत्वहरू पनि अङ्गहरूबाट युक्त भए । जन्मान्ध सत्वहरूले पनि आँखाले रूप देख्न थाले । बहिरा सत्वहरूले कानले आवाज सुन्न थाले। पागल सत्वहरूले स्मरण गर्न थाले । विचलित सत्वहरू स्मृतिवान भए । नाङ्गा सत्वहरू लुगाले ढाकिए । भोका सत्वहरूको पेट भरियो । तिर्खालु सत्वहरूको तिर्खा शान्त भयो । रोगी सत्वहरू रोगमुक्त भए । शरीरका विग्रिएका अङ्गहरू फेरि सग्ला भए । लोकमा आश्चर्यजनक अद्भुत धर्महरू अत्याधिक मात्रामा भए ।

त्यसपछि बोधिसत्व रूचिरकेतु ती भगवान बुद्धहरूलाई देखेर आश्चर्यचकित र अचम्भित भए । सन्तुष्ट भई आदर सहित अनुमोदित, हर्षित, प्रीति, सौमनस्यले युक्त भई ती भगवान बुद्धहरू भएको ठाउँमा गई हात जोडी आदरपूर्वक ती भगवान बुद्धहरूको अनुस्मृति गरे । भगवान शाक्यमुनिको गुण अनुस्मरण गरी भगवान शाक्यमुनिको आयु प्रमाणको विषयमा शंका गर्न थाले । "भगवान शाक्यमुनिको आयु अस्सी वर्ष मात्रको छोटो कसरी भयो होला ?" भन्ने सोचेर रहन लागे ।

ती भगवान बुद्धहरूले यो कुरा थाहा पाए जस्तो गरी बोधिसत्व रूचिरकेतुलाई यस्तो भने, "हे कुलपुत्र ! तिमीले यसरी भगवान शाक्यमुनिको आयु छोटो भयो भनेर नसोच । किनकि हे कुलपुत्र ! तथागत, अर्हत्, सम्यक् संबुद्धहरू बाहेकका देवलोक, मार, ब्रह्मा, श्रमण तथा ब्राह्मण जस्ता प्रजा, देव, मनुष्य, असुरमध्ये भगवान तथागत शाक्यमुनिको आयु प्रमाणको अन्त भेट्न सक्ने व्यक्ति हामीले कोही पनि देखेका छैनौं ।"

ती भगवान बुद्धहरूले तथागतको आयु प्रमाण बताउने वित्तिकै त्यही वेला बुद्धको सामर्थ्यले कामावचार तथा रूपावचार र देवलोकका देवपुत्रहरू, नाग, यक्ष, गन्धर्व, असुर, गरूड, किन्नर, महोरग लगायत नियुत शतसहस्र

कोटि बोधिसत्वहरू जम्मा भई बोधिसत्व रूचिरकेतुको घरमा आए । त्यसपछि ती तथागतहरूले सबै जम्मा भएको गणमा भगवान शाक्यमुनिको आयु प्रमाण गाथाहरूको रूपमा संक्षेपमा बताए ।

सारा सागरको पानीका थोपाहरू गन्न सकिएला तर शाक्यमुनिको आयु प्रमाण कसैले पनि गन्न सक्तैन ।

सारा सुमेरू पर्वतलाई सूक्ष्म परमाणु बनाउँदा गन्न सकिएला तर शाक्यमुनिको आयु प्रमाण कसैले पनि गन्न सक्तैन ।

पृथ्वीमा भएका सारा धुलिकणहरू गन्न सकिएला तर जिनको आयु प्रमाण कसैले पनि गन्न सक्तैन ।

यदि कसैले आकाशको नाप लिन चाहे लिन सक्ला तर शाक्यमुनिको आयु प्रमाण कसैले पनि गन्न सक्तैन ।

सम्यक् संबुद्ध रहने एक कल्प हो कि कोटि कल्प हो वा सय कल्प संख्या चाहिँ पाउन सकिन्न ।

किनकि यसका हेतु र प्रत्यय दुई छन् : पापयुक्त हिंशा त्याग र प्रशस्त भोजन दान ।

त्यसैले महात्मा उहाँको आयुको संख्या पाउन सकिन्न । एक कल्प हो कि असंख्य कल्प भन्ने शंका नलिउ ।

थोरै पनि शंका नगर, जिनको आयुको अन्त गनेर संभव छैन ।

त्यस समय त्यस परिषद्मा कौण्डिन्य नामक भविष्यवाणी गर्ने आचार्य कैयौं हजार ब्राह्मणहरू सहित आएर भगवानलाई पूजा गरेर तथागत महापरिनिर्वाणमा जानु हुन्छ भन्ने शब्द सुने पछि भगवानका दुवै पाउमा परेर भगवानसँग यसो भने -

"यदि भगवान सर्व सत्वप्रति दयालु, महाकारूणिक, हितैषी, सर्व सत्वका माता पिता समान, असमानतालाई पनि समान बनाउने, चन्द्र समान प्रकाश दिने वाला, प्रज्ञा र ज्ञानको महान सूर्य उदाएका समान हुनुहुन्छ भने तथा यदि तपाईं सर्व सत्वहरूलाई राहुल समान रूपमा हेर्नुहुन्छ भने मलाई एक वर प्रदान गर्नु होस् ।" भगवान केही नबोली बस्नु भयो ।

त्यसपछि बुद्धको सामर्थ्य (आनुभाव)द्वारा त्यस परिषद्को सर्व लोकप्रियदर्शन नामक एक लिच्छवी कुमारले प्रतिभा पैदा गरी आचार्य व्याकरण प्राप्त कौण्डिन्य ब्राह्मणलाई यसो भने - "हे महाब्राह्मण ! के तपाईं भगवानसँग एक वर माग्दै हुनुहुन्छ ? म तपाईंलाई एक वर दिन्छु ।"

ब्राह्मणले भने "हे लिच्छवी कुमार ! म भगवानको पूजा गर्नको लागि शरीर धातुको धुलो चाहन्छु । म भगवानको सर्स्यूं जत्रो शरीर धातु चाहन्छु । सर्स्यूं जत्रो शरीर धातुको पूजा गरेमा त्रायस्त्रिंश देवहरूको स्वामी भइन्छ भन्ने कुरा प्रख्यात छ । हे लिच्छवी कुमार ! सुवर्ण प्रभासोत्तम सूत्र सारा श्रावक र प्रत्येक बुद्धहरूले पनि बुझ्न गाह्रो र त्यस्ता लक्षण र गुणहरूले युक्त भएको सुवर्ण प्रभासोत्तम सूत्रको व्याख्यान हुँदैछ सुन । हे लिच्छवी कुमार ! सुवर्ण प्रभासोत्तम सूत्र बुझ्न र बोध गर्न गाह्रो भएकाले हामी सीमान्तको द्वीपमा बस्ने ब्राह्मणहरू जसको धारण गर्दा प्राणीहरू त्रायस्त्रिंशा देवलोकको स्वामित्व प्राप्त गर्छन् त्यस्तो सर्स्यूंको दाना जत्रो शरीर धातुलाई बाकस (करण्ड)मा राखेर पनि धारण गर्न मिल्छ ।

हे लिच्छवी कुमार ! तिमीले त्यस्तो सर्स्यूंको दाना जत्रो तथागतको शरीर धातु दिन्छौ ? जसलाई करण्डमा राखेर धारण गर्नाले सत्वहरू त्रायस्त्रिंश देवलोकको स्वामी बन्ने छन् , त्यस्तो प्राप्त गर्न तिमी चाहँदैनौ । हे लिच्छवी कुमार ! मैले त्यस्तो वर मागेको हुँ ।"

त्यसपछि लिच्छवी कुमार सर्वलोक प्रियदर्शनले आचार्य व्याकरणविद ब्राह्मण कौण्डन्यलाई गाथामा यसरी बताए -

जब गंगाको प्रवाहमा फूलहरू पैदा होलान् , काग रातो होलान् , कोइलीहरू शंख समान वर्णका होलान् , जामुनाको बोटमा ताडको फल फल्ला, खजुरको बोटमा आँपको पालुवा आउला, तब त्यस वेला सर्स्यूं जत्रो शरीर धातु व्यक्त होला ।

जब कछुवाको रौंबाट राम्रोसँग कपडा बनाएर हिउँदको जाडो हटाउन सकिएला, तब शरीर धातु हुनेछ ।

जब लामखुट्टेको खुट्टाबाट अति अग्लो घर बनेर दृढ र नहल्लिने बन्ला, त्यसवेला शरीर धातु हुनेछ ।

जब जुकाहरूको सेतो दाँत पलाएर तीखो र ठूलो हुन्छ त्यस वेला शरीर धातु हुनेछ ।

स्वर्गमा चढ्नका लागि खरायोको सिङ्बाट भऱ्याङ राम्रोसँग बनेमा त्यस वेला शरीर धातु हुनेछ ।

जब मुसाले त्यो भऱ्याङ चढेर चन्द्रमालाई खानेछ र राहुलाई पनि क्षति पुऱ्याउनेछ, त्यस वेला शरीर धातु हुनेछ ।

गाउँमा घुम्ने भिंगाहरूले घैंटाको रक्सी पिएर घरमा बस्न थाल्छन् , त्यस वेला शरीर धातु हुनेछ ।

जब गधा खुशी भएर विम्बफल जस्ता ओठ बनाई नाचगानमा निपूण हुन्छ, त्यस वेला शरीर धातु हुनेछ ।

जब उल्लु र काग परस्परमा मिलेर रमाउने छन् त्यस वेला शरीर धातु हुनेछ ।

पलाशका पातहरू रत्न त्रयको छाता बनेर वर्षाको पानीबाट बचाउन सक्नेछन् , त्यस वेला शरीर धातु हुनेछ।

जब सागरका जहाजहरू यन्त्र र पालहरू सहित मैदानमा आएर गुड्ने छन् , त्यस वेला शरीर धातु हुनेछ ।

जब उल्लु चराले गन्धमादन पर्वतलाई चुच्चोले बोकेर लैजानेछ, त्यस वेला शरीर धातु हुनेछ ।

आचार्य भविष्यवाणी कर्ता ब्राह्मण कौण्डिन्यले यस्ता गाथाहरू सुनेर लिच्छवी कुमार सर्वलोक प्रियदर्शनलाई गाथामा यस्तो उत्तर दिए -

अग्र कुमार, जिन पुत्र, महावक्ता, वीर, उपायमा कुशल, भविष्यवाणी गर्नमा उत्तम प्रति साधु, साधु ।

हे कुमार ! लोकनाथ, रक्षक तथागतको अचिन्त्य महिमा क्रम अनुसार मबाट सुन -

बुद्धको विषय अचिन्त्य छ, तथागतहरू अतुलनीय छन् । सारा बुद्धहरू सदा शान्त छन् , सारा बुद्ध सम्यक् छन् ।

सारा बुद्धहरूको वर्ण समान छ, यो बुद्धको धर्मता हो । भगवान कृत्रिम हुनुहुन्न, तथागत अनुत्पन्न हुनुहुन्छ ।

वज्रसमान सार कायबाट निर्मित कायहरू दर्शाउनु हुन्छ । महर्षिको सर्स्यूं मात्रको शरीर धातु पनि छैन ।

कायमा हाड र रगत नभएकाले कसरी शरीर धातु बन्ला त ? सत्वहरूको हितको लागि उपायले शरीर धातु राखिएको हो ।

सम्यक् संबुद्ध नै धर्मकाय हुन् , तथागत धर्मधातु हुन् । धर्म दर्शाएको त्यस्तो हो, भगवानको काय त्यस्तो हो।

मैले यस्तो सुनेर जानेर पनि तत्वको व्याकरण गर्न मात्र वर मागेको र यस्तो कुरा गरेको हुँ ।

त्यसपछि बत्तीस हजार देवपुत्रहरूले तथागतको आयु प्रमाणको बारेमा गम्भीर रूपमा दर्शाइएको यस्तो कुरा सुनेर सबैले अनुत्तर सम्यक् संबोधि चित्त उत्पन्न गरे । उनीहरूको चित्त अत्यन्त हर्षित भयो र एकै स्वरमा निम्न गाथाहरू भन्न लागे -

बुद्ध परिनिर्वाण हुँदैनन्, धर्मको पनि अस्त हुन्न । सत्वहरूलाई परिपाक गराउनको लागि परिनिर्वाण देखाएका हुन् ।

भगवान बुद्ध अचिन्त्य छन्, तथागतको काय नित्य छ । सत्वहरूको हितको लागि नाना व्यूहहरू दर्शाउनु हुन्छ।

त्यसपछि बोधिसत्व रूचिरकेतुले ती भगवान बुद्धहरू र ती दुई सत्पुरूषहरूबाट भगवान शाक्यमुनिको आयु प्रमाण दर्शाएको सुनेर सन्तुष्ट, आनन्दित, अनुमोदित, हर्षित, प्रमुदित, सौम्य र प्रीतिवान भई महा उदार भए । तथागतको आयु प्रमाण दर्शाएको र बताएको वेलामा असीमित र असंख्य सत्वहरूले अनुत्तर सम्यक् संबोधिचित्त पैदा गरे । ती तथागतहरू पनि अलप भए ।

सुवर्णप्रभासोत्तम सूत्रेन्द्र राज अन्तर्गत तथागत आयु प्रमाण निर्देश परिवर्त नामक दोश्रो अध्याय पूरा भयो ।

## तेस्रो अध्याय : स्वप्न परिवर्त

त्यसपछि बोधिसत्व रूचिरकेतु सुतेर निदाएको वेला सपनामा सूर्य मण्डल समान अत्यन्तै उज्यालो सुनको दुन्दुभि (नगरा) देखे । सबै दिशाहरूमा असंख्य, अगणित बुद्धहरू रत्न वृक्ष मुनि वैदूर्य रत्नको गद्दीमा सयौं हजारौं जनाको परिषद्ले घेरिएर बसी धर्म दर्शाएको देखे । ब्राह्मण रूपका केही व्यक्तिहरूले उक्त दुन्दुभि बजाएको देखे । त्यो दुन्दुभिको आवाजले दर्शाएका गाथाहरू पनि सुने ।

त्यसपछि बोधिसत्व रूचिरकेतु निद्राबाट व्यूँझने बित्तिकै दर्शाइएका गाथाहरू सम्झिए । ती गाथाहरू सम्झदै रात बिताए । राजगृहको महानगरबाट निस्केर हजारौं प्राणीहरूसँगै गृध्रकुट पर्वतमा विराजमान भगवान समक्ष गई उहाँको पाउमा शिरले वन्दना गरी भगवानलाई तीन पल्ट प्रदक्षिणा गरी एक ठाउँमा बसे ।

एक ठाउँमा बसेर बोधिसत्व रूचिरकेतुले भगवान बुद्ध तर्फ फर्केर हात जोडी सपनामा दुन्दुभिको आवाजले दर्शाउँदा सुनेका गाथाहरू बताए ।

सुवर्ण प्रभासोत्तम सूत्रेन्द्र राज अन्तर्गत स्वप्न परिवर्त नामक तेस्रो अध्याय पूरा भयो ।

## चौथो अध्याय : देशना परिवर्त

एक रात अविचलित रूपमा सुतेको वेला मैले सपनामा सुन्दर महादुन्दुभि देखें । सबै सुवर्णप्रभा निकालीरहेको, सूर्यजस्तै प्रज्वलित, अति चमकदार र दशै दिशा उज्यालो बनाइरहेको देखें । रत्न वृक्षको फेदमा वैडूर्य रत्नको आसनमा सयौं हजारौं नाना थरीका परिषद्ले घेरिएको बुद्धहरू बसेको देखें । एक ब्राह्मण रूपको व्यक्तिले महादुन्दुभि राम्रोसँग बजाएको देखें । त्यसलाई बजाउँदा यस्ता गाथाहरू निस्किए -

सुवर्णप्रभासोत्तम दुन्दुभि स्वरले यो त्रिसाहस्र लोकधातुका दुर्गतिका दुःख, यमको दुःख र गरीबीको दुःखहरू सारा शान्त होउन् । यो महादुन्दुभि स्वरले लोकका सारा मोह शान्त होउन् । जसरी निर्भय मुनीन्द्रको भय शान्त भएको थियो त्यसरी नै सत्वहरू पनि निर्भय भई भय मुक्त होउन् । जसरी संसारमा सर्वज्ञ मुनीन्द्र सारा आर्य गुणले युक्त हुनुभयो, त्यसरी नै प्रजाहरू समाधि र बोध्यङ्गका गुणहरूले युक्त भई गुण सागर बनुन् । यो महादुन्दुभि घोषले सारा सत्वहरू ब्रह्मघोषले युक्त बनुन् ।

वर अग्र बुद्ध बोधि प्राप्त गर्न सकुन् । कुशल धर्मचक्र प्रवर्तन होस् । अचिन्त्य कल्पसम्म रहेर जगतको हितको लागि धर्म दर्शाउनु होस् । क्लेश नाश गरी दुःख हटाउनु होस् । राग, द्वेष र मोह शान्त होउन् । दुर्गति भूमिमा रहेर कंकाल देहमा आगोले पोलेका प्राणीहरूले यो महादुन्दुभिघोष सुनुन् । ‘नमोक स्तु बुद्धाय’ नामक वाक्य सुन्न सकुन्।

सारा प्राणीहरूले सयौं, हजारौं र करोडौं जन्मको स्मरण गरून् । मुनीन्द्रलाई सदा सम्झन सकुन् । उनीहरूले विस्तृत रूपमा बुद्ध वचन सुन्न पाउन् । यो महादुन्दुभि घोषले सदा बुद्धहरूको सत्संग गराओस् । पाप कर्महरू पूरै त्याग गर्न सकुन् । कुशल कर्महरूको आचरण गर्न सकुन् । सारा मनुष्य, देव र प्राणीहरूका आकांक्षा र प्रणिधानहरू यो महा दुन्दुभि घोषले सारा पूर्ण गर्न सकोस् ।

घोर नरकमा जन्मेर शरीर पूरै आगोले बलीरहेका अनाथ र शोक ग्रस्त भई भौंतारिइ रहेका सत्वहरूको अग्नी शान्त होस् । नरक, प्रेत र मनुष्य लोकमा असह्य घोर दुःखहरूबाट पीडित सत्वहरूको सारा पीडाहरू यो महादुन्दुभि घोषले शान्त पारोस् । असुरक्षित, अनाश्रयी र शरणहीन तिनीहरूका त्राता, आश्रय दाता र उत्तम संरक्षक म बनुँ । द्विपदीमा उत्तम, कारूणिक चित्त युक्त दयालु, दशै दिशाका लोक धातुमा रहनु भएका बुद्धहरू मेरो ख्याल राख्नु होस् । मैले पहिले गरेका क्रुर पाप कर्महरू दश वलको अगाडि रहेर ती सबैको प्रायश्चित गर्छु ।

आमा बाबुको ग्रहण नगर्ने, बुद्धहरूको ग्रहण नगर्ने र कुशल कर्महरूको ग्रहण नगर्ने भएकाले मैले जे जति पापहरू धनको मादले मातेर कुल र सम्पत्तिको मादले, जवानीको मादले मातेर मैले पापहरू गरेको छु । नराम्रो सोचेको, नराम्रो बोलेको, नराम्रो गरेको कर्महरूलाई दोषी नदेखेकाले मैले जे जति पापहरू गरेको छु बाल बुद्धिमा पसेको छु , अज्ञानी अन्धकारको चित्तले पापी मित्रहरूको वशमा परेको, क्लेशहरूले चित्त क्षुब्ध भएको क्रीडा रतिको वशमा परेको, शोक र रोगको वशमा परेर सम्पत्तिको अतृप्तताको दोषले गर्दा मैले गरेका पापहरू अनार्य व्यक्तिको संगतबाट, ईर्श्या तथा कञ्जुस्याईंको कारणले छलेको तथा गरीबीको दोषले गर्दा मैले गरेका पापहरू व्यर्थ समयमा कामनाहरूको भयले गर्दा तथा ऐश्वर्यको कमीले मैले गरेका पापहरू धूर्त चित्तले त्यसको वशमा परेर, राग र द्वेषको वशमा परेर, भोक र प्यासले पीडित भई मैले गरेका पापहरू खाने, पिउने, लुगा लगाउने, स्त्री पाउने आदि तीव्र नाना क्लेशको वशमा परेर मैले गरेका पापहरू काय, वाक र चित्तका तीन पाप तथा दुराचारहरू जम्मा पारेका जस्ता जुन पाप कर्महरू मैले गरेको छु ती सबैको म देशना गर्दछु ।

बुद्धहरू, धर्महरू र श्रावकहरूलाई अनादर गरको म देशना गर्दछु । प्रत्येक बुद्धहरू र बोधिसत्वहरूलाई अनादर गरेकोमा म देशना गर्छु । सद्धर्म बताउनेहरूलाई अनादर गरेको तथा धर्मलाई पनि अनादर गरेको सबै म

देशना गर्छु। मैले सदा नजानेर सद्धर्म त्यागेको तथा माता पितालाई अनादर गरेको सबै म देशना गर्छु। मुर्खताले; वालापनले; राग, द्वेष, मोह र मान जस्ता आवरणले ढाकिएर गरेका सारा कर्महरूको म देशना गर्छु।

म दशै दिशाका लोकधातुमा रहेका दश वलहरूको पूजा गर्छु । म दशै दिशाका सत्वहरूलाई सारा दु:खहरूबाट उद्धार गर्छु। अचिन्त्य मात्रामा सारा सत्वहरूलाई दश भूमिमा स्थापित गर्छु। दश भूमिमा रहेर पनि सबै तथागत बनुन्। जबसम्म दु:ख सागरबाट तिनीहरू सबैलाई तार्न नसकेसम्म हरेक प्राणीको लागि कोटिऔं कल्पसम्म चर्या गर्न सकुँ सारा कर्महरू शोधन गर्ने सुवर्णप्रभासोत्तम नामक यो गम्भीर वचन ती सत्वहरूलाई दर्शाउने छु। जसले हजारौं कल्पसम्म अत्यन्तै अभद्र पापहरू गरेको छ उसले एक पल्ट देशन गरेमा ती सबै शोधन हुने छन्। जसले कर्म आवरणहरू शीघ्र नै रित्याउन चाहन्छ उसले सुवर्णप्रभासोत्तम श्रवण गर्नु पर्छ। यी देशनाहरू यसरी गरे पछि उत्तम रत्नसंभवको दश भूमिमा स्थापित गर्नेछु। बुद्ध गुणहरू देखाएर भवसागरबाट तार्नेछु।

बुद्ध सागर, गम्भीर गुण सागर र अचिन्त्य बुद्ध गुणद्वारा सर्वज्ञता पूर्ण गर्नेछु । सयौं हजारौं समाधिहरू, अचिन्त्य धारणीहरू, इन्द्रिय तथा बल जस्ता बोध्यङ्गद्वारा श्रेष्ठ दश बल बन्न सकुँ । ध्यानयुक्त चित्तद्वारा बुद्धहरूले मलाई राम्रोसँग हेरून्। करूणामय चित्तले गर्दा मैले पाप गरे पनि ग्रहण गर्नु होस्। मैले सयौं कल्पसम्म पहिले गरेका पापहरूले गर्दा मेरो मन शोकमा डुबेको छ, आपत र शोकको भयले पीडित छ पाप कर्म गरेकोमा भयभीत छु, मन सधैं हीन भईरहन्छ। जे जस्तो आचरण गरेको छु, मैले जे गरेको भए पनि सबै बुद्धहरू कारूणिक हुनुहुन्छ र उहाँहरूले सारा जगतको भय हटाउने भएकाले दोष भएको मलाई राम्रोसँग ग्रहण गर्नुहोस्। भयहरूबाट मलाई मुक्त गराउनु होस्। मेरा क्लेश र कर्महरूको मल तथागतहरूले हटाउनु होस्। बुद्धहरूले मलाई करूणा जलले स्नान गराउनु होस्। सारा पापहरू गरेकोमा प्रायश्चित्त गर्छु। पहिले मैले गरिसकेका कर्म र अहिलेका पापहरू सबैको म देशन गर्छु। गरिसकेका पापका सारा कर्महरू फेरि गर्दिन भनी संवर लिन्छु। मैले गरेका जति पनि पापहरू छन् तिनीहरू लुकाउँदिन।

कायका तीनवटा, वाकका चारवटा र चित्तका तीनवटा सबैको म देशना गर्छु। जीउले गरेका कर्म, बोलीका कर्म र मनका सोचाई र दश अकुशल कर्महरू सबैको देशन गर्छु। दश अकुशल कर्महरू त्यागेर दश कुशल कर्महरू गरी दश भूमिमा आफूलाई राख्छु, दश उत्तम वलहरूमा वदल्छु। मैले गरेका अकुशल कर्महरूबाट नचाहेको फल प्राप्त भएकोमा बुद्धहरूको समक्ष ती सबैको देशन गर्छु। यो जम्बुद्वीप र अन्य लोकधातुहरूमा जति पनि कुशल कर्म भएका छन् ती सबैको अनुमोदन गर्छु। मैले काय, वाक र चित्तबाट जति पनि पुण्य कर्म गरेको छु, त्यो कुशल मूलबाट वर बोधि प्राप्त होस्।

भवमा पीडित तथा वाल बुद्धि भएका प्राणीहरूले जति पनि घोर र असह्य पापहरू गरेका छन् , अनुपम दश वलको समक्ष गएमा ती हरेक पापहरूको प्रायश्चित्त हुन्छ। जन्मको संकट, भव संकट, लोकको संकट, छली चित्तको संकट, काय चर्याको संकट जस्ता नाना संकटहरूले गर्दा मैले जति पापहरू गरेको छु, तिनीहरूको देशन गर्छु।

वालापन संकट, मूर्खता संकट, क्लेश संकट, पापी मित्रसँग भेटेको संकट, भव संकट, राग संकट, द्वेष संकट, मोह संकट, वेफुर्सदी संकट, कालको संकट, पुण्य साधन गर्दाको संकटले गर्दा म अतुल्य जिन समक्ष ती सबै पापहरू हरेकको प्रायश्चित्त गर्छु।

सुनौला वर्ण युक्त सुमेरू समान तथा गुणका सागर बुद्धको वन्दना गर्छु। ती बुद्धहरूको शरणमा जान्छु। ती सम्पूर्ण बुद्धहरूलाई शिरले वन्दना गर्छु। सुनौला वर्ण, विमल सुवर्ण, सुवर्णप्रभा, विमल वैदूर्यको अङ्गको आँखा भएका, बुद्ध सूर्य श्री तेज कीर्ति ज्वालाका श्रोत हुन्। करूणाको रश्मीले घोर अन्धकार हटाएका, अङ्गहरू अत्यन्त विमल भएका, अति भद्र, सुन्दर, बुद्ध सूर्य, विमल अङ्ग भएका, सुवर्ण समानबाट व्याप्त भएका, क्लेशको आगोले पोलिएर पीडित भएका मनको तापको अग्नी भएकालाई मुनिको चन्द्र रश्मीले सन्तुष्ट पार्छ।

वत्तीस उत्तम लक्षणहरूद्वारा इन्द्रिय र अङ्ग सुन्दर भएका, अनुव्यञ्जनहरूले अङ्गहरू समान बनाएका, श्री पुण्य तेज ज्वालाको प्रकाश जालद्वारा त्रिलोकको अन्धकार सूर्यले जसरी नै हटाउँछन्।

विमल वर्ण, विशाल र विचित्र वर्णको वैडूर्य जस्तो, अरूण जस्तो रातो र चाँदि वा स्फटिक जस्तो वर्णको रातो अङ्ग भएको नाना प्रकाश जालले अलंकृत भएकाले महामुनि तपाईं सूर्य जस्तै सुन्दर हुनुहुन्छ। शोकले आकुल मृत्यु नदी तार्ने अधिष्ठान युक्त वीर हुनुहुन्छ। संसारको महानदीमा व्यर्थमा खसेर दुःखको सागरमा डुबेकाहरू प्रति सुगत तपाईंले धेरै सूर्यको रश्मीद्वारा सागर सुकाउनु हुन्छ। अङ्गहरू सुन जस्तै ज्वलित छन् , ज्ञानको श्रोत, त्रिलोकमा उत्तम सुन्दर चिन्हहरूले अङ्गहरू सुशोभित छन्। त्यस्ता सुवर्ण ज्वलित काय भएका बुद्धलाई वन्दना गर्दछु।

जसरी समुद्रको पानी नाप्न सकिन्न, पृथ्वीको धुलाका कणहरू गन्न सकिन्न, सुमेरू पर्वतका ढुङ्गाको संख्या गन्न सकिन्न, आकाशको अन्त पत्ता लगाउन सकिन्न, त्यसरी नै बुद्धका गुणहरू पनि अपार भएकाले सारा सत्वहरूले पनि जान्न सक्तैनन्। अनेकौं कल्पसम्म चिन्तन गरे पनि गुणहरूको अन्त थाहा पाउन सकिन्न।

सागरको पानी केशको टुप्पो जतिको मात्राले सुमेरूका ढुङ्गा र सागरको पानी कल्पौं लगाएर जान्न सकिएला तर बुद्धका गुणहरूको अन्त जान्न सकिन्न। गुण, वर्ण, यश, कीर्ति, कुशल चिन्हहरूबाट अलंकृत काय, अस्सी अनुव्यञ्जनले अलंकृत बुद्ध जस्तै सबै प्राणीहरू बनुन्। मेरा यी कुशल कर्महरूले गर्दा लोकमा शिघ्र नै बुद्धत्व प्राप्त गर्न सकुँ। जगतको हितको लागि धर्म पनि दर्शाउँ। धेरै दुःखहरूले पीडित सत्वहरूलाई मुक्त गराउँ। वलले युक्त भई सैन्यहरू सहितका मारहरूलाई जितुँ। शुभ धर्मचक्र प्रवर्तन गरूँ। अचिन्त्य कल्पहरूसम्म सहन सकुँ। अमृत जलले सत्वहरू सन्तुष्ट पार्न सकुँ। जसरी अगाडिका जिनहरूले षड्पारमिता पूरा गरेका थिए, त्यसरी नै म पनि पूरा गर्न सकुँ। क्लेशहरू नष्ट गरी दुःखहरू हटाउन सकुँ। राग, द्वेष, मोह शान्त पार्न सकुँ। सयौं, हजारौं जन्महरू सदा सम्झन सकुँ। मुनीन्द्रलाई सदा सम्झन सकुँ। उहाँका वाणी विस्तार रूपमा सुन्न सकुँ।

मेरा यी कुशल कर्महरूले गर्दा सदा बुद्धको सङ्गत गर्न पाउँ। पाप कर्महरू पूरै त्याग्न सकुँ। कुशल कर्मका श्रोत शुभ कर्महरू सहितको आचरण गर्न सकुँ। लोकमा सर्व क्षेत्रका सबै प्राणीहरूका सबै दुःखहरू शान्त होउन्। सबै अपाङ्ग, अङ्ग विग्रेका सत्वहरूको अङ्गहरू पूरा होउन्। रोगले पीडित दुर्वल र क्षीण शरीर भएका दशै दिशाका अनाथहरू सबै चाडै रोगबाट मुक्त होउन्। आरोग्य, वल र इन्द्रिय प्राप्त होउन्। राजा र चोरबाट भयभीत भएका पारिने र मारिने जस्ता सयौं विविध दुःखले व्यर्थ त पारिएका पीडित सारा सत्वहरू सयौं दुःखहरू, भयहरू र चिन्ताहरूबाट मुक्त होउन्।

कुटिने, बाँधिने जस्ता दुःखहरूले व्यथित हजारौं कष्टहरूबाट सताइएका, नाना भय र शोक भएका ती सबै वन्धनहरूबाट मुक्त होउन्। कुटिएकाहरू कुटाईबाट मुक्त होउन्। मारिएकाहरू प्राणले युक्त होउन्। व्यथितहरू सबै निर्भय होउन्। भोक र प्यासबाट पीडितहरूले नाना भोज्य तथा पेय कुरा पाउन्। अन्धाहरूले नाना रूपहरू देख्न सकुन्। वहिराहरूले मनोरम आवाजहरू सुन्न सकुन्। नाङ्गाहरूले नाना थरीका लुगाहरू पाउन्। गरीब सत्वहरूले निधिहरू पाउन्। प्रशस्त मात्रामा नाना थरीका मणि र रत्नहरू पाएर सारा सत्वहरू सुखी होउन्। दुःखबाट पीडितहरूमा पीडा नहोस्। सारा सत्वहरू सुदर्शन, रूपवान र सुन्दर भई नियमपूर्वक रहुन्। सदा नाना थरी सुखहरूबाट पूर्ण होउन्। मनले भोजन, पेय पदार्थ, वैभव, पुण्य चिताउन पाइयोस्। वीणा, दुन्दुभि, डमरू, मृदङ्गको सुमधुर ध्वनि तथा झर्ना, तलाउ, पोखरीमा सुवर्ण पद्म, उत्पल, पद्महरू सोच्ने वित्तिकै पाइयोस्। भोजन, पेय पदार्थ, लुगा, धन, मोती, मणि, अलंकार, सुवर्ण, नाना रत्न र वैदूर्य पनि चिताउने वित्तिकै पाइयोस्। लोकमा कँही पनि दुःखको शब्द नसुनियोस्। एउटै सत्वको पनि प्रतिकूलता देख्नु नपरोस्। तिनीहरू सबै उदार वर्णका र परस्परमा मिलनसार बनुन्।

मानवलोक सम्पन्न बनोस् । जहाँ चिताए पनि जन्मन पाइयोस् । सारा कामनाहरू चिताउने वित्तिकै पुण्य फलको रूपमा परिपूर्ण होउन् । धूप, माला, विलेपन, चूर्ण, वस्त्र, नाना फूलहरूको कल्प वृक्षबाट तीनै कालमा वर्षा भई रहोस् । सत्वहरूले तिनीहरूलाई लिएर हर्षित बनुन् ।

अचिन्त्य मात्राका सारा तथागतहरू, संबोधि सत्वहरू, श्रावक तथा विरज, निर्मल दृढ धर्मलाई दशै दिशाहरूमा पूजा गर्न सकियोस् । सारा अपाय गतिहरू त्याग्न सकियोस् । आठ अक्षणहरूबाट पार हुन सकियोस् । उत्तम जिन अवस्था प्राप्त होस् । सदा बुद्धको सङ्गत प्राप्त होस् । सदा उच्च कुलमा जन्म होस् । धन धान्यको भण्डारहरू प्राप्त होउन् । यश, कीर्ति, रूप, वर्णद्वारा कल्पौंसम्म अलंकृत भइयोस् । सारा स्त्रीहरू सदा पुरूष भएर शूर, वीर, विज्ञ र पण्डित बनुन् । तिनीहरू सबै सदा बोधिको लागि चर्या गरून् । षड्पारमिताको चर्या गर्न सकुन् । दशै दिशाका रत्न जडित वृक्षराज मुनि वैदूर्य रत्नले बनेको आसनमा बुद्धहरू देखियुन् । उहाँहरूले दर्शाइएको धर्महरू पनि सुन्न पाईयोस् ।

मैले पाप कर्महरू गरेर भएको भवको संकट पहिले आफैंले गरेको पापहरूबाट आएका अनिच्छित फलहरू सबै रित्तिउन् । भवमा बाँधिएका, संसार पाशको डोरीले कसिएका सत्वहरू प्रज्ञारूपी हातद्वारा वन्धन मुक्त बनुन् । दुःखहरूबाट शीघ्र नै मुक्त हुन सकुँ ।

यो जम्बुद्वीप र अन्य लोकधातुका सत्वहरूले गरेका नाना गम्भीर पुण्य कार्यहरू सबैको अनुमोदन गर्छु । काय, वाक, चित्तबाट मैले अनुमोदन गरेका पुण्यबाट मैले प्रणिधान गरेको फल प्राप्त होस् । विरज अनुत्तर बोधि प्राप्त होस् । जसले सधैं निर्मल, स्वच्छ चित्तले वन्दना, स्तूति, परिणामना वाचन गर्छ उसले साठी कल्पसम्म दुर्गति त्याग्छ ।

यी श्लोकहरू पाठ गर्ने पुरूष, स्त्री, ब्राह्मण, क्षत्रीले हात जोडेर बसी जिनको स्तूति गरेमा सबै जन्मको कुरा सम्झने छन् । शरीर सबै अङ्ग र इन्द्रियबाट अलंकृत हुनेछ । नाना पुण्य र गुणले युक्त भइन्छ । नरेन्द्र राजाले सदा पूजा गर्नेछन् । यत्र तत्र यस्तो भइरहन्छ । जसको कानमा यो देशन पर्छ उसले एक दुई, चार, पाँच, दश बुद्धसँग सुनेको पुण्य पाएको नभई हजारौं बुद्ध अगाडि कुशल कर्म गरेको हुन्छ ।

सुवर्ण प्रभासोत्तम सूत्रेन्द्र राज अन्तर्गत देशन परिवर्त नामक चौथो अध्याय पूरा भयो ।

(आर्य सुवर्ण प्रभासोत्तम सूत्रेन्द्र राज नामक महायान सूत्र अन्तर्गत दोश्रो काण्ड)

## पाँचौ अध्याय : कमलाकर सर्व तथागतस्तव परिवर्त

त्यसपछि भगवानले कुलदेवी बोधिसत्व समुच्चयालाई यसो भन्नु भयो – हे कुलदेवी ! त्यही वेला र त्यही कालमा सुवर्ण भुजेन्द्र नामक एक राजा थिए । उनले यो कमलाकर नामक सर्व तथागत स्तूतिले विगत, भविष्य र वर्तमानका भगवान बुद्धहरूको स्तूति गरे ।

पहिले भएका र हाल दशै दिशाका लोकमा रहेका जिनहरूलाई प्रणाम गर्छु । ती सबै जिनहरूको म स्तूति गर्छु ।

शान्त, प्रशान्त र विशुद्ध मुनीन्द्रको काय सुवर्ण वर्ण झैं उज्यालो छ । घोषहरूमध्ये सबैमा बुद्ध घोष सुमधुर छ । ब्रह्माको ध्वनि र घोषको रूपमा गर्जित स्वर छ । उहाँको केश भँवरा, मयुर, नील उत्पल जस्तो र घुम्रिएका छन्। उहाँका दाँत हिउँ र शंख जस्ता अति सेता छन्, सदा सुन झैं टल्की रहेका छन् । आँखा लाम्चिला, नीला, निर्मल, नील उत्पल झैं विकसित छन् । जिव्रो, ठूलो, राम्रो, पद्म वर्णको, पद्म जस्तै उज्यालो र पद्मको दल जस्तै छ । मुहारको उर्ण पद्म र शंख जस्तै छ भने वैदूर्य वर्णको दायाँवर्त छ । सूक्ष्म चन्द्र वा क्षीण चन्द्र जस्तो सुन्दर मुनिको काय छ । शरीरको नाभि स्पष्ट भ्रमर जस्तै छ ।

उच्च मुहारको नाक सदा उन्नत, नरम र सुन जस्तो राम्रो रङ्गको छ । सदा सबै जिनको उत्तम रस नरम, उत्तम, वर र उच्च छ । उहाँका रौंहरू निस्कने वित्तिकै दायाँवर्त घुम्छन् । हरेक रौंका लागि अलग प्वाल छन् । चम्किलो, नीलो, प्रज्वलित उहाँको जटा मयुरको घाँटी जस्तै नील र सुन्दर छ ।

जन्मने वित्तिकै शरीरबाट प्रकाश निस्कन्छ र दशै दिशाका लोकधातुहरूमा भरिन्छ । तिनवटै लोकका दुःखहरू शान्त हुन्छन् । सम्पूर्ण सुखहरूबाट सत्वहरू सन्तुष्ट हुन्छन् । नरक गति, प्रेत गति, पशु गति, देव र मनुष्य गतिहरूका सारा सत्वहरू सुखले सन्तुष्ट भए । दुर्गतिहरू सबै शान्त भए ।

उहाँको वर्ण प्रकाशित सुन जस्तै राम्रो छ । शुद्ध सुन झैं अति उज्ज्वल काय छ । अति निर्मल मुहार छ, मुस्काई रहेको अति सुन्दर मुहार छ । उहाँका शरीरका अङ्गहरू नवजात शिशु झैं नरम छन् । सिंहको झैं उत्तम चाल छ । लामा, अति लामा हात हावाले हल्लाएको सालको रूखमा लागेका लहरा जस्तै छन् । हजारौं सूर्य झैं उज्ज्वल प्रज्वलित किरण एक योजनसम्म फैलिएको छ ।

मुनीन्द्रको उत्तम काय निर्मल छ । अनन्त क्षेत्रहरू सबैलाई प्रकाशित गरेको छ । बुद्धको प्रभा विरोचन भएकाले सयौं, हजारौं लोकहरूलाई उज्यालो पार्ने धेरै सूर्य र चन्द्रहरू सबै निस्तेज हुन्छन् । बुद्ध सूर्य लोकका दीपक हुन् । सयौं, हजारौं बुद्ध - सूर्यहरूलाई अनन्त सयौं, हजारौं क्षेत्रहरूमा तथागत सूर्यहरूलाई सत्वहरूले देखुन् ।

हजारौं सयौं पुण्य भएको काय, सारा गुणहरूले पूरै अलंकृत काय छ । गजेन्द्रको सुँड जस्ता जिनका बाहु हुन्छन् । हात र पाउ प्रज्वलित, सुन्दर र निर्मल छन् ।

पृथ्वीको रजकण जति नै विगतमा बुद्धहरू भए । भविष्यमा सूक्ष्म रजकण जति नै बुद्ध हुने छन् र अहिले पनि त्यति नै छन् । ती सबै जिनहरूलाई स्वच्छ वचन, मन र जीउले फूलहरू, धूपहरू, सयौं स्तूतिहरू चढाउँछु र कुशल मन लिएर प्रणाम गर्छु ।

जिनहरूका कुशल गुणहरू सारभूत, उत्तम, श्रेष्ठ र नाना थरीका छन् । मैले सय जिव्राहरूले हजार कल्पसम्म बुद्धका गुणहरू देखाए पनि बताएर सक्दिन । एउटै जिनका गुणहरू पनि हजार जिव्राहरूले अलिकति पनि

बताउन सक्दैनन् भने मैले सबै जिनहरूका गुणहरू सय जिव्राहरूले बताएर पनि कसरी सकुँला । देव सहितका सारा लोकहरूलाई सागरमा बदलेर भवाग्रसम्म पानीले भरेर केशले टुप्पोले त्यो पानी नाप्न संभव होला तर सुगतहरूको एउटै गुण पनि मापन गर्न सकिन्न ।

काय, वाक र प्रसन्न मनले सर्व जिनहरूलाई मैले प्रशंसा गरेको स्तुतिद्वारा मैले जम्मा गरेको उत्तम पुण्य फलद्वारा सत्वहरू जिन अवस्थामा पुगुन् ।

यसरी राजाले बुद्धहरूको स्तुति गरेपछि यस्तो प्रणिधान गरे – पछि अनन्त कल्पसम्म पनि जहाँ जहाँ जन्म हुन्छ, ती जन्महरूमा सपनामा यस्तै दुन्दुभि देखेर त्यहाँ पनि यस्तै देशन सुन्न पाउँ । यस्तो कमलाकर जिन स्तुति ती हरेक जन्ममा भेट्न सकुँ । अनन्त, अनुपम, बुद्ध गुणहरू जुन हजारौं कल्पमा पाउन गाह्रो छन् , तिनीहरूलाई सपनामा सुन्न सकुँ र दिनमा तिनीहरू बताउन पाउँ । सत्वहरू दुःख सागरबाट तरून् । षड्पारमिताहरू पूर्ण होउन् । पछि अनुत्तर बोधि प्राप्त होस् । मेरो क्षेत्र दृढ बनोस् । भेरि (दुन्दुभि) बाजा चढाएको विपाक फल र सर्व जिनलाई बारम्बार स्तुति गरेको हेतुले शाक्यमुनिलाई प्रत्यक्ष रूपमा देख्न सकुँ । त्यहाँ मैले भविष्यवाणी प्राप्त गर्न सकुँ । कनक भुजेन्द्र र कनक प्रभास्वर नामक मेरा दुई पुत्रहरूले पनि त्यहीँ अनुत्तर बोधिको भविष्यवाणी प्राप्त गर्न सकुन् । स्थान - आधार नभएका, असहाय, व्यथित भएका सत्वहरूले पनि भविष्यमा तिनीहरूको त्राता, शरण र आधार वन्न सकुँ । दुःख र दुःखको कारण रित्तिउन् । सारा कुशलको श्रोत बन्न सकुँ । बितेका कल्प जति छन् त्यति नै भविष्यका कल्पहरू पछि सम्म बोधिचर्या गर्न सकुँ ।

सुवर्ण प्रभासोत्तमको यो देशनद्वारा मेरो पापको समुद्र सुकोस् । मेरो कर्मको सागर रित्तिओस् । मेरो क्लेशको समुद्र रित्तियोस् । मेरो पुण्यको समुद्र पूर्ण होस् । विमल ज्ञान प्रभास वलद्वारा मेरो ज्ञानको समुद्र निर्मल भई सर्व गुणको सागर बनोस् । बोधिगुणरत्न पूर्ण होस् ।

सुवर्ण प्रभासोत्तमको देशन वलले मेरो पुण्य प्रकाशित होस् । मेरो बोधिको आभास विशुद्ध होस् । विमल ज्ञानको उत्तम आभासले मेरो कायको प्रभा प्रकाशित होस् । पुण्य प्रभासलाई विरोचित बनाउनको लागि तिनै लोकमा विशिष्ट बन्न सकुँ । पुण्य वलले सदा युक्त हुन सकुँ । दुःख समुद्रबाट मुक्त भई सर्वसुखको सागर सम्पन्न भएर भविष्यका कल्पहरूमा बोधिचर्या गरूँ । तीन लोकमा पहिले जति जिनहरू भए ती सबैको क्षेत्रका अपार गुणहरू जति विशिष्ट छन् त्यति नै अनन्त गुणहरू भएको मेरो क्षेत्र भविष्यमा त्यस्तै बनोस् ।

सुवर्ण प्रभासोत्तम सूत्रेन्द्र राज अन्तर्गत भूत, भविष्य र वर्तमानका सर्व तथागतको स्तुति गरिएको कमलाकर सर्व तथातगस्तव परिवर्त नामक पाँचौ अध्याय पूरा भयो ।

## छैठौं अध्याय : शून्यता परिवर्त

त्यसपछि भगवानले त्यही वेला यस्ता गाथाहरू बताउनु भयो – अचिन्त्य मात्राका अन्य सूत्रहरूमा शून्य धर्महरूको विषयमा विस्तारमा बताइ सकेको हुनाले यो उत्तम सत सूत्रमा शून्य धर्महरूको बारेमा संक्षेपमा मात्र बताइन्छ । अल्प बुद्धि भएका सत्वहरूले राम्रोसँग नबुझ्ने भएकाले सबै धर्महरूलाई बुझ्न सक्तैनन् । त्यसैले यो उत्तम सत् सूत्रमा शून्य धर्महरूको बारेमा संक्षेपमा मात्र बताइन्छ ।

सर्व सत्वहरूले कसरी बुझ्छन् भनेर सत्वहरूको लागि करूणाको कारणले अन्य उपाय, विधि र कारणहरूबाट यो उत्तम सत् सूत्रेन्द्रमा यस्तो बताइन्छ । यो शरीर शून्य ग्राम जस्तो हो, इन्द्रियहरू सेना र चोर जस्ता हुन् । तिनीहरू सबै एकै ग्राममा रहे पनि एक आपसलाई जान्दैनन् ।

चक्षु इन्द्रिय रूपको पछि दौडन्छ । श्रोत्रेन्द्रिय शब्दको विचार गर्छ । घ्राण इन्द्रिय नाना थरीका गन्धहरूमा हराउँछ । जिह्वा इन्द्रिय सदा रसतर्फ दौडन्छ । कायेन्द्रिय स्पर्शहरूमा दौडन्छ । मन इन्द्रिय धर्महरूको विचार गर्दछ । यी षड् इन्द्रियहरू परस्परमा आ-आफ्ना विषयहरूमा प्रवेश गर्छन् ।

चित्त माया जाल झैं चंचल छ । षड् इन्द्रियहरू विषयहरूको विचार गर्छन् । जसरी एउटा मान्छे शून्य ग्राममा दौडँदा सैन्य र चोरहरूसँग रहन्छ त्यसरी नै मन पनि षड् विषयहरूसँगै रहेर इन्द्रियहरूका विचरण विषयहरूलाई राम्रोसँग जान्दछ । ती हुन् : रूप, शब्द, गन्ध, रस, स्पर्श र धर्म गोचर । मन चाहिँ सबै षड् इन्द्रियहरू इन्द्रियको रूपमा प्रवेश गरी चरा झैं चंचल बन्छ । चित्त जुन इन्द्रियमा रहन्छ त्यसैलाई जान्दछ ।

शरीर निश्चल निस्क्रिय, निस्सार तथा प्रत्ययहरूबाट पैदा भएको छ । अभूत कल्पनाबाट पैदा भएको छ शून्य ग्राम र कर्म यंत्र जस्तै रहेको छ । पृथ्वी, अग्नी, जल र वायुहरू अलग अलग रूपमा दिशा, दिशामा रहन्छन् । सर्पहरूलाई एउटै ठाउँमा राख्दा परस्परमा नमिले जस्तै धातु रूपी चार सर्पहरू पनि त्यसै गर्छन् । दुई वटा माथि जान्छन् भने दुई वटा तल जान्छन् । दिशा र विदिशाहरूमा दुई दुई वटा गएर ती सबै धातु सर्पहरू नष्ट हुन्छन् । पृथ्वी सर्प र जल सर्प दुई वटा तलतिर गएर सिद्धिन्छन् । अग्नी सर्प र वायु सर्पहरू दुई वटा चाहिँ माथिको आकाशमा जान्छन् ।

पहिले गरेका कर्महरूले गर्दा चित्त र विज्ञान चलायमान भई देव, मनुष्य र तीन अपाय गतिहरूमा गई पूर्व कर्महरू अनुसार जन्मन्छन् । कफ, बात र पित्तको क्षय भए पछि शरीर मल मूत्रले भरिन्छ । कुरूप कीराहरूको थुप्रो बन्छ । मसानमा फालिएको काठ जस्तै हुन्छ ।

हे देवी ! यी धर्महरूलाई हेर । यहाँका सत्वहरू, पुद्गलहरू तथा यी धर्महरू सबै शून्य हुन् । अविद्याको कारणले भएका हुन् । यी महाभूतहरूमा महान अनुत्पन्नता छ । अभूतबाट आएका पनि हैनन् । अभूतबाट भएका भूत भएकाले मैले महाभूत भनेको हुँ । विद्यमान छैनन् । अविद्यमान पनि अविद्याको कारणले भएका हुन् । यो अविद्या पनि विद्यमान नभएकाले मैले यसलाई अविद्या भनी बताएको हुँ ।

संस्कार, विज्ञान, नाम-रूप, षडायतन, स्पर्श, वेदना, तृष्णा, उपादान, भव, जाति, जरा-मरण-शोक-उपद्रवहरू, संसारका अचिन्त्य दुःखहरू, संसार चक्रको स्थिति अभूतबाट भएका हुन् । ती अभूत र नियम अनुसार नभएको चित्तले विचार गर्दा आत्म दृष्टि भएकोलाई काट्नु पर्छ ।

ज्ञान खड्गले क्लेशको जालोलाई काटेर मुक्त गराउ । स्कन्धको स्थानलाई शून्य बनाएर हेर । बोधिका विस्तृत गुणको स्पर्श गर । मैले अमृत नगरको द्वार खोलेको छु । अमृतपुरको भाँडो पूरै देखाएको छु । म उक्त अमृत नगरको स्थानमा प्रवेश गरेको छु । मैले अमृतपुरको रस लिएर आफूलाई सन्तुष्ट पारेको छु । मैले सद्धर्म दुन्दुभि

बजाएको छु । मैले धर्मको उत्तम शंख पनि बजाएको छु । मैले धर्मको उत्तम दीप बालेको छु । मैले सद्धर्मको वर्षा गराएको छु ।

मैले क्लेश शत्रु जितेको छु । मैले सद्धर्मको ध्वजा उठाएको छु । भवसागरबाट सत्वहरूलाई राम्ररी तारेको छु। मैले तीन दुर्गतिका मार्गहरू रोकेको छु । सत्वहरू क्लेशको आगोले पोलिएका छन् । बेसहारा र अनाथ तिनीहरूको क्लेशको आगो शान्त पारेर अमृतको शीतल रसले सन्तुष्ट बनाएको छु । मैले पहिले अनेकौं कल्पसम्म अचिन्त्य मात्राका नायकहरूको पूजा गरेको छु । धर्मकायको पूरा खोज गरेर दृढ व्रतद्वारा बोधिचर्या गरेको छु ।

हात, आँखा, पाउ, उत्तम अङ्गहरू, प्रिय पुत्र तथा पुत्री, धन, मणि, मोतिका अलंकार, सुन, वैडूर्य र नाना रत्नहरूको दान गरेको छु । त्रिसाहस्रका सारा वृक्षहरू, सारा घाँसहरू, वनहरू र पृथ्वीमा उम्रेका सारा वनस्पतिहरू काटेर ती सबैलाई पिसेर अति सूक्ष्म कण बनाई आकाश मण्डल जति नै फैलेको धुलोको थुप्रो लगाए पछि पृथ्वीमा भएको सारा त्रिसाहस्र लोकको अचिन्त्य मात्राका धुलिकण समान सारा सत्वहरूको ज्ञानलाई एउटै व्यक्तिमा बदलेर उक्त ज्ञानले धुलिकण भएको बालुवा गन्ने हो भने सारा प्राणीहरू भन्दा बढी प्रज्ञायुक्त मानिसहरूले सबै गन्न सक्लान् तर जिनको ज्ञान गन्न सक्तैनन् । महामुनि एक क्षणको महामुनिको ज्ञान कैयौं कोटिऔं कल्पहरूसम्ममा पनि गन्न सकिन्न ।

सुवर्ण प्रभासोत्तम सूत्रेन्द्रराज अन्तर्गत शून्यता परिवर्त नामक छैठौं अध्याय पूरा भयो ।

## सातौं अध्याय : चतुर्महाराज परिवर्तः

त्यसपछि महाराज वैश्रवण, महाराज धृतराष्ट्र, महाराज विरूढक र महाराज विरूपाक्षहरू आसनबाट उठेर एकापट्टि काँधमा चीवर लगाएर दाहिने घुँडाले भुँइमा राखेर भगवानतिर फर्की हात जोडेर वन्दना गर्दै यस्तो भने – हे भदन्त भगवान ! यो सुवर्ण प्रभासोत्तम सूत्रेन्द्र राज सारा तथागतहरूबाट भाषित भएको हो । सर्व तथागतहरूबाट हेरिएको छ । सर्व तथागतहरूबाट ख्याल गरिएको छ । सारा बोधिसत्व गणहरूबाट परिगृहित छ, सारा देवगणहरूबाट वन्दना गरिएको छ, सारा देवगणहरूबाट पूजा गरिएको छ, सारा देवेन्द्र गणहरूबाट स्तुति गरिएको छ, सारा लोकपालहरूले पूजा, स्तुतिगान र सम्मान गरिएको छ ।

यो सारा देव भवनहरूमा प्रकाशित छ, सारा सत्वहरूलाई परमानन्द प्रदायक छ । यसले नरक र पशु योनीका सत्वहरू तथा यमलोकका सारा दुःखहरू पूरै सुकाएको छ । यसले सारा भयहरूको धारा काटेको छ, सारा विपक्षी सेनाहरूलाई पूरै उतै फर्काएको छ । अनिकालको सारा पीडा शान्त पारेको छ, रोगका सारा पीडा शान्त पारेको छ, सारा ग्रह दोष हटाएको छ, परम शान्तिकर छ, शोक र क्लेश शान्त पारेको छ, विविध उपद्रवहरू शान्त पारेको छ, सयौं हजारौं उपद्रवहरू नाश पारेको छ ।

हे भदन्त भगवान ! यो सुवर्ण प्रभासोत्तम सूत्रेन्द्र राज यो परिषद्मा विस्तृत रूपमा प्रकाशित गरेमा धर्म श्रवणको यो धर्म अमृत रसले हामी चार महाराज र हाम्रा सैन्य तथा परिवार सहितको चार देवमा महातेज फैलने छ । हाम्रो कायमा वीर्य, वल र सामर्थ्य पैदा हुनेछ । तेज, श्री, लक्ष्मी पनि उनीहरूको कायमा पस्ने छन् ।

हे भदन्त भगवान ! हामी चार महाराजहरू धर्मवान, धर्मवादिन र धर्मराज हुन्छौं । हे भदन्त भगवान ! हामी धर्मले गर्दा देव, नाग, यक्ष, असुर, गरूड, गन्धर्व, किन्नर र महोरगहरूका राजा हुनेछौं । दया नभएका, करूणा नभएका, अरूको तेज हरण गर्ने भूत गणलाई फर्काउनेछौं ।

हे भदन्त भगवान ! हामी चार महाराज, अठ्ठाइस यक्ष सेनापनि र सयौं हजारौं नाना यक्षहरूले एकसाथ सधैं मनुष्यातीत विशुद्ध दिव्य चक्षुले सारा जम्बुद्वीप हेर्नेछौं, रक्षा गर्नेछौं र परिपालन गर्नेछौं । तसर्थ हे भदन्त भगवान ! त्यसका लागि हामी चार महाराजलाई 'लोकपाल' नाम पनि दिइएको छ ।

हे भदन्त भगवान ! यो जम्बुद्वीपको जुनसुकै ठाउँमा शत्रु सैन्यहरूले देश नष्ट पार्न लागेमा वा अनिकालको उपद्रव वा रोगको प्रकोप वा सयौं थरी उपद्रवहरू वा हजारौं उपद्रव शतसहस्र उपद्रवहरूले पीडित भएमा हामी चार महाराजले सुवर्ण प्रभासोत्तम सूत्रेन्द्र राज धारण गरेका भिक्षु धर्मवादिनहरूलाई प्रेरित गर्नेछौं ।

हे भदन्त भगवान ! हामी चार महाराजहरूले ऋद्धि शक्ति र प्रभावद्वारा धर्मवादिन भिक्षुहरूलाई उत्साही बनाउँदा जुन जुन ठाउँमा जान्छन् यो सुवर्ण प्रभासोत्तम सूत्रेन्द्र राज ती ती ठाउँहरूमा विस्तार रूपमा प्रकाश गर्ने छन् । जहाँ नाना उपद्रवहरू सयौं र हजारौंको संख्यामा हुन्छन् , ती ठाउँहरूमा भएका त्यस्ता उपद्रवहरू शान्त हुनेछन् ।

हे भदन्त भगवान ! सूत्रेन्द्रहरू धारण गरेका धर्मवादिन भिक्षुहरू मनुष्यका राजाहरूको क्षेत्रमा जाँदा त्यहाँ यो सुवर्ण प्रभासोत्तम सूत्रेन्द्र राज पनि सम्मानित हुनेछ । हे भदन्त भगवान ! मनुष्यको राजाले यो सुवर्ण प्रभासोत्तम सूत्रेन्द्र राज सुनेर सूत्रेन्द्र राज धारक भिक्षुहरूलाई परचक्रीहरूबाट रक्षा गरेमा, परिपालन गरेमा, संरक्षण दिएमा, ग्रहण गरेमा हामी चार महाराजहरूले उक्त राजाको देशमा रहेका सारा प्राणीहरूलाई सधैं रक्षा गर्नेछौं, संरक्षण गर्नेछौं, ग्रहण गर्नेछौं, परिपालन गर्नेछौं । त्यहाँ शान्ति तथा कल्याण हुनेछ ।

हे भदन्त भगवान ! देशको राजाले सूत्रेन्द्र राज धारक भिक्षु, भिक्षुणी, उपासक र उपासिकाहरूलाई सुखका साधन मार्फत् सुख दिएमा हामी चार महाराजहरूले उक्त राजाको देशमा रहेका सम्पूर्ण प्राणीहरूलाई सुखका सारा साधनहरू मार्फत सुखी र सम्पन्न बनाउँनेछौं । हे भदन्त भगवान ! देशको राजाले सूत्रेन्द्र राज धारक भिक्षु, भिक्षुणी, उपासक र उपासिकाहरूलाई सम्मान गरेमा, गौरव गरेमा, सत्कार र पूजा गरेमा हामी चार महाराजहरूले उक्त राजालाई सबैले अति सम्मान गर्ने, अझ गौरव बढाउने, झन सत्कार र पूजा गराई सबै देशहरूमा स्तुति गराउनेछौं ।

त्यसपछि भगवानले चार महाराजहरूलाई साधुवाद दिएर साधु, साधु महाराजहरू ! साधु, साधु महाराजहरू ! तिमीहरूले पहिलेका जिनहरूको सेवा गरेका थियौ, कुशल मूलहरू पैदा गरेका थियौ, कोटिऔं शत सहस्र बुद्धहरूको सत्कार गरेका थियौ, धर्मवान तथा धर्मवादिन भएर देव र मनुष्यहरूका राजा भएका थियौ ।

तिमीहरूमा लामो समयदेखि सम्पूर्ण सत्वहरूको हित गर्ने चित्त थियो, सुख र मैत्री चित्त थियो, सर्व सत्वहरूलाई हित र सुख पुऱ्याउने सदाशय थियो । त्यस्तै तिमीहरूले सबै अहितकारी विचारहरूलाई रोकेका थियौ, सम्पूर्ण सत्वहरूलाई सबै खाले सुखहरू पुऱ्याउने प्रयत्न गरेका थियौ । तसर्थ तिमी चार महाराजहरूले सुवर्ण प्रभासोत्तम सूत्रेन्द्र राजलाई पूजा र सत्कार गर्ने मानव राजाहरूको सदा रक्षा गर, परिपालन गर, ग्रहण गर, संरक्षण देउ, दण्ड त्याग, शान्ति र कल्याण देउ । त्यसपछि सैन्य र परिवार, शतसहस्र यक्ष सहितका चार महाराजले विगत, भविष्य र वर्तमानका भगवान बुद्धहरूको संरक्षण गर्ने छन् , परिपालन र ग्रहण गर्ने छन् । सैन्य, परिवार र शतसहस्र यक्ष सहितका तिमी चार देव र असुरहरूको युद्ध पर्दा जित्नेछौ । असुरहरू पराजित हुने छन् । यसरी सारा परचक्री सैन्य समूहलाई तह लगाउने हुनाले यो सुवर्ण प्रभासोत्तम सूत्रेन्द्र राज धारण गर्ने भिक्षु, भिक्षुणी, उपासक र उपासिकाहरू सबैलाई संरक्षण देउ, पालन गर, ग्रहण गर, रक्षा गर, शान्ति देउ र कल्याण गराउ ।

त्यसपछि महाराज वैश्रवण, महाराज धृतराष्ट्र, महाराज विरूढक, महाराज विरूपाक्ष आसनहरूबाट उठेर एउटा काँधमा वस्त्र पहिरेर दाहिने घुँडाले भुँइमा टेकी भगवान तर्फ अञ्जलीबद्ध भई श्रद्धापूर्वक भगवानलाई यस्तो भने – हे भदन्त भगवान ! भविष्यमा यो सुवर्ण प्रभासोत्तम सूत्रेन्द्र राजको गाँउ, नगर, जिल्ला, अञ्चल, राष्ट्र, राजधानी जहाँ जहाँ प्रचार हुनेछ, जुन जुन मनुष्य राजाको देशमा पुग्नेछ, हे भदन्त भगवान ! केही मनुष्य राजाहरूले 'देवेन्द्रको समय राज शास्त्र' नामक यस सूत्र अनुसार राज्य गर्ने छन् । तिनीहरूले सधैं यो सुवर्ण प्रभासोत्तम सूत्रेन्द्र राजको श्रवण गरेमा, सम्मान गरेमा, पूजा गरेमा, यो सूत्रेन्द्र राजको धारण गरेका भिक्षु, भिक्षुणी, उपासक, उपासिकाको सम्मान गरेर आदर गरेर, पूजा गरेर, सधैं नियमित रूपमा यो सूत्रेन्द्र राजको श्रवण गरेमा धर्म श्रवणको जल प्रवाहको यो धर्म अमृत रस हामी चार महाराज, परिवार र शतसहस्र यक्षहरूका यी दिव्य शरीरहरूमा महान तेज फैलनेछ ; हाम्रो वीर्य, सामर्थ्य र महाबल पनि बढ्नेछ । हाम्रो तेज, श्री र लक्ष्मी पनि फैलेर जानेछ ।

हे भदन्त भगवान ! हामी चार महाराज, सैन्य र सपरिवार लगायतका शतसहस्र नाना यक्षहरू अलप भएर अहिले र भविष्यमा गाउँ, नगर, जिल्ला, अञ्चल, प्रदेश र राजधानीहरूमा यो सुवर्ण प्रभासोत्तम सूत्रेन्द्र राजको प्रचार गर्न जानेछौं । यो सुवर्ण प्रभासोत्तम सूत्रेन्द्र राजको श्रवण, सम्मान र पूजा गर्ने मनुष्य राजाहरूलाई संरक्षण गर्नेछौं, परिपालन गर्नेछौं, परिग्रह गर्नेछौं, सहयोग गर्नेछौं, दण्ड त्याग गर्नेछौं, शान्ति र कल्याण गर्नेछौं । राज दरवार, राज परिवार र राष्ट्रको सदा रक्षा गर्नेछौं, परिपालन गर्नेछौं, परिग्रह गर्नेछौं, सहयोग दिनेछौं, दण्ड त्याग्नेछौं, शान्ति र कल्याण गर्नेछौ. । त्यो देशलाई सारा भय, उपद्रव र झगडाबाट मुक्त गर्नेछौं । परचक्री शत्रु सैन्यहरूलाई हटाउनेछौं ।

यो सुवर्ण प्रभासोत्तम सूत्रेन्द्र राजको श्रवण गर्ने, यसको सत्कार र पूजा गर्ने मानव राजाहरूको छिमेकी अन्य राजाहरूको प्रतिस्पर्धा भएमा, हे भदन्त भगवान ! त्यो प्रतिस्पर्धी राजाले 'म चार अङ्ग सहितको सैन्य साथ त्यो

देशमा गएर त्यस देशलाई ध्वस्त पार्छु' भन्ने सोचेमा त्यस वेला यो सुवर्ण प्रभासोत्तम सूत्रेन्द्र राजको तेज वलले गर्दा त्यो प्रतिस्पर्धी राजाको अरू देशहरूसँग भीडन्त हुनेछ । आफ्नै देशभित्र पनि झगडा शुरू हुन्छ, राजासँग तीव्र झगडा हुन्छन् । देशमा ग्रह दशा र रोगको पीडा हुनेछ । उसको देशमा सयौं थरी नाना खाले समस्याहरू आउनेछन् । हे भदन्त भगवान ! उक्त प्रतिस्पर्धी राजको देशमा सयौं उपद्रवहरू र हजारौं समस्याहरू आइलाग्ने छन् । हे भदन्त भगवान ! यदि उक्त प्रतिस्पर्धी राजाले चतुराङ्ग सैन्य जम्मा गरी अर्को देशसँग लडाइँ लड्न लागेमा आफ्नो देश छाडेर ससैन्य सुवर्ण प्रभासोत्तम सूत्रेन्द्र राज रहेको देशमा आउन लाग्दा, हे भदन्त भगवान ! हामी चार महाराज सपरिवार शतसहस्र यक्षहरू सहित त्यहाँ जान्छौं र परचक्री सैन्यहरू त्यो देशमा पसेका भए पनि तिनीहरूलाई लखेट्ने छौं । सयौं थरी नाना खाले समस्याहरू पैदा गर्नेछौं, विघ्न पुऱ्याउनेछौं । त्यति गर्दा पनि परचक्री सैनिकहरूलाई पस्नबाट रोक्न सकेनौं भने त्यो प्रतिस्पर्धी देशलाई नै ध्वस्त पार्नेछौं ।

त्यसपछि भगवानले ती चार महाराजहरूलाई साधुवाद दिनुभयो । साधु, साधु महाराजहरू ! महाराज तिमीहरूलाई पनि राम्रो हुनेछ । तिमीहरूले असंख्य शतसहस्र कोटि कल्पसम्म अभ्यास गरेर अनुत्तर संबोधि चाहने हो भने सुवर्ण प्रभासोत्तम सूत्रेन्द्र राजको श्रवण, सत्कार र पूजा गर्ने मानव राजाहरूको सुरक्षा गर, परिपालन गर, सहयोग गर, राम्रोसँग रक्षा गर, दण्ड त्याग, शान्ति र कल्याण गराउ । राज दरवार, राज परिवार, परिचर, नगर, राष्ट्रको सदा सुरक्षा गर, परिपालन गर, सहयोग गर, राम्रोसँग रक्षा गर, दण्ड त्याग, शान्ति र कल्याण गराउ । उक्त देशलाई विनाश, उपद्रव, लडाइँहरू साराबाट मुक्त गर । परचक्री सैन्यहरू खेद ।

जम्बुद्वीपमा रहेका सारा मानव राजाहरूको झगडा, द्वन्द, विवाद र वैमनस्यता हटाउ । तिमीहरू चार महाराज, सैन्य र परिचरको यो जम्बुद्वीपका चौरासी हजार नगरमा रहेका चौरासी हजार राजाहरूको आफ्नो आफ्नो देशमा हर्ष, राज्यको ऐश्वर्यमा हर्ष, आफ्नो धन राशी विषयमा परस्परमा अद्वेष, परस्परमा विद्वेष पैदा नहुने होस् । त्यस्तै आफूले पहिले संग्रह गरेको कर्मको आधारमा पाएको राज्यको ऐश्वर्यमा हर्ष होस् , परस्परका देश विगार्ने नहोस्, देश विगार्नको लागि परस्परमा क्षति नहोस् ।

यो जम्बुद्वीपका चौरासी हजार नगरका चौरासी हजार राजाहरूको एक आपसमा मैत्री चित्त बनोस्, मैत्री तथा हित चित्त बनोस् । परस्परमा मेलमिलाप र अवैमनस्यता होस् । आ-आफ्नो देशमै हर्षित हुने बनाउनको लागि सैन्य र परिवार सहितका तिमी चार महाराजहरूले यो जम्बुद्वीप पुष्ट बनाउ, सुभिक्ष बनाउ, मनोरम बनाउ, बहुजनले पूर्ण बनाउ, भूमि पनि उज्ज्वल बनाउ । ऋतु, महिना, अर्धमास, वर्षहरू सबैलाई पनि विशुद्ध काल अनुसारको बनाउ । ग्रह, नक्षत्र, चन्द्र, सूर्य पनि अहोरात्र राम्रोसँग चल्ने बनाउ । वर्षा पनि समय समयमा हुने गराउ ।

जम्बुद्वीपमा रहेका सारा प्राणीहरू पनि धनधान्यले सम्पन्न होउन् । भोग धेरै होस् र कन्ज्युस्याइँ नहोस् । सबै दानले युक्त बनुन्, दश कुशल कर्मपथले युक्त बनुन् । सबैजसो सुगति स्वर्ग लोकमा जन्मिउन् । देव भुवन पनि देव र देव पुत्रहरूले भरिपूर्ण बनुन् ।

हे महाराजहरू ! मानव राजाहरूले यो सुवर्णप्रभासोत्तम सूत्रेन्द्र राज श्रवण गरेर यसलाई सत्कार गरी पूजा गरेमा; यो सूत्र धारण गरेका भिक्षु, भिक्षुणी, उपासक र उपासिकाहरूलाई पनि सत्कार गर्ने, गौरव गर्ने, आदर र पूजा गर्ने गरेमा; सैन्य र परिवार सहितका चार महाराज तथा शतसहस्र यक्षहरूलाई अनुकम्पा गर्नको लागि सधैं नियमित रूपमा यो सुवर्णप्रभासोत्तम सूत्रेन्द्र राजको श्रवण गरेमा धर्म श्रवण नदीको धर्म अमृत रसले तिमीहरूको यो शरीरहरू सन्तुष्ट हुनेछ । तिमीहरूको यो दिव्य शरीरमा अझ तेज फैलनेछ । तिमीहरूमा वीर्य, वल र शक्ति पनि पैदा हुनेछ । तिमीहरूको तेज, श्री र लक्ष्मी पनि फैलेर जानेछ ।

त्यस्तो मानव राजाले तथागत, अर्हत् , सम्यक् संबुद्ध शाक्यमुनिलाई पनि अचिन्त्य मात्रामा अत्याधिक पूजा गर्नेछ । उक्त मानव राजाले विगत, भविष्य र वर्तमानका शतसहस्र कोटी तथागतहरू सबैलाई अचिन्त्य मात्राका विस्तृत सामग्रीहरूले पूजा गर्नेछ । त्यसैले उक्त मानव राजाको संरक्षण हुनेछ । त्यसैले उक्त मानव राजालाई संरक्षण दिनु, शरण दिनु, परिपालन गर्नु, अनुग्रह गर्नु, दण्ड नदिनु, शान्ति र मङ्गल बढाउनु । मूल रानी, राजकुमारहरू सबै रानीको समुह तथा राज दरवारको पनि संरक्षण हुनेछ । उनीहरूको पनि शरण प्राप्ति परिग्रह, परिपालन, दण्ड त्याग, शान्ति र मङ्गल हुनेछ ।

राज दरवार वरिपरि रहेका सारा देवहरू पनि अझ तेजिला अझ वलवान हुनेछन् र सुख र सौमनस्य अचिन्त्य मात्रामा हुनेछन्, नाना थरी आनन्दको अनुभूति हुनेछ । ती नगर र जिल्लाहरूको पनि सुरक्षा र परिपालन हुनेछ । हानि हुने छैन, शत्रुहरू हुने छैनन्, शत्रु सैन्यहरूले हानि पुऱ्याउने छैनन् र झगडा पनि हुने छैन । भगवानले यस्तो भन्नु भयो ।

भगवानलाई महाराज वैश्रवण, महाराज धृतराष्ट्र, महाराज विरूढक र महाराज विरूपाक्षले यस्तो भने –

हे भदन्त भगवान ! कुनै मानवराजाले यो सुवर्णप्रभासोत्तम सूत्रेन्द्र राजको श्रवण गर्न चाहेमा; आफ्नो लागि महान सुरक्षा खोजेमा; मुख्य रानी, राजकुमारहरू, रानी गणको सुरक्षा खोजेमा; सारा राज दरवारमा शान्ति र मङ्गल खोजेमा, अचिन्त्य मात्रामा विशेष अचिन्त्य सुख र शान्ति खोजेमा; यही जीवनमा अचिन्त्य मात्रामा राज्यको ऐश्वर्य बढाउन चाहेमा उक्त राजाका सबै कुरा अचिन्त्य हुनेछन् ।

त्यस्तै अचिन्त्य मात्रामा पुण्य राशीको ग्रहण गर्न चाहेमा, आफ्नो राष्ट्रको रक्षा गर्न चाहेमा; परिपालन गर्न चाहेमा, आफ्नो राज्यमा क्षति नहोस् भन्ने चाहेमा, शत्रु र परचक्री सैन्यको हमला नहोस् भन्ने चाहेमा, रोग नलागोस् भन्ने चाहेमा, लडाइँ नहोस् भन्ने चाहेमा, हे भदन्त भगवान ! उक्त मानव राजाले अविचलित रूपमा आदरपूर्वक यो सुवर्ण प्रभासोत्तम सूत्रेन्द्र राजको सम्मान गरी सुन्नुपर्छ ।

यो सुवर्णप्रभासोत्तम सूत्रेन्द्र राज श्रवण गर्नको लागि उक्त मानव राजा विशेष खाल दरवारमा जान्नुपर्छ । त्यहाँ गएर राजदरवारमा विभिन्न सुगन्धित जल छर्केर फूलका मालाहरू सजाउनु पर्छ । नाना थरीका सुगन्धित जल छर्केको अग्लो र नाना रत्नहरू जडित धर्म गद्दि मिलाउनु पर्छ । त्यस ठाउँमा छत्तरी, ध्वज र आसनहरू राम्ररी मिलाउनु पर्छ । उक्त मानव राजाले नुहाउनु पर्छ । सुगन्ध छर्केको नयाँ वस्त्र तथा नाना थरी अलंकारहरूबाट सुसज्जित हुनुपर्छ ।

राजाको लागि अति होचो आसनको व्यवस्था गर्नु पर्छ । उक्त आसनमा बसे पछि राजा घमण्डले मात्नु हुँदैन । त्यहाँ राज्यको ऐश्वर्यमा आसक्त हुनु हुँदैन । घमण्ड र मद सबै त्यागेको मनबाट युक्त भई यो सुवर्ण प्रभासोत्तम सूत्रेन्द्र राजको श्रवण गर्नु पर्छ । धर्मवादिन भिक्षुलाई शास्ताको रूपमा मान्ने संज्ञा पैदा गर्नु पर्छ । उक्त मानव राजाले त्यस बेलामा मुख्य रानी, राजकुमारहरू, राजकुमारीहरू तथा रानीगणलाई प्रिय तथा हित चित्तले हेर्नु पर्छ । मुख्य रानी, राजकुमारहरू र राजकुमारीहरूसँग प्रिय वचन बोल्नु पर्छ । रानीगण सबैसँग पनि प्रिय वचन बोल्नु पर्छ । धर्म श्रवणको लागि पूजा गर्न विभिन्न क्रियाको लागि आज्ञा दिनु पर्छ । अचिन्त्य र अतुलनीय मात्राको हर्षले सन्तुष्ट हुनु पर्छ । अचिन्त्य मात्राको हर्ष र सुखद्वारा आनन्दित हुनु पर्छ । इन्द्रियहरूलाई सुखी बनाउनु पर्छ । मैले महान अर्थ पाएँ भन्ने सोच्नु पर्छ । आफू महाआनन्दबाट आनन्दित हुनु पर्छ । अत्यन्त महाहर्ष पैदा गरेर धर्मवादिनलाई स्वागत गर्नु पर्छ।

यसो भनी सकेपछि भगवानले चार महाराजलाई यस्तो भन्नुभयो –

हे महाराजहरू ! त्यस वेलामा उक्त मानव राजाले पूरै सेतो, नयाँ र सुन्दर लुगा लगाउनु पर्छ । नाना थरीका आभूषण तथा अलंकारले सु-सज्जित हुनु पर्छ । सेतो छत्तरी धारण गर्नु पर्छ । महत राज भाव र राजव्यूहले युक्त भएर नाना थरी मङ्गल वस्तुहरू लिएर राजदरवारबाट निस्केर धर्मवादिनको स्वागतको लागि जानु पर्छ । किनकि मानव राजाले त्यहाँ जति पाइला चाल्छ त्यति नै नियुत शतसहस्र कोटी कल्पसम्म संसारबाट पर लाग्नेछ । उसले नियुत शतसहस्र कोटी कल्पसम्म चक्रवर्ती राजा बन्न पाउँछ । जति पल्ट पाइला चाल्छ त्यति नै यो जीवनमा राज्यको महान ऐश्वर्य अचिन्त्य मात्रामा फैलेर जान्छ । नियुत शतसहस्र कोटी कल्पसम्म विस्तृत र फैलिएको सप्त रत्नले बनेको दिव्य विमान प्राप्त गर्छ । मानवले राजकुल तथा देवका उदार र विस्तृत शतसहस्र कोटी विमान पाउनेछ ।

हरेक जन्ममा महान ऐश्वर्य प्राप्त गर्छ, दीर्घायु हुन्छ, चिरञ्जीवी हुन्छ । प्रतिभाशाली हुन्छ । महान वलवान तथा वेगवान हुनुको साथै सुन्दर रूपको हुन्छ । रूपवान, दर्शनीय, राम्रो वर्णको तथा पुष्ट हुनेछ । हरेक जन्ममा तथागतलाई भेट्नेछ । कल्याणमित्रहरू पनि पाउनेछ । अपार पुण्य राशी ग्रहण गर्ने भएकाले हे महाराजहरू, गुणको अनुशंसा यस्तो देखेर उक्त मानव राजाले एक योजनसम्म हिँडेर धर्म बताउने व्यक्तिको स्वागत गरोस् । सय, हजार योजनसम्म स्वागतका लागि जाओस् । उक्त धर्मवादि व्यक्तिलाई शास्ताको रूपमा लेओस् ।

उसले यस्तो सोचोस्; आज तथागत, अर्हत्, सम्यक् संबुद्ध शाक्यमुनि मेरो राजदरवारमा प्रवेश गर्नु हुनेछ । आज तथागत अर्हत् सम्यक्संबुद्ध शाक्यमुनि मेरो राजदरवारमा यहाँ भोजन ग्रहण गर्नु हुनेछ । आज मैले तथागत, अर्हत् सम्यक् संबुद्ध शाक्यमुनिको लोकसँग नमिल्ने धर्म श्रवण गर्दैछु । आज मैले यो धर्म सुनेर अनुत्तर सम्यक् संबोधिबाट नफर्कने बन्छु । आज मैले नियुत शतसहस्र कोटी तथागतहरूलाई सेवा गरेको हुनेछु । आज मैले विगत, भविष्य र वर्तमानका भगवान बुद्धहरूलाई अचिन्त्य मात्रामा महान पूजा विस्तृत रूपमा गरेको हुनेछु । आज मैले नरकका प्राणीहरू, पशुका स्थानहरू तथा यमलोकका सारा दुःखहरूको प्रवाहलाई काट्ने छु । आज म ब्रह्मेन्द्र राजका नियुत शतसहस्र कोटी शरीर प्राप्त गर्ने कुशल मूलको बीज पैदा गर्दैछु । आज म शक्रको नियुत शतसहस्र कोटी शरीरहरू प्राप्त गर्ने कुशल मूलको बीज पैदा गर्दैछु । आज म चक्रवर्ती राजाको नियुत शतसहस्र कोटी शरीरहरू प्राप्त गर्ने कुशल मूलको बीज पैदा गर्दैछु । आज म नियुत शतसहस्र कोटी कल्पसम्म संसारबाट पूरै मुक्त हुँदैछु । आज म अपार, अचिन्त्य, अनुत्तर तथा व्यापक पुण्य राशी ग्रहण गर्दैछु । आज म सारा रानी गण सपरिवारलाई महासुरक्षा दिँदैछु । आज म यो राजमहलमा अचिन्त्य मात्रामा अनुत्तर र विशेष सुख र शान्ति बनाउँदैछु । आज म यो सारा देशलाई सुरक्षित बनाउँदैछु, शरण दिँदैछु, क्षति नहुने बनाउँदैछु, शत्रुरहित बनाउँदैछु, शत्रु सैन्य प्रवेश गर्नबाट रोक्दैछु, आरोग्यता तथा कलह रहित बनाउँदैछु भन्ने सोचेर चित्तोत्पाद गर्नु पर्छ ।

हे महाराजहरू ! यो सुवर्ण प्रभासोत्तम सूत्रेन्द्र राज धारण गरेका भिक्षु, भिक्षुणी, उपासक र उपासिकाहरूलाई उक्त मानव राजाले सद्धर्मलाई गरेजस्तै सत्कार, गौरव, आदर र पूजा गरेर आएको त्यो पुण्यको भाग सैन्य र परिवार सहितका चार महाराज, देवगण, शतसहस्र यक्षहरूलाई दिएमा उक्त मानव राजाको पुण्य संग्रह र कुशल धर्म संग्रह र यो जीवनको देहको राज्य ऐश्वर्य अचिन्त्य मात्रामा बढ्नेछ । यही जीवनमा राज्य तेज अचिन्त्य मात्रामा बढ्नेछ । श्री, लक्ष्मी, तेजबाट पनि अलंकृत हुनेछ । सारा परचक्री तथा शत्रुहरूलाई धर्मानुसार पूरै खतम गर्न सक्नेछ ।

भगवानले यसो भने पछि भगवान समक्ष चार महाराजहरूले यसो भने – हे भदन्त भगवान ! कोही मानव राजाले त्यसरी आदर पूर्वक सुवर्ण प्रभासोत्तम सूत्रेन्द्र राजको श्रवण गर्न यो सूत्रेन्द्र राजका धारक भिक्षु, भिक्षुणी, उपासक र उपासिकालाई पनि सत्कार, गौरव, आदर र पूजा गरी हामी चार महाराजहरूको लागि राजमहल त्यस्तो अति शुद्ध बनाएर नाना सुगन्धजल छर्केर राम्रोसँग मिलाएर हामी चार महाराजसँगै धर्म श्रवण गरोस् । त्यसरी

सुनेमा, हामी र सारा देवहरूको लागि कुशल मूलको भाग चढाएमा हे भदन्त भगवान, उक्त धर्मवादि भिक्षु धर्म आसनमा बस्ने वित्तिकै उक्त मानव राजाले हामी चार महाराजको लागि नाना गन्धले सहित राखोस् ।

हे भदन्त भगवान ! यो सुवर्ण प्रभासोत्तम सूत्रेन्द्र राजलाई पूजा गर्नको लागि धूप सल्काउने वित्तिकै नाना थरीको धूप तथा बलेको धूपको लता बनोस् । तिनीहरू त्यही क्षणलव मूहुर्तमा नै हामी चार महाराज हरेकको निवास माथिको अन्तरिक्षमा गन्ध र धूपको नाना थरीको लता बनेर रहोस् । सुगन्धित धूपको व्यापक रूपमा वासना फैलियोस् । सुवर्ण रंगको प्रकाश निस्केर त्यो प्रकाशले हाम्रा निवासहरू पनि उज्याला बन्ने छन् । हे भदन्त भगवान ! गन्ध र नाना धूपहरूको लताहरू क्षणलव मूहुर्तमा सहांपति ब्रह्मा, देवेन्द्र शक्र, महादेवी सरस्वती, महादेवी दृढा, यक्ष महासेनापति संज्ञेय, अठ्ठाइस महासेनापतिहरू, यक्ष, देवपुत्र महेश्वर, महासेनापति यक्ष वज्रपाणि, महायक्ष सेनापति मणिभद्र, परिवार सहितका हारितिका पाँच सय पुत्रहरू, नाग महाराज अनवतप्त, नाग महाराज सागरहरूको निवासहरू माथिको अन्तरिक्ष उज्यालो बन्ने छन् । धूप र नाना गन्धहरूको लताको धूपहरू रहेका बन्ने छन् । व्यापक रूपमा धूप र गन्धको वासना फैलनेछ । निवासभित्र सुनौला प्रकाश देखा पर्नेछ र उक्त प्रकाशले सबै ठाँउ उज्यालो पार्नेछ ।

यस्तो भनीसकेपछि भगवानले ती चार महाराजहरूलाई यस्तो भन्नु भयो – हे महाराजहरू ! तिमीहरू चारको निवास माथिको अन्तरिक्षमा गन्ध र नाना धूपको लताहरू धूप बालेको वेलामात्र रहने छैनन् । किनभने हे महाराजहरू ! उक्त मानव राजाले यो सुवर्ण प्रभासोत्तम सूत्रेन्द्र राजको पूजा गर्नको लागि नाना थरी धूपहरू बाल्ने वित्तिकै एक हातमा धूपको भाँडा लिँदा त्यसबाट गन्ध र नाना धूपको लताहरू निस्केर क्षणलव मूहुर्तमै यो त्रिसाहस्र महासाहस्र लोकधातुमा भएका सबै शत कोटी चन्द्रहरू, शत कोटी सूर्यहरू, शत कोटी महासागरहरू, शत कोटी सुमेरूहरू, सुमेरूको चक्रवाल, शत कोटी महाचक्रवाल, शत कोटी चार महाद्वीप भएको लोकधातु, शत कोटी चतुर्महाराजिक देवहरू, शत कोटी त्रायस्त्रिंश देखि नैवसंज्ञानासंज्ञासम्मका शत कोटी देवहरू, त्रिसाहस्र महासाहस्र लोकधातु सबै, त्रायस्त्रिंश देव कुलका सारा देवहरू, नाग, यक्ष, गन्धर्व, असुर, गरूड, किन्नर, महोरग गण सबैको निवासहरू माथिको अन्तरिक्षमा नाना धूप र सुगन्धको लताको रूपमा बलेर रहनेछ । व्यापक रूपमा सुगन्ध फैलनेछ । देव भुवनहरूमा सुनौलो प्रकाश भरिएर त्यसले देवलोकका भुवनहरू नै उज्यालो पार्नेछ ।

हे महाराजहरू ! यसरी त्रिसाहस्र महासाहस्र लोकधातुका सारा देव भुवनहरू माथिको अन्तरिक्षको धूप र गन्धको लता रहेको तिनीहरू चाहिँ सुवर्ण प्रभासोत्तम सूत्रेन्द्र राजलाई पूजा गर्नको लागि उक्त राजाले नाना किसिमका धूपहरू बाल्ने वित्तिकै यो सुवर्ण प्रभासोत्तम सूत्रेन्द्र राजको तेजको प्रभावले धूप र नाना सुगन्धहरूका लता छत्तरीहरू बनेका हुन् । तिनीहरू क्षणलव मूहुर्तमा सर्वत्र दशै दिशाका लोकधातुहरूमा गंगा नदीका बालुवाका कण जति नै नियुत शत सहस्र कोटी बुद्ध क्षेत्रहरूमा नियुतशत सहस्र कोटी बालुका कण बराबरको अन्तरिक्षमा धूप र गन्धहरूको लता छत्रहरू रहेका हुने छन् । तिनीहरू पनि नियुत शत सहस्र कोटी बुद्धलाई नाना धूप र गन्धहरू विस्तृत र व्यापक हुने छन् । सुनौला रंगको प्रकाश निस्केर त्यो प्रकाशले गंगा नदीको बालुवा समान मात्राका नियुत शत सहस्र कोटी नाना बुद्ध क्षेत्रहरूलाई उज्यालो बनाउनेछ ।

हे चतुर्महाराजहरू ! त्यस्ता महाप्रातिहार्यहरू हुने वित्तिकै गंगा नदीका बालुका समान नियुत शत सहस्र कोटी बुद्धहरूले उक्त धर्मवादिनको ख्याल गर्छन् र 'साधु, साधु सत्पुरूष ! हे सत्पुरूष ! तिमीले सुवर्ण प्रभासोत्तम सूत्रेन्द्र राजको यस्तो तरिकाको यस्तो गम्भीर आभास भएको अचिन्त्य गुणहरू भएकोलाई विस्तृत रूपमा सम्यक् रूपले व्याख्या गर्न लागेको तिमीलाई फेरि पनि साधु साधु छ ।' भनेर साधुवाद दिन्छन् ।

यो सुवर्ण प्रभासोत्तम सूत्रेन्द्र राजको श्रवण गर्ने सत्वहरूको त कुशल मूल कम हुँदैन भने यसको धारण गर्ने, पहिरिने, व्याख्या गर्ने, पाठ गर्ने, बोध गर्ने, परिचरलाई विस्तृत रूपमा दर्शाउनेहरूले प्राप्त गर्ने कुशल मूलको त

के कुरा गर्नु ? किनकि, हे सत्पुरूष, यो सुवर्ण प्रभासोत्तम सूत्रेन्द्र राजको श्रवण गर्ने वेलामै नियुत शत सहस्र कोटी बोधिसत्वहरू अनुत्तर सम्यक् संबोधिबाट नफर्किने हुने छन् ।

(आर्य सुवर्ण प्रभासोत्तम सूत्रेन्द्र राज नामक महायान सूत्रको तृतीय काण्ड)

त्यसपछि दशै दिशाका समस्त गंगा नदीका बालुवा समान नियुत शत सहस्र कोटी बुद्ध क्षेत्रमा आ-आफ्ना बुद्ध क्षेत्रमा रहेका नियुत शत सहस्र कोटी तथागतहरूले त्यस वेलामा एकै शब्द, एकै स्वर र एकै घोषमा धर्म आसनमा बसेको धर्मवादिन भिक्षुलाई यसो भने, 'हे सत्पुरूष ! तिमी भविष्यमा बोधिमण्डमा जानेछौ । हे सत्पुरूष ! तिमी बोधिमण्डको सत् र उत्तम स्थानमा गएर वृक्ष राज मुनि रहेर सारा त्रिलोक भन्दा विशिष्ट, सारा सत्वहरूबाट पार भएको व्रतमा रही तपश्चर्याको वल पैदा गरी अधिष्ठान युक्त नाना थरीका नियुत शत सहस्र तपश्चर्या देखाउने छौ । हे सत्पुरूष ! तिमीले बोधिमण्डलाई राम्रोसँग अलंकृत गर्नेछौ । हे सत्पुरूष ! तिमीले त्रिसाहस्र महासाहस्र सारा लोकधातुहरूलाई राम्रोसँग पालन गर्नेछौ । हे सत्पुरूष ! तिमीले वृक्ष राज मुनि बसेर भयानक रूप भएका वीभत्स रूप भएका, विकृत रूपका मार सैन्यहरूलाई जित्नेछौ ।

हे सत्पुरूष ! तिमी उत्तम र श्रेष्ठ बोधिमण्ड गएर अनुत्तर अनुपम प्रशान्त, विमल, गम्भीर सम्यक् संबोधि प्राप्त गर्नेछौ । हे सत्पुरूष ! तिमी सार र दृढ वज्रासनमा बसेर धर्मचक्र प्रवर्तन साराले स्तुति गरेको, उत्तम, गम्भीर र वाह्व आकारहरू भएको प्रवर्तन गर्नेछौ । हे सत्पुरूष ! तिमीले धर्मको अनुत्तर शंख फुक्ने छौ । हे सत्पुरूष ! तिमीले धर्मको अनुत्तर दीप बाल्ने छौ । हे सत्पुरूष ! तिमीले अनुत्तर धर्म वर्षा गर्नेछौ । हे सत्पुरूष ! तिमीले क्लेशका हजारौं शत्रुहरूलाई जित्नेछौ । हे सत्पुरूष ! तिमीले नियुत शत सहस्र कोटी सत्वहरूलाई अत्यन्तै भयानक समुद्रबाट तार्नेछौ । हे सत्पुरूष ! तिमीले नियुत शत सहस्र कोटी सत्वहरूलाई संसारको चक्रबाट मुक्त गराउने छौ । हे सत्पुरूष ! तिमीले नियुत शत सहस्र कोटी बुद्धहरूलाई सेवा गर्नेछौ । यस्तो भन्नु भयो ।

भगवानलाई चार महाराजहरूले यसो भने – हे भदन्त भगवान ! मानव राजाले सुवर्ण प्रभासोत्तम सूत्रेन्द्र राजका यो जन्ममा र पछि हुने यस्ता गुणहरू देखेर शत सहस्र बुद्धसँग कुशल मूल पैदा गरेर अपार पुण्य राशी ग्रहण हुने देखेर अनुकम्पाले गर्दा हे भदन्त भगवान ! हामी परिवार र सैन्य सहितका चार महाराज तथा शतसहस्र यक्षहरू आ-आफ्नो घरबाट नाना धूप गन्ध लताको छत्रद्वारा बोलाउने वित्तिकै शरीरलाई अन्तर्धान गराई उक्त मानव राम्रोसँग बढारिएको, नाना सुगन्धहरू छरिएको नाना अलंकारबाट अलंकृत राजदरवारमा धर्म श्रवण गर्न जान्छौं ।

सहांपति ब्रह्मा, देवेन्द्र शक्र, महादेवी सरस्वती, महादेवी श्री पृथिवी देवी दृढा, महायक्ष सेनापति संज्ञान, अट्ठाइस महायक्ष सेनापति, देवपुत्र, महेश्वर, महायक्ष सेनापति वज्रपाणि, महायक्ष सेनापति मणिभद्र, पाँच सय पुत्र परिवार सहित हारिती, नागराज अनवतप्त, नागराज सागर, नियुत शत सहस्र अनेक देवहरू अन्तर्धान भएर उक्त मानवराजको नाना अलंकारबाट सुसज्जित दरवारको नाना आभूषणबाट सजिएको, फूलहरू सजाइएको अग्लो धर्मवादिनको आसन भएको ठाउँमा धर्म श्रवणको लागि जाने छन् ।

हे भदन्त भगवान ! परिवार र सैन्य सहित हामी चार महाराजहरू र शत सहस्र यक्षहरू सबै अनुकुल भई उक्त मानव राजलाई सहयोग गर्छौं, कल्याण प्राप्त गराउँछौ । अनुत्तर महाधर्मदानको उक्त अवसरमा धर्मामृतको रसले सन्तुष्ट हुने वित्तिकै उक्त मानव राजको सुरक्षा गर्छौं, परिपालन गर्छौं, परिग्रह गर्छौं, परित्राण गराई शान्ति -

स्वस्ति गर्छौं । उक्त दरवार, नगर र देशको पनि सुरक्षा, परिपालन, परिग्रह, परित्राण, शान्ति र स्वस्ति गर्छौं । दण्डको पनि त्याग गर्छौं । उक्त देश सबै भय, उपद्रव, रोग र झगडाबाट मुक्त गराउँछौं ।

हे भदन्त भगवान ! कुनै मानव राजाले उक्त राजको देशमा आइपुगेको यो सुवर्ण प्रभासोत्तम सूत्रेन्द्र राज पुग्दा, भदन्त भगवान, उक्त मानव राजाले यो सुवर्ण प्रभासोत्तम सूत्रेन्द्र राजको धारण गरेका भिक्षु, भिक्षुणी, उपासक र उपासिकाहरूलाई सम्मान नगरेमा, गौरव नगरेमा, मान नगरेमा र पूजा नगरेमा हामी चार महाराजहरू र शत सहस्र कोटी नाना यक्षहरू यो धर्म श्रवणको धर्मामृतरसबाट सन्तुष्ट हुन्नौं, सम्मानित हुन्नौं, यो दिव्य कायको तेज पनि फैलन्न, हामीहरूमा वीर्य, सामर्थ्य र वल पनि पैदा हुन्न, हामीहरूको शरीरको तेज, श्री र लक्ष्मी पनि बढ्दैन । हे भदन्त भगवान ! सैनिक र परिवार सहितका हामी चार महाराजहरू तथा शत सहस्र कोटी नाना यक्षहरूले त्यो देश छाडेर जानेछौं । हे भदन्त भगवान ! हामीले छाडेर गई सकेपछि त्यस देशमा रहेका सारा देवगणहरूले पनि त्यो देश छाडेर जाने छन् । हे भदन्त भगवान ! देवहरूले उक्त देशलाई छाडेर गएपछि त्यस देशमा नाना थरीका झगडाहरू हुन्छन् । राजाहरू बीचमा भयानक झगडाहरू हुन्छन् । देशमा रहेका सम्पूर्ण सत्वहरूमा पनि झगडा, कलह, मनमुटाव र विवादहरू पैदा हुन्छन् । सिद्धिने र बाँडिने हुनेछ । ग्रह र रोगका विभिन्न समस्याहरू देशमा आईलाग्ने छन् । विभिन्न दिशाहरूबाट उल्कापात हुनेछ । ग्रह तथा नक्षत्रहरू पनि परस्परमा नमिलेर जाने छन् । चन्द्रमा उदाउँदा सूर्य जस्तो भएर जानेछ । चन्द्र ग्रह सूर्य ग्रह हुनेछ । चन्द्र र सूर्य आकाशमा रहे पनि सधैं ग्रहणले हानी पुऱ्याउनेछ । वेला वेलामा आकाशमा इन्द्रेणी जस्तै घेरिएको देखिनेछन् ।

भूकम्पहरू जाने छन् । पृथ्वीमा रहेका इनारहरू पनि सुक्ने छन् । हुरी वतास जोडले चल्नेछ । ठूलो वर्षा हुनेछ । देशमा अनिकाल हुनेछ । परचक्री सेनाहरूले देश ध्वस्त पार्ने छन् । उक्त देश वर्वाद भएर जानेछ । त्यहाँका जनताहरूमा क्लेशहरू बढ्ने छन् । उक्त देश निरस हुनेछ ।

हे भदन्त भगवान ! सैन्य र परिवार सहितका हामी चार महाराजहरू, शत सहस्र यक्ष गण र देशमा रहेका देव र नागहरू उक्त देश छाडेर जाने भएकाले उक्त देशमा यस्ता सयौं उपद्रव, हजारौं उपद्रवहरू हुने छन् ।

हे भदन्त भगवान ! कुनै मानव राजाले आफूलाई बचाउन सुरक्षा चाहेमा, राजाका विविध सुखहरूको लामो समय उपभोग गर्न चाहेमा, सम्पूर्ण सुखले युक्त मन सहित राजा भएर रहन चाहेमा, देशमा रहेका सम्पूर्ण प्राणीहरूलाई सुख पूर्वक राख्न चाहेमा, विदेशी शत्रुहरू सारालाई पराजित गर्न चाहेमा, सारा देशलाई चीर कालसम्म पालन गर्न चाहेमा, धर्मराज भएर रहन चाहेमा, आफ्नो देशलाई सम्पूर्ण भय, उपद्रव, रोग र झगडाबाट पूरै मुक्त गर्न चाहेमा, हे भदन्त भगवान ! उक्त मानव राजाले दोमन नगरीकन सुवर्ण प्रभासोत्तम सूत्रेन्द्र राजको श्रवण गर्नु पर्छ, यो सूत्रेन्द्र राजको धारण गरेका भिक्षु, भिक्षुणी, उपासक र उपासिकाहरूको सत्कार, गौरव, सम्मान र पूजा गर्नु पर्छ ।

यसबाट सैन्य र परिवार सहित हामी चार महाराजहरूको धर्मश्रवणबाट जम्मा भएको पुण्य तथा धर्मामृतको रसले सन्तुष्ट पार्नु पर्नेछ । हामीहरूको यो देवकाय महातेजलाई फैलाउनु पर्नेछ । किनकि, हे भदन्त भगवान ! उक्त मानव राजाले दोमन नगरीकन यो सुवर्ण प्रभासोत्तम सूत्रेन्द्र राजको श्रवण गर्नु पर्छ । हे भदन्त भगवान ! ब्रह्मेन्द्रले लौकिक र लोकोत्तर नाना थरीका शास्त्रहरू जति पनि देखाउनु भएको छ, देवेन्द्र शक्रले जति पनि शास्त्रहरू देखाउनु भएको छ, पाँच अभिज्ञा युक्त नाना ऋषिहरूले सत्वहरूको लागि लौकिक र लोकोत्तर नाना थरीका जति पनि शास्त्रहरू देखाउनु भएको छ, ती सबै भन्दा यो सुवर्ण प्रभासोत्तम सूत्रेन्द्र राज अति नै विशिष्ट छ । हे भदन्त भगवान ! यो सूत्र नियुत शत सहस्र कोटी ब्रह्मेन्द्र राज, नियुत शत सहस्र कोटी नाना शक्र, नियुत शत सहस्र कोटी पाँच अभिज्ञाहरू युक्त ऋषिहरू सबै भन्दा पनि अति विशिष्ट तथागतले सत्वहरूको हितको लागि विस्तारमा बताउनु भएको हो ।

जसरी जम्बुद्वीपमा रहेका सम्पूर्ण मानिसहरूलाई राजाहरूले राज्य गर्छन्, जसरी सारा सत्वहरूलाई सुख दिन्छन्, जसरी आफ्नो देशको सुरक्षा र परिपालन गर्छन्, जसरी सारा देशमा उपद्रव र शत्रु हुन्नन्, जसरी विदेशी सेनाहरूलाई जितेर उतै फर्काउँछन्, जसरी ती देशहरूमा रोग र झगडा हुन्नन्, जसरी सारा देशमा धर्मले गर्दा झगडा हुन्न, जसरी ती मानव राजाहरूले आ-आफ्ना देशहरूमा धर्मको महान दीपक बालेर उज्ज्वल बनाउँछन्, जसरी सारा देव भवनहरूमा देव र देवपुत्रहरू भरिने छन्, जसरी हामी चार महाराज सैन्य र परिवार शत सहस्र नाना यक्ष तथा जम्बुद्वीपमा रहेका देवहरू सन्तुष्ट र सम्मानित हुन्छन्, जसरी हाम्रा यी दिव्यकायहरूमा महातेज फैलन्छ, जसरी हाम्रो शरीरमा वीर्य, वल र सामर्थ्य पैदा हुन्छ, जसरी हाम्रो देहमा तेज, श्री र लक्ष्मी बढ्दछ, जसरी सारा जम्बुद्वीपमा सुभिक्ष भई प्रजाजनहरू भरिन्छन्, जसरी सारा जम्बुद्वीपमा रहेका सम्पूर्ण प्राणीहरू सुखी भई नाना थरी आनन्दहरूको उपभोग गर्छन्, जसरी सारा सत्वहरूले नियुत शत सहस्र कल्पहरूसम्म देव र मनुष्यको सुख व्यापक रूपमा भोग गर्नेछन्, भगवान बुद्धहरूको साथमा रहनेछन्, भविष्यमा अनुत्तर सम्यक् संबोधि प्राप्त गर्नेछन् त्यस वेलामा तिनीहरू सबै त्यसरी नै भगवान तथागत, अर्हत् संबुद्धले नियुत शत सहस्र कोटी ब्रह्मेन्द्रहरू भन्दा उच्च खालको (विशेष) महाकरूणाको वलले युक्त भएको अधिष्ठान र नियुत शत सहस्र कोटी देवहरूको प्रज्ञाभन्दा विशेष खालको अनुत्तर तथागत प्रज्ञा र पाँच अभिज्ञायुक्त नियुत शत सहस्र कोटी नाना ऋषिहरूभन्दा विशिष्ट अधिष्ठानद्वारा तथागत अर्हत् सम्यक् संबुद्धले सारा सत्वहरूको लागि यो सुवर्ण प्रभासोत्तम सूत्रेन्द्र राज यो जम्बुद्वीपमा विस्तृत रूपमा बताउनु भएको छ ।

मनुष्य राजको अभिप्राय भएको राज शास्त्र राजाका कामहरू जम्बुद्वीपमा पुग्ने छन् । सारा सत्वहरूलाई सुखी बनाउने सबै भगवान् तथागत अर्हत् सम्यक् संबुद्धहरूले यो सुवर्ण प्रभासोत्तम सूत्रेन्द्र राजको उपदेश दिई वाचन र व्याख्या गर्नुभएको छ ।

हे भदन्त भगवान् ! त्यो हेतु र त्यो प्रत्ययले गर्दा उक्त मानव राजाले अवश्य नै यो सुवर्ण प्रभासोत्तम सूत्रेन्द्र राजको सादर श्रवण, सादर सत्कार, सादर पूजा गर्नुपर्छ । यस्तो भनेपछि भगवान्ले चार महाराजहरू यस्तो भन्नुभयो-

तसर्थ, हे चार महाराजहरू तिमीहरूले सैन्य र परिवार सहितले यो सुवर्ण प्रभासोत्तम सूत्रेन्द्र राजको श्रवण, सत्कार र पूजा गर्ने मनुष्य राजको सुरक्षा गर्न उत्साही हुनुपर्छ । हे चार महाराजहरू ! यो सूत्रेन्द्रराजको धारण गर्ने भिक्षु, भिक्षुणी, उपासक र उपासिकाहरूले पनि बुद्धको कृत्य धारण गरेका हुनाले देव, मनुष्य र असुरहरू सहित यो लोकमा बुद्धको कृत्य गरेका हुनेछन् । यो सुवर्ण प्रभासोत्तम सूत्रेन्द्रराजको पनि विस्तारमा बताएका हुनेछन् । तिमीहरू चार महाराजहरूले जसरी पनि यो सूत्रेन्द्र राजको धारण गर्ने भिक्षु, भिक्षुणी, उपासक र उपासिकाहरूको रक्षा गर्नु, हानी नपुऱ्याउनु । उनीहरूलाई आरोग्य, कलह रहितता र मनमा सुख गराउनु । यो सुवर्ण प्रभासोत्तम सूत्रेन्द्र राजलाई राम्रोसँग दर्शाउने र धारण गर्ने भिक्षु, भिक्षुणी, उपासक र उपासिकाहरूको सुरक्षा, परिपालन, परिग्रह, परित्राण, शान्ति र स्वस्ति गर्नु ।

त्यसपछि महाराज वैश्रवण, महाराज धृतराष्ट्र, महाराज विरूढक र महाराज विरूपाक्षहरू आसनहरूबाट उठेर चिवर एउटा काँधमा राखेर दाहिने घुँडा भुइँमा राखेर भगवान् तर्फ आदरसहित फर्केर हात जोडि भगवान्को प्रत्यक्ष रूपमा स्तुति गरे -

जिनको चन्द्र झैं विमल काय छ । जिनको हजारौं सूर्य झैं प्रकाश भएको काय छ । जिनको पद्म जस्ता विमल नेत्र छन् । जिनको पद्म मूल जस्ता विरज दाँतहरू छन् । जिनका गुणहरू सागर समान नाना रत्नहरूको स्रोत हुन् । जिन ज्ञान जल भरिएको सागर समान हुनुहुन्छ । शतसहस्र समाधिद्वारा परिपूर्ण जिनको पाउमा चक्र अंकित छ । चक्रमा हजार अराहरू भएको परिमण्ड छ ।

हात र पाउ जाल अलंकृत छन्, पाउको जाल हाँसको इन्द्र जस्तै छ । सुवर्ण पर्वत समान अति उज्ज्वल, विमल जिन सुवर्ण पर्वत राज सुमेरू समान सारा गुण भएका बुद्ध गिरीन्द्र जिनलाई नमस्कार गर्छौं । तथागत पूर्ण चन्द्र समान, आकाश समान हुनुहुन्छ । माया मरीचि समान अराग, विमल जिनलाई नमस्कार गर्छौं ।

त्यसपछि भगवान्ले चार महाराजहरूसँग यस्तो गाथा भन्नुभयो -

दश वलहरूको यो उत्तम सुवर्ण प्रभासोत्तम सूत्रेन्द्र राजलाई लोकपाल तिमीहरूले सुदृढ वीर्यद्वारा पालन गर्नू । यसरी यो गम्भीर सूत्र रत्न सबै सत्वहरूको सुख दाता हो, सत्वहरूको हित र सुखको लागि यो जम्बुद्वीपमा लामो समय रहने छ । त्रिसाहस्र महासाहस्र लोकधातुको दुःख तथा नरकका प्राणीहरूको दुःख लगायत सारा दुःखहरू शान्त पार्नेछ ।

यो जम्बुद्वीपमा रहेका सबै जम्बुद्वीपका सारा राजाहरूले अत्यन्त प्रसन्न भई धर्मद्वारा देशहरूको रक्षा गरून् । यसले यो जम्बुद्वीपमा सुख, सुभिक्ष, रमणीयता बनाओस् । सारा जम्बुद्वीपका सारा सत्वहरू सुखी होउन् ।

नरेन्द्रहरूले यो सूत्रेन्द्रराजको श्रवण गर्नुपर्छ । देशमा सुख र आफूमा सुख पुऱ्याई राज्य चलाउने विदेशी शत्रुहरूलाई पूरै रित्याउने वाला, विदेशी शत्रुहरूलाई भगाउने भयानक त्रासले हुने व्यय हटाउने वाला र परम शुभकर्ता यो सूत्रेन्द्र वाला हो । जसरी सुन्दर रत्न वृक्षलाई सबै गुण पैदा गर्ने घरको रूपमा हेरिन्छ त्यसरी नै गुण चाहने राजाहरूले यो सूत्रेन्द्र राज उत्तम छ भनी हेर्नुपर्छ । जसरी चिसो पानीले प्यास मेटाउँछ, गर्मीको ठूलो पीडा हुँदा चिसो पानी पाउँदा पीडा हट्छ, त्यसरी नै गुणहरू पाउनको लागि तिर्खाएको राजालाई यो उत्तम सूत्र राज हो ।

सारा रत्नहरूको स्रोत रत्नको भाँडो हत्केलामा भए जस्तै नरेन्द्रहरूलाई उत्तम सुवर्ण प्रभास सूत्र श्रेष्ठ हुन्छ । यस सूत्रलाई देव गणले पूजा गरेका छन् , यसलाई देवेन्द्रले नमस्कार गरेका छन् यसलाई महाऋद्धिवान चार महाराजले रक्षा गरेका छन् । दशै दिशाका बुद्धहरूले पनि यो सूत्रेन्द्रको सदा ख्याल राखेका छन् । यो सूत्रेन्द्र राजको व्याख्या गर्दा बुद्धहरू साधुवाद दिन्छन् । शतसहस्र कोटी यक्षहरूले दशै दिशाका देशहरूको रक्षा गर्ने छन् । उनीहरूले अत्यन्त हर्षित भई आदर चित्तले यो सूत्रेन्द्र राजको श्रवण गर्छन् । जम्बुद्वीपमा रहेका अचिन्त्य मात्राका सबै देवगणहरू पनि प्रसन्न भई यो सूत्रेन्द्र राजको श्रवण गर्छन् । यो धर्म श्रवण कर्मद्वारा तेज, वल र वीर्य प्राप्त हुन्छ । महातेजवान् देवकाय अत्यन्त विकसित भई फैलेर जानेछ ।

त्यसपछि चार महाराजहरूले भगवान्का यस्ता गाथाहरू सुनेर आश्चर्य चकित र आनन्दित भई धर्म वेगले गर्दा त्यही मुहुर्तमा आँसु झार्न थाले । उनीहरूको शरीर खडा भए, अङ्ग प्रत्यङ्ग काँप्न थाले । मनमा प्रीति, सुख र सौमनस्य अचिन्त्य मात्रामा बढे पछि भगवान्लाई देवपुष्प मन्दारवा छर्के । फूल छर्कि सकेपछि आसनहरूबाट उठेर चिवर एउटा काँधमा राखेर दाहिने घुँडा भुइँमा राखी भगवान् तर्फ फर्केर हात जोडी भगवान् समक्ष यसो भने - 'हे भदन्त भगवान् हामी चार महाराज हरेकका पाँच पाँच सय यक्षहरूसहित ती धर्मवादिनहरूलाई परिपालन गर्नको लागि सदा धर्मवादिन भिक्षुहरूको आदर गर्नेछौं ।'

सुवर्ण प्रभासोत्तम सूत्रेन्द्र राज अन्तर्गत चतुर्महाराज परिवर्त नामक सातौं अध्याय पूरा भयो ।

## आठौं अध्याय : सरस्वती देवी परिवर्त

त्यसपछि महादेवी सरस्वतीले चीवर एक काँधमा राखेर दाहिने घुँडा भुइँमा राखी भगवान् तर्फ फर्केर आदरपूर्वक हात जोडेर भगवान्सँग यस्तो भनिन् -

'हे भदन्त भगवान ! म महादेवी सरस्वती पनि त्यस्ता धर्मवादिन भिक्षुहरूलाई वाक्ले अलंकृत गर्नको लागि प्रतिभान प्रदान गर्छु, धारणी पनि प्रदान गर्छु, निश्चित वाक्यद्वारा व्यवस्थित गर्छु, उक्त धर्मवादिन भिक्षुलाई ज्ञानको महाज्योति बनाउँछु । सुवर्ण प्रभासोत्तम सूत्रेन्द्र राजबाट कुनै पद र अक्षर हराएमा वा बिर्सेमा म उक्त धर्मवादिन भिक्षुलाई ती पद र अक्षर सबै पूरा गरिदिनेछु । त्यसरी शतसहस्र भगवान् बुद्धहरूमा कुशल मूल पैदा गर्ने ती सत्वहरूको लागि यो सुवर्ण प्रभासोत्तम सूत्रेन्द्र राज जम्बुद्वीपमा लामो समय रहन र चाँडै नहराउनको लागि नाना सत्वहरूले यो सुवर्ण प्रभासोत्तम सूत्रेन्द्र राज सुनेर तीक्ष्ण प्रज्ञा अचिन्त्य मात्रामा बढाउनको लागि, प्रज्ञा राशी अचिन्त्य मात्रामा पाउनको लागि, यही जीवनमा आयुमा सम्पन्नता प्राप्त गर्नको लागि, प्राणलाई हित गर्नको लागि, पुण्य राशी अपार रूपमा धारण गर्नको लागि, नाना उपायहरू खोज्नका लागि, सारा शास्त्रहरूमा कुशल हुनका लागि, नाना शिल्प विद्यामा पूर्णता हासिल गर्न तथा बिर्सने नहुनको लागि उसलाई धारणी पनि प्रदान गर्छु ।

धर्मवादिन उक्त भिक्षु र धर्म श्रवण गर्ने सत्वहरूको लागि मन्त्र, भैषज्यले युक्त भएर स्नान कर्म गर्ने तरीका बताउँछु । यसबाट ग्रह, नक्षत्र, जन्म, मरण पीडा, कलि-कलह, कलुष, डिम्ब डमर (रगत बिग्रने) दुःस्वप्न, विनायकका सारा पीडा, सारा कार्खोद र वेतालको पीडाहरू शान्त हुनेछन् ।

विद्वान्ले स्नान गर्दा चाहिने औषधि र मन्त्रहरू यस प्रकार छन् -

वचा, गोरोचना, स्पृका, शिरीष, शाम्यक, शमी, इन्द्रहस्ता, महाभागा, ज्ञामक, अगरू, त्वच, श्रीवेष्टक, सर्जरस, शल्लकी, गुग्गुलु, तगर, पत्र, शैलेय, चन्दन, मनःशीला, सरोचना, कुष्ठ, कुकुम, मुस्त, सर्षप, नलद, चल्य, सूक्ष्मैला, उशीर, नागकेसर । यिनीहरूलाई बराबर मात्रामा जम्मा गरी पुष्य नक्षत्र परेको दिनमा पिंधेर *'तद्यथा सुकृते करजात भागे हंश रण्डे इन्द्र जाल मलिलक उपसदे अवतासिके कुत्र कुकल विमलमति शीलमति संधिवुधमति शिशिरि सत्यस्थित स्वाहा'* मन्त्र सय पल्ट जपेर मंत्रित गर्नुपर्छ ।

गोबरले मण्डल कोरेर खुला फूलहरू राख्नुपर्छ । सुनको भाँडो र चाँदीको भाँडोमा मह राख्नुपर्छ । कवच धारण गरेका चार पुरूषहरू त्यहाँ राख्नुपर्छ । राम्रोसँग अलंकार लगाएका कलश बोकेका चार कन्याहरू पनि राख्नुपर्छ। सदा गुग्गुल बाल्नुपर्छ । पाँच प्रकारका वाजाहरू बनाउनु पर्छ । छत्र, ध्वज, पताकाले ती देवीलाई सु-सज्जित बनाउनु पर्छ । बीच बीचमा ऐना राख्नुपर्छ । वाण, शूलहरू पनि राख्नु पर्छ । त्यसपछि सीमा वन्धन गर्नुपर्छ । अति आवश्यक कुराहरू शुरू गर्नुपर्छ । निम्न मंत्र कर्मद्वारा सीमा वन्धन गर्नुपर्छ - *'स्याद्य थेदम् अने नयने हिलि हिलि गिली खिले स्वाहा ।'* भगवान्को पछाडि स्नान गरेर यो मन्त्र जपेर स्नानको शान्ति योग गर्नुपर्छ - *तद्यथा सुगते विगते विगतावती स्वाहा ।*

चारै दिशामा रहेका नक्षत्रहरूले आयु रक्षा गरून् । जन्म नक्षत्रको दोष, राशी कर्मको भय, महाभूत धातुहरूको गडवडीका दारूण भयहरू शान्त होउन् - *'तद्यथा शमे विषमे स्वाहा, सुगते विगते स्वाहा, सुरवति नते स्वाहा, सागर संभूताय स्वाहा, स्कन्ध मारूताय स्वाहा, नीलकण्ठाय स्वाहा, अपरजित वीर्याय स्वाहा, हिमवत संभूताय स्वाहा, अनिमिष वक्त्राय स्वाहा, नमो भगवते ब्राह्मणे नमो सरसत्वै देव्यै सिध्यन्तु मन्त्र पदास्तं ब्रह्म नमस्यन्तु स्वाहा।'*

उक्त धर्मवादिन भिक्षुको रक्षा गर्न, धर्म श्रवण गर्ने वाला, लेख्ने वालाहरूको लागि यो स्नान कर्म गर्दा म आफैं त्यो स्थानमा जानेछु । सारा देवगणहरू सँगसँगै त्यो गाउँ, नगर, क्षेत्र र विहारमा सारा रोगहरू शान्त पार्नेछुं ।

सूत्रेन्द्रराजको धारण गर्ने भिक्षु, भिक्षुणी, उपासक र उपासिकाहरूको प्राणलाई फाइदा पुऱ्याउने छु, संसारबाट निकाल्नेछु । अनुत्तर सम्यक् संबोधिबाट फेरि फर्कनु पर्ने नबनाई शिघ्र अनुत्तर सम्यक् संबोधि प्राप्त गराउनको लागि ग्रह, कली कलुष, जन्म नक्षत्र दोष, दुःस्वप्न, विनायकका सारा पीडाहरू सारा कार्खोद तथा वेतालहरूलाई शान्त पार्नेछु।'

त्यसपछि भगवान्ले देवी सरस्वतीलाई "हे महादेवी सरस्वती ! तिमीले बहुजनको हितको लागि, बहुजनको सुखको लागि आएर मन्त्र र औषधि सहितको यस्तो वाणी बताएकोमा साधु साधु !" भन्दै साधुवाद दिनुभयो । देवी सरस्वतीले भगवान्को पाउमा वन्दना गरी एक ठाउँमा बसिन् ।

त्यसपछि आचार्य व्याकरणकर्ता ब्राह्मणले देवी सरस्वतीलाई यसो भने - 'सरस्वती महादेवी, पूजनीया, महातपा, सबै लोकमा विख्यात, वरदाता महान गुण भएकी, शिखरमा बस्ने, सुन्दरी, दुबो घाँसको चीवर लगाएकी, दुबोले ढाकिएकी, एक पाउ टेकी उभिएकी'

सारा देवहरू जम्मा भएर यसो भने - सत्वहरूलाई शुभ वचन बताउन जिब्रो खोल । *स्याद्य थेदम् । सुरे विरे अरजे अरज वती हिंगुले पिङ्गले पिङ्गलवती मुखे मरीचि सुमति दिशमति अग्रामग्री तल वितले च पति चिचिरी शिरि मिरी मरिचि प्रणये लोक ज्येष्ठे लोक श्रेष्ठे लोकप्रिये सिद्धि प्रिते भीम मुखी शुचि खरि अप्रतिहते अप्रतेहत बुद्धे नमुचि नमुचि महादेवी प्रति गृह्ण नमस्कारं ।* मेरो मति अप्रतिहत होस् । शास्त्र, पद्य तन्त्र, पिटक र काव्य आदिमा मेरो विद्यामन्त्र सिद्ध होस् । *तद्यथा महाप्रभावा हिलि हिलि मिलि मिलि ।* भगवती सरस्वती देवीको वलले गर्दा म विजयी बनौं । *करटे केयुरे केयुरवती हिलि मिली हिलिमिली हिलीहिली ।*

बुद्धको सत्य, धर्मको सत्य, संघको सत्य, इन्द्रको सत्य र वरूणको सत्यद्वारा महादेवीलाई आवाहन गर्छौं । जगतमा भएका सत्य वादिनहरूको सत्य र सत्य वचनद्वारा महादेवीलाई आवाहन गर्नुपर्छ । *तद्यथा हिलि हिलि हिलि मिलि हिलिमिलि ।* म विजयी बनुँ । *नमो भगवत्यै महादेव्यै सरसत्यै । मम गुह्य मन्त्र वचनै सिद्यन्तु स्वाहा ।*

त्यसपछि आचार्य व्याकरणकर्ता ब्राह्मण कौण्डिन्यले महादेवी सरस्वतीलाई यस्ता गाथाहरूद्वारा स्तूति गर्नुभयो-

सारा भूतगणहरू ! मलाई सुन । देव, गन्धर्व, देवेन्द्र सहितको लोकमा परम स्त्री तथा श्रेष्ठ देवी जो छिन् त्यस्ती सुन्दर मुहार भएकी उत्तम देवीलाई स्तूति गर्छु । नाना विचित्र गुणको संग्रहले अंग शोभित भएकी सरस्वती नामकी विशाल नेत्र भएकी पुण्य ज्वाला भएकी, निर्मल ज्ञान गुणहरू विकसित भएकी, विभिन्न थरीका रत्न समान देखिने उत्तम वचनका विशेष गुण भएकी देवीको स्तूति गर्दछु ।

विशुद्ध मन्त्रवाली गुणकारी, उत्तम विमल पद्म समान ज्वलित, उत्तम नेत्र भएकी, सत् नेत्र भएकी, शुभकी आश्रय भएकी, शुभ देखिने, अपार गुणहरूबाट अलंकृत, चन्द्र समान, विमल प्रभा भएकी, ज्ञानकी स्रोत, उत्तम स्मृति भएकी, उत्तम सिंह र मानिसको वाहन भएकी, आठ हातहरूले अलंकार लिएकी, पूर्णिमाको चन्द्र जस्तो उज्ज्वल, मनोरम वाणी र सुमधुर स्वर भएकी, गम्भीर प्रज्ञा भएकी, उत्तम कार्य साधन गर्ने, राम्रा सत्वहरू, देव, असुर, इन्द्रले पूजा गरिएकी, सबै देव असुरकी स्थान भनिने, भूतगणद्वारा सदा पूजा गरिनेको लागि स्वाहा । हामी यी देवीलाई नमस्कार गर्छौं । मलाई सारा विशेष गुण प्रदान गर्नुहोस् । हरेक काममा मलाई सिद्धि दिनुहोस् । शत्रुहरूको बीचमा मलाई सदा बचाउ । यी सम्पन्न शब्द र विस्तृत वाक्यहरू बिहान उठ्ने बित्तिकै शुद्ध भएर उच्चारण गर्नुपर्छ । यसबाट सबै कामना पूरा भई धनधान्य प्राप्त गरिन्छ । शुभ सिद्धि विस्तृत रूपमा पाइन्छ ।

सुवर्ण प्रभासोत्तम सूत्रेन्द्र राज अन्तर्गत सरस्वती परिवर्त नामक आठौं अध्याय पूरा भयो ।

## नवौं अध्याय : श्री महादेवी परिवर्त

त्यसपछि भगवान्सँग महादेवी श्रीले यसो भनिन् -

हे भदन्त भगवान् ! म महादेवी श्री पनि जसरी भए पनि धर्मवादिन भिक्षुलाई सबै सामग्रीले सम्पन्न गराउने छु । दरिद्रता हुन दिने छैन । चित्त स्वस्थ बनाउने छु, सुखी चित्तले युक्त बनाउने छु । यो सुवर्ण प्रभासोत्तम सूत्रेन्द्र राजका विभिन्न शब्द र अक्षरहरू बुझ्नेछन्, विचार गर्नेछन्, सम्यक् रूपमा बताउने छन् ।

शतसहस्र बुद्धहरूसँग कुशल चित्त पैदा गरेर सत्वहरूको लागि यो सुवर्ण प्रभासोत्तम सूत्रेन्द्र राज जम्बुद्वीपमा लामो समय राख्नेछन्, चाँडै नहराउने बनाउने छन्, सत्वहरूले पनि सुवर्ण प्रभासोत्तम सूत्रेन्द्र राज सुन्ने छन् । यसबाट नियुत शतसहस्र कोटी कल्पसम्म देव मनुष्यहरूले सुख भोग्नेछन्, अनिकाल हुने छैन, वाली राम्रो हुनेछ, सत्वहरू पनि सारा सुखहरू पाएर सुखी हुनेछन्, तथागतसँग भेट हुनेछ, भविष्यमा अनुत्तर सम्यक् संबोधि प्राप्त हुनेछ, नरक, पशु र यमलोकका सारा दु:खहरू सकिनेछन् । त्यस्तै उक्त धर्मवादिन भिक्षुलाई वस्त्र, भोजन, शयन, भैषज्य, परिस्कार र अन्य परिस्कारद्वारा उत्साह दिइनेछ ।

तथागत अर्हत् सम्यक् संबुद्ध रत्नकुसुम गुणसागर वैडूर्य कनकगिरि सुवर्णकाञ्चनप्रभासश्रीर्नाम समक्ष महादेवी श्रीले कुशल मूल पैदा गरेकी थिइन् । उनी अहिले सबै दिशाका सत्वहरूलाई हेर्छिन् । जुनसुकै दिशामा रहेका प्राणीहरूमा पुग्छिन् र नियुत शतसहस्र कोटी सत्वहरू सबैलाई सुखी बनाउँछिन् । उनीहरूमा भोजन, पानी, धन, धान्य, शिपि, सुन, मणि, मोति, वैडूर्य, शंख, शिला, प्रवाल, चाँदी, सुनको धुलो र अन्य सामग्रीहरूको अभाव हुन दिन्नन्। सत्वहरूलाई त्यस्ता सामग्रीहरूबाट युक्त बनाउँछिन् ।

महादेवी श्रीको प्रभावद्वारा ती तथागतको पूजा गर्नुपर्छ । सुगन्ध, पुष्प तथा धूप पनि चढाउनु पर्छ । महादेवी श्रीको नाम तीन पल्ट उच्चारण गरेर उहाँलाई सुगन्ध, धूप, पुष्प चढाएर नाना स्वादिष्ट रस पनि चढाएमा त्यस्तो व्यक्तिको विशाल अन्न राशी बढेर जानेछ । यसमा यस्तो भनिएको छ -

'धर्तीमा पृथ्वीको रस फैलने छ । देवहरू सदा प्रसन्न हुनेछन् । फल, वाली, जरा र वृक्षका देवहरूले अत्यन्त धेरै विभिन्न प्रकारका वालीहरू पनि पैदा गर्नेछन् ।'

सुवर्ण प्रभासोत्तम सूत्रेन्द्र राजको नाम उच्चारण गर्ने सत्वहरूलाई महादेवी श्रीले ख्याल राख्नेछिन् । उनीहरूलाई महान श्रीले युक्त बनाउने छिन् ।

महादेवी श्री चाहिँ अलकावतीको पुण्य कुसुमप्रभा नामक उत्तम वगैंचामा रहेको सात रत्नहरूले बनेको सुवर्णध्वज नामक प्रासादमा रहनुहुन्छ । अन्न राशी बढाउन चाहने व्यक्तिले आफ्नो घरलाई राम्रोसँग बढार्नु पर्छ । राम्रोसँग स्नान गरेर सेतो कपडा पहिरनु पर्छ । आफ्नो वस्त्रमा सुगन्ध छर्कनु पर्छ । तथागत अर्हत् सम्यक् संबुद्ध रत्न कुसुमगुणसागर वैडूर्य कनक गिरि सुवर्णकाञ्चनप्रभासश्रीलाई दण्डवत् गरी उहाँको नाम तीन पल्ट उच्चारण गर्नुपर्छ । महादेवी श्रीको हातबाट तथागतको पूजा गराउनु पर्छ, पुष्प, सुगन्ध र धूपद्वारा पनि पूजा गराउनु पर्छ । नाना थरिका स्वादिष्ट रस पनि चढाउनु पर्छ । सुवर्ण प्रभास सूत्रेन्द्र राजको नाम पनि तीन पल्ट उच्चारण गर्नु पर्छ । सत्य वचनको पनि उच्चारण गर्नु पर्छ ।

महादेवी श्रीलाई पनि पूजा गरी फूल तथा धूप पनि चढाउनु पर्छ । स्वादिष्ट रस पनि चढाएमा यो सुवर्ण प्रभासोत्तम सूत्रेन्द्र राजको प्रभावले त्यस वेला महादेवी श्रीले त्यस घरको ख्याल गर्नुहुन्छ । त्यहाँ महान अन्न राशी पनि फैलने छ । महादेवी श्रीलाई आवाहन गर्न चाहने व्यक्तिले यी विद्या मन्त्रहरूको स्मरण गर्नुपर्छ । *"नम:*

*सर्वबुद्धानामतीतानागतप्रत्युत्पन्नानाम् । नमः सर्व बुद्धबोधिसत्वानाम् । नमो मैत्रेयप्रभृतीनां बोधिसत्वानाम् । तेषां नमस्कृत्य विद्यां प्रयोजयामि । इयं मे विद्या समृध्यतु । स्याद्य थेदम् । प्रतिपूर्णवरे समन्त दर्शने महाविहरगते समन्त वेदनगते । महाकार्यं प्रतिप्रापणे सत्वार्थ समतानुप्रपुरे । आयान धर्मता महाभरेगिने । महामैत्रे उपसंहिते हितैषि संग्रहिते । ते समर्थानु पालनि ।"*

यिनीहरू मूर्धाभिषेक धर्मताका गुह्य मन्त्रका पदहरू हुन् । विशुद्ध सिद्धि प्रदान गर्ने अविसंवादी पदहरू हुन् । मध्यममा प्रवेश गर्न चाहने निष्पाप सत्वहरूले कुशल मूल अभ्यास गरी सात वर्षसम्म पाठ गरी धारण गर्न अष्टाङ्ग उपोषथमा रहनुपर्छ । आफू र सम्पूर्ण सत्वहरूको सर्वज्ञता ज्ञान परिपूर्ण गर्नको लागि पूर्वान्ह र अपरान्हमा सम्पूर्ण बुद्धहरूलाई फूल तथा धूपले पूजा गरेर उहाँहरूबाट मेरा यी आकांक्षाहरू पूर्ण होउन्, चाँडै पूर्ण होउन् भनी प्रार्थना गर्नुपर्छ । अरण्य वा विहारमा जहाँ मिल्छ त्यहाँको गृहलाई अत्यन्तै सफा बनाएर गोबरको मण्डल लेख्नु पर्छ । त्यसमा धूप र सुगन्ध चढाउनु पर्छ । शुद्ध आसन पनि विछ्याउनु पर्छ । भुइँमा फूलका टुक्राहरू छर्केर बसाउनु पर्छ । त्यसपछि एक क्षणमै श्री त्यहाँ आएर वास गर्नुहुन्छ ।

त्यसपछि त्यो घर, गाउँ, नगर, जिल्ला, विहार वा अरण्य निवास कहिल्यै पनि दरिद्र र अभाव ग्रस्त हुन्न । हिरण्य, सुन, रत्न, मणि, धन, अन्न तथा सारा सामग्रीहरूबाट युक्त हुन्छ । सारा सुखदायक द्रव्यहरूबाट सुख प्राप्त हुनेछ । कुशल मूल भएका जे कर्महरू गरे पनि ती सबैको उत्तम भाग महादेवी श्रीलाई चढाउनु पर्छ । जबसम्म आफू रहिन्छ तबसम्म श्री पनि त्यहीँ रहन्छिन् । दरिद्र बनिन्न । उनीहरूका सारा मनोरथ परिपूर्ण हुन्छन् ।

सुवर्ण प्रभासोत्तम सूत्रेन्द्र राज अन्तर्गत श्री महादेवी परिवर्त नामक नवौं अध्याय पूरा भयो ।

## दशौं अध्याय : दृढा पृथिवी देवी परिवर्त

नमो भगवते रत्नशिखिन : तथागतस्य । नमो भगवते विमलोज्वल रत्न सुवर्ण रश्मिप्रभासकेतु तथागतस्य । नमो तथागत सुवर्ण जम्बुध्वज सुवर्ण प्रभासोत्तम । नमो तथागत सुवर्ण प्रभासगर्भस्य । नमो तथागत सुवर्ण शतरश्मिप्रभासकेतुस्य । नमो तथागत सुवर्ण रत्नाकरछत्रकुटाय । नमो तथागत सुवर्ण पुष्पोज्ज्वलरश्मिकेतुस्य । नमो तथागत महाप्रदीपाय । नमो तथागत रत्नकेतुये ।

रूचिरकेतुर्नामक बोधिसत्व, सुवर्ण प्रभासोत्तम नामक बोधिसत्व, सुवर्णगर्भ नामक बोधिसत्व, सदाप्ररूदित नामक बोधिसत्व, धर्मोद्गत नामक बोधिसत्व, अक्षोभ्य नामक पूर्व दिशाका तथागत, रत्नकेतु नामक दक्षिण दिशाका तथागत, अमिताभ नामक पश्चिम दिशाका तथागत, दुन्दुभिस्वर नामक उत्तर दिशाका तथागत जस्ता सुवर्ण प्रभासोत्तम सूत्रेन्द्रराज अन्तर्गतका तथागतहरू तथा बोधिसत्वहरूको नाम जसले धारण गर्छ, वाचन गर्छ, बयान गर्छ उसले सधैं जाति स्मरण गर्छ ।

त्यसपछि भगवान्सँग पृथिवीदेवी दृढाले यसो भनिन् -

हे भदन्त भगवान् ! यो सुवर्ण प्रभासोत्तम सूत्रेन्द्र राज अहिले र पछि जुन शहर, गाउँ, निगम, देश, वन प्रदेश, पर्वत कन्दरा वा दरवारमा राखिनेछ ती शहर, गाउँ, निगम, देश, वन प्रदेश, पर्वत कन्दरा वा दरवारमा म पृथिवी देवी दृढा जानेछु । हे भदन्त भगवान् ! जहाँ यो सुवर्ण प्रभासोत्तम सूत्रेन्द्र राजको विस्तृत रूपमा सम्यक् रूपले व्याख्या हुन्छ, जुन ठाउँमा धर्म प्रवचक भिक्षुको आसन तयार हुनेछ, जुन ठाउँमा धर्म प्रवचक आसनमा बसेर यो सुवर्ण प्रभासोत्तम सूत्रेन्द्र राजको विस्तृत रूपमा सम्यक् रूपले दर्शाउने छन्, म पृथिवी देवी दृढा त्यही ठाउँमा जानेछु ।

यो शरीरलाई अदृश्य बनाएर धर्म गद्दिको मुनि गएर अङ्गहरू कसेर शिरले धर्म प्रवचक भिक्षुको चरणलाई स्थिर बनाउने छु । म पनि धर्म सुनेर धर्मको अमृतको रसले सन्तुष्ट हुनेछु । राम्रोसँग सत्कार गर्नेछु, राम्रोसँग पूजा गर्नेछु ।

म सन्तुष्ट हुनेछु र सत्कार गर्न लगाउने छु । अति प्रसन्न भई अठसट्ठी हजार योजन पृथ्वी स्कन्धसम्म छोएको वज्र निर्मित धरतीमा पृथ्वी रस फैलाउने छु । सत्कारलाई राम्रोसँग परिपूर्ण गर्नेछु । माथि पनि समुद्रको छेउलाई छुनेसम्मको यो पृथिवी मण्डलमा पृथ्वीको रस युक्त तेलले भिजाउने छु । यो महापृथिवीलाई अति नै ओजस्वी बनाउने छु । त्यसैले गर्दा यो जम्बुद्वीप नाना थरीका घाँस, रूख, वनस्पति, जडीबुटीद्वारा ओजस्वी रूपमा राम्रोसँग उम्रने छन् ।

सबै उपवन, वन र जंगल सबै नाना पात, फूल, फल, वालीले युक्त भई ओजस्वी हुनेछन् । तिनीहरू सुगन्ध, तैल्य पदार्थ र मीठो रसले युक्त भएर देख्दा अति सुन्दर र महानताले युक्त हुनेछन् । प्राणीहरूले तिनीहरू खाँदा र पिँउदा आनन्दित हुनेछन् साथै आयु, वल, वर्ण र इन्द्रियहरूको वृद्धि हुनेछ । तेज, वल, वर्ण, रूपले युक्त भई पृथ्वीमा सयौं हजारौं थरीका नाना कर्महरू ती प्राणीहरूले गर्ने छन् । तिनीहरू वीर्यवान तथा प्रयत्नशील हुनेछन् । वलवान भएर कामहरू गर्नेछन् ।

हे भदन्त भगवान् ! त्यो कारणले गर्दा सारा जम्बुद्वीपमा शान्ति हुनेछ । वालीनाली राम्रो भएर उन्नति भई आनन्द बढ्नेछ । जनसंख्या बढ्नेछ । जम्बुद्वीपका सारा प्राणीहरूलाई आनन्द हुनेछ । उनीहरूले नाना किसिमका सुखहरूको अनुभव गर्नेछन् । ती प्राणीहरू तेज, वल, वर्ण, रूपले युक्त हुनेछन् ।

यो सुवर्ण प्रभासोत्तम सूत्रेन्द्र राज पाउनको लागि तिनीहरू यो सूत्र धारण गरेका भिक्षु, भिक्षुणी, उपासक र उपासिकाहरूको धर्म आसन तर्फ जानेछन् । त्यहाँ गएर अत्यन्त प्रसन्न चित्तले सम्पूर्ण प्राणीहरूको भलाई र सुखको लागि यो सुवर्ण प्रभासोत्तम सूत्रेन्द्र राजको विस्तृत रूपमा राम्रोसँग व्याख्या गर्नको लागि धर्म प्रवचकहरू समक्ष अनुरोध गर्नेछन् । त्यो किन भने हे भदन्त भगवान् ! यो सुवर्ण प्रभासोत्तम सूत्रेन्द्र राजको राम्रोसँग व्याख्या गरियो भने अनुत्तर सहितकी म पृथ्वी देवी दृढा अत्यन्तै तेजस्वी र वलवान हुनेछु । हाम्रो शरीरमा वल, वीर्य र धेरै शक्ति पैदा हुनेछ । हाम्रो शरीरमा तेज, श्री र सम्पन्नताहरू पनि प्रवेश गर्नेछन् ।

हे भदन्त भगवान् ! म पृथ्वी देवी दृढा धर्म अमृतको रसले तृप्त हुनेछु । तेज, वल, वीर्य, शक्ति र महावेग प्राप्त रसले तृप्त हुनेछु । तेज, वल, वीर्य, शक्ति र महावेग प्राप्त भएमा महापृथ्वीको सत्तरी हजार योजन भएको यो जम्बुद्वीपको महत पृथ्वी रस फैलेर जानेछ । महापृथ्वी अति नै ओजस्वी हुनेछ । हे भदन्त भगवान् पृथ्वीमा आश्रित सम्पूर्ण प्राणीहरू पनि फैलेर बढ्नेछन् । महानता पनि बढ्नेछ । पृथ्वीमा रहेका ती प्राणीहरू महान भएर नाना सुख भोग पूर्ण रूपमा भोग्न पाउने छन्, सुख पनि भोग्ने छन् । तिनीहरू सबैले नाना थरिका भोजन, पेय पदार्थ, वस्त्र, विछ्यौना, वास, घर, दरवार, उपवन, नदी, कुण्ड, तलाउ, कुवा, ताल, पोखरी जस्ता नाना पृथ्वीमा रहेका, पृथ्वीबाट पैदा भएका र पृथ्वीमा आश्रित नाना सामग्रीहरूको उपभोग गर्नेछन् ।

हे भदन्त भगवान् ! त्यसकारण ती सम्पूर्ण प्राणीहरू हामी प्रति कृतज्ञ हुनुपर्छ । निश्चित रूपमा यो सुवर्ण प्रभासोत्तम सूत्रेन्द्र राजको श्रद्धापूर्वक श्रवण गर्नुपर्छ, सम्मान गर्नुपर्छ, सत्कार गर्नुपर्छ, पूजा गर्नुपर्छ ।

हे भदन्त भगवान् ! ती सत्वहरू धर्म प्रवचकको अगाडि पुग्नको लागि नाना कुल र नाना गृहबाट निस्केर त्यहाँ गई सुवर्ण प्रभासोत्तम सूत्रेन्द्रराजको श्रवण गर्छन् र सुने पछि आफ्नो आफ्नो कुल गृह भएका नाना गाउँहरूमा रहन्छन् , एक आपसमा "मैले आज यस्तो गम्भीर धर्म श्रवण गरें । मैले आज अचिन्त्य मात्राको पुण्य राशी पूरै ग्रहण गरें । हामीले यो धर्म श्रवण गरेर शत सहस्र कोटी तथागतहरूलाई प्रसन्न बनायौं । आज हामीले यो धर्म श्रवण गरेको हुनाले हामी नरकबाट मुक्त भयौं । पशु योनी, यमलोक, प्रेत प्रदेशबाट मुक्त भयौं । आज हामीले यो धर्म श्रवण गरेको हुनाले भविष्यमा शत सहस्र कोटी जन्मसम्म देव र मनुष्यको रूपमा जन्मनेछौं ।" भनेर कुराकानी गर्नेछन् ।

आफ्नो घरमा गएर ती व्यक्तिहरूले अरूहरूलाई कमसेकम पनि सुवर्ण प्रभासोत्तम सूत्रेन्द्र राजको एउटा मात्र भए पनि उपमा बताउने छन् , यसको कमसेकम पनि एउटा अध्याय वा एक जातक कथा नत्र बोधिसत्वको एउटै नाम वा तथागतको एउटा मात्र नाम, एउटै श्लोक वा शब्द अर्को व्यक्तिलाई सुनाउने छन् वा कमसेकम यो सुवर्ण प्रभासोत्तम सूत्रेन्द्रराजको नाम अरूलाई देखाउने छन् ।

हे भदन्त भगवान् ! जुन जुन ठाउँमा विभिन्न व्यक्तिहरूले विभिन्न ठाउँमा यो सूत्रका यस्ता नानाविध हेतुहरू एउटालाई एक बताउने, सुनाउने, कथा वाचन गराउने गरेमा ती ठाउँहरू सबै ओजस्वी हुनेछन् । अत्यन्तै स्निग्ध हुनेछन् । ती ठाउँहरू तथा त्यहाँका सम्पूर्ण प्राणीहरूको लागि नाना किसिमका पृथ्वी रस तथा सबै सामग्रीहरू व्यापक रूपमा पैदा हुनेछन्, वृद्धि हुनेछन्, अति नै व्यापक हुनेछन् । त्यहाँका सबै प्राणीहरू सुखी हुनेछन् । धन तथा सम्पत्ति बढ्ने छन् र दान दिने इच्छा हुनेछ । त्रिरत्न प्रति श्रद्धा पैदा हुनेछ ।" पृथिवी देवी दृढाले यसो भनिन् ।

भगवान्‌ले पृथ्वी देवी दृढालाई यस्तो भन्नुभयो - "हे पृथ्वी देवी ! जुन सत्वहरूले यो सुवर्ण प्रभासोत्तम सूत्रेन्द्र राजको कमसेकम एउटा शब्द मात्र पनि सुनेको हुन्छ उक्त सत्वहरू मर्ने बित्तिकै त्रायस्त्रिंश वा अन्य देवलोकहरूमा देवको रूपमा जन्मने छन् । हे पृथ्वी देवी ! कुनै व्यक्तिले यो सुवर्ण प्रभासोत्तम सूत्रेन्द्र राजलाई पूजा गर्नको लागि यो सूत्र राखिने ठाउँलाई राम्रोसँग सजाउँछ वा कमसेकम एउटा छत्तरी वा ध्वज चढाउँछ वा एउटा

कपडाको टुक्राले ग्रन्थलाई बेर्छ भने उक्त सुसज्जित स्थान सात कामावचार देवहरूको सप्त रत्नले सजाइएको प्रासाद बन्छ । ती व्यक्तिहरू यो मानव लोकमा मर्ने बित्तिकै सप्त रत्नहरूले बनेको प्रासादमा जन्मने छन् । हे पृथ्वी देवी ! सात रत्नहरू हरेकले बनेका प्रासादहरूमा सात सात पल्ट जन्मने छन् । अचिन्त्य मात्रामा देव सुखको भोग गर्नेछन् ।"

भगवान्ले यस्तो भने पछि पृथ्वी देवी दृढाले भगवान्को अगाडि यसो भनिन् -

'हे भदन्त भगवान् ! म, पृथ्वी देवी दृढा, धर्म प्रवचक भिक्षुका धर्म आसन तल बस्ने छु । शत सहस्र बुद्धहरूमा कुशल मूल पैदा गरेको यो सुवर्ण प्रभासोत्तम सूत्रेन्द्र राजद्वारा सत्वहरूको हितको लागि यसलाई यो जम्बुद्वीपमा राख्नको लागि, नाश भएर जान नदिनका लागि सत्वहरूले पनि यो सुवर्ण प्रभासोत्तम सूत्रेन्द्र राजको श्रवण गर्नेछन् । भविष्यमा शतसहस्र कोटी कल्पसम्म देव र मनुष्यको अचिन्त्य मात्राको सुख भोग गर्नेछन् । तथागतहरूसँग भेट हुनेछ । भविष्यमा अनुत्तर सम्यक् संबोधि लाभ हुनेछ । नरक, पशु योनी तथा यमलोकका सबै दुःखहरू सकिएर अन्त हुनेछन् । म धर्म प्रवचक भिक्षुको पाउलाई अङ्गहरूको उत्तम शिरले अड्याउने छु ।

सुवर्ण प्रभासोत्तम सूत्रेन्द्रराज अन्तर्गतको पृथ्वी देवी दृढा परिवर्त नामक दशौं अध्याय पूरा भयो ।

## एघारौं अध्याय : संज्ञेय महायक्ष सेनापति परिवर्त

त्यसपछि महायक्ष सेनापति संज्ञेय अट्ठाइस जना महायक्ष सेनापतिहरू सँगसँगै आसनबाट उठे । वस्त्रले एकापट्टिको काँध ढाकेर दाहिने घुँडा भुइँमा राखी भगवान् बुद्ध बस्नुभएको स्थानतिर फर्केर दुई हात जोडी अभिवादन गर्दै भगवान् समक्ष यसो भने -

हे भदन्त भगवान् ! अहिले र पछिको समयमा यो सुवर्ण प्रभासोत्तम सूत्रेन्द्र राज जुन गाउँ, नगर, जिल्ला, क्षेत्र, वन प्रदेश, पर्वत कन्दरा र दरवारमा हुन्छ ती स्थानहरूमा म महायक्ष सेनापति संज्ञेय र अट्ठाइस महायक्ष सेनापतिहरू सँगसँगै जानेछौं । शरीरलाई अदृश्य बनाएर धर्म वाचक भिक्षुहरूको रक्षा, पालन, ग्रहण र त्राण गर्दछौं । साथै दण्ड त्यागेर शान्ति दिई सुखी बनाउछौं ।

पुरूष, महिला, केटा र केटीहरू जस्ता सबैजना धर्म सुन्नेहरूमध्ये जसले यो सुवर्ण प्रभासोत्तम सूत्रेन्द्र राजबाट कमसेकम चार हरफे एक श्लोक वा एक हरफ मात्र वा यो सुवर्ण प्रभासोत्तम सूत्रेन्द्रराज अन्तर्गतको एउटै बोधिसत्वको नाम वा तथागतको एउटा मात्र नाम सुनेर धारण गर्छ वा कम्तीमा पनि यो सुवर्ण प्रभासोत्तम सूत्रेन्द्रराजको नाम मात्र सुनेर धारण गरेको हुन्छ, तिनीहरू सबैलाई हामी रक्षा गर्छौं, शरण दिन्छौं, ग्रहण गर्छौं, परिपालन गर्छौं । साथै उनीहरूको दण्ड त्यागेर शान्त र सुखी बनाउछौं । तिनीहरूको कुल, निवास, गाउँ, नगर, जिल्ला, अरण्य तथा महलहरूको पनि पूरै रक्षा गर्नेछौं, शरण दिन्छौं, ग्रहण गर्छौं, परिपालन गर्छौं । त्यस्तै दण्ड त्यागेर शान्त र सुखी बनाउने छौं ।

हे भदन्त भगवान् ! कुन कारणले गर्दा मेरो नाम महायक्ष सेनापति संज्ञेय रहन गयो भन्ने हो भने यो भदन्त भगवान्लाई प्रत्यक्ष नै छ । हे भदन्त भगवान् ! मैले सबै धर्महरू जानेको छु, सबै धर्महरू पूरै जानेको छु । सबै धर्महरूको बोध गरेको छु । यावत सर्व धर्महरू साथै धर्महरूको यथास्थिति, धर्महरूको सम्यक् ज्ञान ममा भएकाले हे भदन्त भगवान्, म सबै धर्महरू प्रत्यक्ष रूपमा जान्दछु । हे भदन्त भगवान् ! सम्पूर्ण धर्महरूमा मेरो ज्ञानको अवभास अचिन्त्य छ । ज्ञानको आलोक अचिन्त्य छ । ज्ञानको चाल अचिन्त्य छ । ज्ञानको स्कन्ध अचिन्त्य छ । हे भदन्त भगवान्! सबै धर्महरूमा मेरो ज्ञानको विषय अचिन्त्य छ । सम्यक् रूपमा परीक्षण गरेर सम्यक् रूपमा जानेर विशुद्ध रूपमा देखेर पूर्ण रूपमा बोध गरेको कारणले गर्दा हे भदन्त भगवान्, मैले महायक्ष सेनापति संज्ञेय नाम पाएको हुँ ।

हे भदन्त भगवान् ! धर्म प्रवचक भिक्षुहरूका शब्दहरू अलंकृत गर्नाका लागि उत्साह दिन्छु । धर्म प्रवचक भिक्षुहरूको शरीरलाई नथाक्ने बनाउँछु, शरीरलाई आरामदायी बनाउँछु, प्रसन्न बनाउँछु । सयौं हजारौं बुद्धहरूमा कुशल मूल पैदा गराई सत्वहरूको हित गर्ने यो सुवर्ण प्रभासोत्तम सूत्रेन्द्र राजलाई संसारमा लामो समय राख्न र चाँडै नहराउने बनाउको लागि, सत्वहरूलाई यो सुवर्ण प्रभासोत्तम सूत्रेन्द्र राजको श्रवण गराउन, अचिन्त्य ज्ञान स्कन्धलाई प्राप्त गराउन, प्रज्ञावान बनाउन, पुण्य स्कन्ध धारण गराउन, भविष्यमा शतसहस्र कोटी कल्पसम्म देव र मनुष्यको अचिन्त्य सुख उपभोग गराउन, तथागतसँग मित्रता गराउन, भविष्यमा अनुत्तर सम्यक् संबोधि प्राप्त गराउन, नरक-पशु र यम लोकका सबै दुःखहरू अन्त गराउनको लागि धर्म प्रवचकहरूको रोम छिद्रहरूमा तेज प्रदान गर्नेछु । उनीहरूको शरीरमा शक्ति, वल र वीर्य धेरै मात्रामा पैदा गर्नेछु । उनीहरूको ज्ञानको आलोक अचिन्त्य बनाउने छौं । उनीहरूको स्मृति अववोध गराउने छौं, उत्साही गराउने छौं ।

सुवर्ण प्रभासोत्तम सूत्रेन्द्र राज अन्तर्गत संज्ञेय महायक्ष सेनापति परिवर्त नामक एघारौं अध्याय पूरा भयो ।

(आर्य सुवर्ण प्रभासोत्तम सूत्रेन्द्र राज नामक महायान सूत्रको चौथो काण्ड)

## बाह्रौं अध्याय: देवेन्द्र समय राजशास्त्र परिवर्त

भगवान् रत्नकुसुम गुणसागर वैडूर्य कनकगिरि सुवर्णकाञ्चन प्रभासश्री तथागत अर्हत् सम्यक् संबुद्धलाई नमस्कार गर्छु । भगवान् तथागत अर्हत् सम्यक् संबुद्ध अनेक गुणकोटि नियुत शतसहस्र समलंकृत शरीर भएका र यो धर्म प्रदीपलाई प्रज्वलित गराउने शाक्यमुनिलाई नमस्कार गर्छु । अपरिमित पुण्य, धान्य, मांगल्य र सम्पन्नता भएकी महादेवी श्रीलाई नमस्कार गर्छु । प्रज्ञाका अपरिमित गुणहरू संग्रह भएकी महादेवी सरस्वतीलाई नमस्कार गर्छु ।

त्यस वेलामा वलेन्द्रकेतु राजाले भर्खरै अभिषिक्त भई राज्य प्रतिष्ठा गरिएका पुत्र रूचिरकेतुलाई यस्तो भने "हे पुत्र ! म पहिले राजाको रूपमा अभिषिक्त हुने बित्तिकै मेरा पिता वरेन्द्रकेतुले बताएको देवेन्द्र समय नामक एक राजशास्त्र छ । मैले यो देवेन्द्र समय नामक राजशास्त्रको आधारमा बीस हजार वर्षसम्म राज्य गरें । मैले एक क्षण मात्र पनि कुनै एक पक्षपात गरेको थाहा छैन । हे पुत्र ! यो देवेन्द्र समय नामक राजशास्त्र के हो त ?" कुल देवता, राजा वलेन्द्रकेतुले आफ्ना पुत्र रूचिरकेतुलाई देवेन्द्र समय नामक राजशास्त्र निम्न गाथाहरूको रूपमा विस्तारमा बताए –

सर्व सत्वलाई हितकारी, सबै शंकाहरू निवारण गर्ने, सबै दुष्कृतहरूलाई नाश गर्ने राजशास्त्र बताउँदै छु । सम्पूर्ण राजा हरेकले प्रसन्न चित्त भई सारा देवेन्द्रका समयहरू दुवै अञ्जलीहरू जोडेर सुन्नुहोस् ।

यो वज्राकार पर्वत राजमा जम्मा भएका देवेन्द्रहरू ब्रह्मेन्द्रसँग प्रश्नहरू सोधन लोकपालहरू उठे । तपाईं देवताका प्रमुख ब्रह्मा हुनुहुन्छ, तपाईं देवहरूका ईश्वर हुनुहुन्छ, तपाईंले हाम्रा शंकाहरूको निवारण गर्नुपर्छ, हामीहरूका शंका हटाउनु होस् -

'मानिसको रूपमा जन्मेको राजालाई किन देव भनिन्छ ? कुन कारणले गर्दा राजालाई देवपुत्र भनिन्छ ? । कसरी देव यो मानव लोकमा जन्मेर मानवको स्वामी हुन्छन् त ? कसरी मानवहरूलाई राज्य गर्छन् ?' लोकपाल ब्रह्मालाई यस्ता प्रश्नहरू सोधिए ।

देवहरूका स्वामी ब्रह्माले लोकपाललाई यस्तो उत्तर दिए । त्यसरी लोकपालहरूले अहिले मलाई प्रश्नहरू सोध्दा सर्व सत्वहरूको हितको लागि म यो उत्तम शास्त्र दर्शाउँछु ।

मनुष्यको स्थानमा जन्मेका राजाहरूको जन्म तथा कुन कारणले आफ्नो प्रदेशका राजा भए भनी बताउँछु। देवेन्द्रहरूको अधिष्ठानले उनीहरू आमाको कोखमा प्रवेश गर्छन् । देवहरूको आशीर्वादले बाहिरबाट मातृ गर्भमा प्रवेश गर्छन् । मानवलोकमा जन्मे पनि मानवकै राजा हुन्छन् । देवहरूबाट आएर जन्मेकाले देवपुत्र भनिन्छन् ।

त्रायस्त्रिंशका देवराजहरूले राजाको भाग दिएर तिमीहरू देवहरूका पुत्र हौ । मानिसहरूको ईश्वरहरूको रूपमा निर्मित बन । नराम्रा कामहरू रोक्न, अधर्महरूलाई नाश गर्न, प्राणीहरूलाई राम्रो काममा लगाउन, देवहरूको आलयमा पठाउनको लागि मानव राजाहरू मनुष्यको रूपमा, देवको रूपमा, गन्धर्वको रूपमा, चाण्डालको रूपमा, राक्षसको रूपमा गएर नराम्रा काम गर्नेहरूलाई रोक्ने छन् ।

राम्रा काम गर्नका लागि नृपति (राजा), माता पिता हुन् । विपाक फल दर्शाउनको लागि देवहरूले राजालाई अधिष्ठित गरिएको हुन्छ । यो जन्मका राम्रा काम र नराम्रा कामहरूको विपाक फल दर्शाउनको लागि देवहरूले राजालाई अधिष्ठित गरेका हुन्छन् ।

देशमा नराम्रो काम गर्नेहरू रहँदा राजाले उपेक्षा गरेमा, पापी जनहरूलाई उपयुक्त सजाय नदिएमा, नराम्रो काम गरेकोमा उपेक्षा गरेमा अधर्म अत्यन्तै बढ्छ । कलह, छलकपट उक्त राष्ट्रमा बारम्बार हुन्छन् । त्रायस्त्रिंश देव भवनमा देवेन्द्र क्रुद्ध हुनेछन् । देशमा नराम्रो काम गर्नेहरू बसेको वेला राजाले उपेक्षा गरेमा त्यस वेलामा छलकपट सहन नसकेर घोर व्यक्तिहरूले देश पूरै ध्वस्त पार्नेछन् ।

शत्रु पक्षका सैन्यहरूले उक्त देशलाई ध्वस्त पार्नेछन् । वैभवहरूको पनि नाश हुनेछ । जम्मा पारेर राखेको सम्पत्ति भए पनि धेरै प्रकारका नाना ठगहरूले परस्परमा लुटेर लैजानेछन् । राजाले जुन काम गर्नु पर्ने हो त्यो काम नगरेमा शक्तिशाली हात्तिले कमल भएको पोखरी नष्ट पारे झैं राष्ट्रलाई ध्वस्त पार्नेछन् । भयानक रूपमा वायु चल्छ, विषम रूपमा वर्षा हुन्छ । सूर्य, चन्द्र, ग्रह, नक्षत्र सबै विषम हुन्छन् । राजाले उपेक्षा गरेमा त्यस देशमा बीउ, बाली, फूल, फल राम्रोसँग नपाक्ने भएकाले अनिकाल हुनेछ ।

देशमा नराम्रो काम गर्नेहरू रहँदा राजाले उपेक्षा गरेको वेलामा देवहरूको भुवनमा उनीहरू अप्रसन्न हुनेछन्। देवराज इन्द्रले त्यो राजा अधार्मिक भएछ, धर्मको पक्षमा रहेको छैन भनेर परस्परमा कुरा गर्नेछन् । त्यस्ता राजाले चाँडै नै देवहरूलाई क्रुद्ध बनाउने छन् । देवहरू अत्यन्तै क्रुद्ध भएमा त्यो देशको विनाश हुनेछ । त्यो देश अधार्मिक हुनेछ र शस्त्रहरूबाट नष्ट हुनेछ । छलकपट, झगडा, रोग पनि पूरै फैलनेछ । देवेन्द्र अति नै क्रुद्ध भए पछि देवहरूले पनि पूरै उपेक्षा गर्नेछन् । त्यो राष्ट्रको विनाश हुनेछ । राजा शोकाकूल हुनेछन् । इष्टमित्र, पुत्र तथा प्रियजनबाट अलग हुनेछन् । प्रिय पत्नीबाट पनि अलग हुनेछन् । अझ पुत्रीको मृत्यु हुनेछ । उल्कापात हुनेछ । त्यसै गरी सूर्य जस्तै हुनेछन् । शत्रु सैन्य भय तथा अनिकाल हुनेछ । उसको मन्त्रीको पतन हुनेछ । हात्तीको पनि पतन र मृत्यु हुनेछ । त्यसपछि ऊँटको पतन र मृत्यु हुनेछ । कुल, भोग, धनको पनि परस्परमा हरण हुनेछ ।

देश देशमा अस्त्रहरू लिएर एक आपसमा हान्नेछन् , विवाद, कलह र छलकपट प्रदेशहरूमा हुनेछन् । राष्ट्रमा ग्रह (विघ्न) प्रवेश गरेर असाध्य रोगहरू लाग्नेछन् । अझ दाताहरू पनि अधार्मिक हुनेछन् । परिषद तथा मन्त्रीहरू पनि अधार्मिक हुनेछन् । अधार्मिक जनलाई पूजा गरिनेछ । धार्मिक व्यक्तिहरूलाई सधैं सजाय गरिनेछ । अधार्मिक जनहरूलाई मान गरिने छ ।

धार्मिक व्यक्तिहरूलाई दण्ड दिनाले त्यहाँ जल, नक्षत्र र वायु तीनवटै असंतुलित हुनेछन् । अधार्मिक व्यक्तिहरूलाई ग्रहण गरेको हुनाले सद्धर्म रस, ओज, प्राणीहरूको ओज र पृथ्वीको रस जस्ता तीनवटै भावहरूको विनाश हुनेछ । असत्य व्यक्तिहरूको सम्मान हुनेछ र सज्जनहरूको अपमान हुनाले मृत्यु , वज्रपात र अनिकाल जस्ता तीन पक्षहरू त्यहाँ हुनेछन् । त्यसपछि फल र बालीको रस र ओज हुनेछैन । त्यस्तो ठाउँमा सत्वहरूलाई धेरै प्रकारका रोगहरू लाग्नेछन् ।

गुलिया र ठूला फलहरू देशमा भए पनि तिनीहरू तिता, तीखा र साना हुनेछन् । खेलकुद, हाँसखेल, मनोरञ्जन जस्ता रमाउने भावहरू पहिले भए पनि पछि रमणीय भावहरू हराउने छन् । सयौं क्लेशहरूले व्याकुल बनाउने छन् । वाली नाली र फलको लेस्याइलो भावको रस क्षय हुनाले शरीर, धातु र इन्द्रियहरूलाई सन्तुष्ट पार्न सक्तैनन् । सत्वहरू पनि कुरूप र अत्यन्तै दुर्वल हुनेछन् । धेरै भोजन गरे पनि सन्तुष्टि हुने छैन । त्यसपछि वल, सामर्थ्य र वीर्य रहित हुनेछन् । देशमा वीर्य कमजोर भएका व्यक्तिहरू हुनेछन् । नाना रोगहरूबाट पीडित धेरै रोगीहरू हुनेछन् ।

नाना राक्षसहरूबाट बदलिएका ग्रह र नक्षत्रहरू हुनेछन् । अधर्मको पक्षमा रहेका अधार्मिक राजाहरू हुने भएकाले त्रिलोक मण्डलमा त्रिधातुको विनाश हुनेछ । राजा त्यस्तो पक्षमा रहेर नराम्रा कामहरू प्रति उपेक्षा राखेका वेला देशमा यस्ता नाना दोषहरू हुनेछन् ।

देवेन्द्रले अधिष्ठित गरेको राजाले त्यसो गर्न हुँदैन । त्यसो नगरी नराम्रो काम प्रतिको उपेक्षा त्यागेर राम्रा कामहरू गरेका व्यक्तिहरू देवहरूको स्थानमा जन्मने छन् । नराम्रो काम गरेका व्यक्तिहरू प्रेत, नारकीय प्राणी र पशु भएर जन्मने छन् ।

राजाहरूले देशमा नराम्रो काम गर्दा उपेक्षा गरेको वेला त्रायस्त्रिंश देव स्थानबाट पतन हुनेछन् । राजकाज नगरेमा देव राजाहरूले त्यो राजा हाम्रो छोरा हैन भन्छन् । पिता देवराजहरूको उक्त भवनमा दोष हुनेछ । छलकपट अति नै असह्य हुने भएकाले राष्ट्रको विनाश हुनेछ । त्यसै हुनाले देवेन्द्रले मानव राजाको रूपमा अधिष्ठित गरेका नराम्रा कामहरू शान्त पारी राम्रा कामहरूको प्रवर्तक हुनको लागि यो जीवनमै प्राणीहरूलाई विपाक पैदा गराउने व्यक्ति नै राजा हुन् । राम्रा काम गरेका र नराम्रो काम गरेका कर्मको विपाक फल पृथग रूपमा देखाउने कर्तालाई नै राजा भनिन्छ ।

आफ्नो हित, अरूको हित र देशको धर्मको हित गर्नको लागि देव गणहरूले अधिष्ठित गरेका हुन् । त्यस्ता हितकारी कामहरू गर्दा देवहरूले पनि अनुमोदन गर्छन् । राष्ट्रका पापी र छलकपट गर्ने जनतालाई दमन गर्न र देशको धर्मको हितको लागि काम गर्न राजाले आफ्नो प्राण र राज्य पनि त्याग गर्नुपर्छ । असह्य अधार्मिक काम हुँदा पनि जानेरै उपेक्षा गर्दा देशमा अति नै हानी हुन्छ । त्यो जस्तो दारूण कुरा अर्को छैन ।

छलीहरू पैदा हुने वित्तिकै उनीहरूलाई दण्डित नगरेमा देश अति नै दारूण हुन्छ र त्यस्ता व्यक्तिहरू फेरि पैदा हुन्छन् । हात्तिले ठूलो तलाउ विगारे जस्तै राष्ट्रलाई उनीहरूले विगार्छन् । त्यसो हुँदा देवेन्द्रहरू पनि क्रुद्ध हुन्छन् । देवालयहरूको पनि विनाश हुन्छ । देशका सारा भावहरू विषम हुने भएकाले पाप गर्ने व्यक्तिहरूलाई दोष अनुसार दमन गर्नुपर्छ । धर्मद्वारा राष्ट्रको पालना गर्नुपर्छ । अधार्मिक आचरण गर्नुहुन्न । प्राण नै त्याग्नु परे पनि पाप कामहरू गर्नु हुन्न ।

वन्धुजन, अन्य जन र राष्ट्रका जनता मध्ये कसैको एकतर्फी भएमा पक्षपात हुन्छ । राजा धार्मिक भएमा तीनै लोकमा यश हुन्छ भने त्रायस्त्रिंश देव भवनका देवेन्द्रहरू पनि हर्षित हुन्छन् । उनीहरूले 'जम्बुद्वीपमा हाम्रो पुत्र यस्तो धार्मिक राजा छ । उसले राष्ट्रमा धर्म अनुसार जनताहरूलाई राम्रोसँग स्थापित गरेको छ । त्यो राजाले राम्रो काम गरेको हुनाले त्यहाँ जनताहरू पनि खुशी छन् । उसले पठाएकाले देव र देव पुत्रहरूले देव भवन भरिएको छ ।' भन्छन्।

धर्म अनुसार त्यहाँ शासन गरिएको हुनाले देव राजाहरू पनि हर्षित छन् । देवेन्द्रहरू प्रसन्न हुनाले उक्त मानव राजाको रक्षा गर्छन् । सूर्य, चन्द्र र नक्षत्रहरू राम्रोसँग चल्छन् । वायु पनि समयमा चल्छ । समयमै वर्षा हुनेछ । देव आलय तथा राष्ट्रहरूमा अनिकाल हुँदैन । देव तथा देवपुत्रहरूले देवालयहरू भरिन्छन् ।

तसर्थ राजाले आफ्नो प्राण त्यागेर पनि लोकलाई सुखी बनाउनको लागि त्रिरत्नको धर्म त्याग्नु हुन्न । गुणहरूबाट पूरै अलंकृत धर्मको आश्रय लिनुपर्छ । आफूले जनताहरूलाई सधैं खुशी राख्न सधैं नै पापहरूको त्याग गर्नुपर्छ । धर्मद्वारा राष्ट्रको पालना गर्नुपर्छ । धर्म पनि सम्यक् धर्म सेवन गर्नुपर्छ । राम्रा कामहरूमा जनताहरूलाई लगाउनु पर्छ । नराम्रा कामहरू वर्जित गर्नुपर्छ । पापी जनहरूलाई नियम अनुसार दमन गरेमा राष्ट्रमा बालीनाली राम्रो हुन्छ । राजा तेजस्वी हुन्छन् । राजा यशस्वी हुन्छन् । प्रजाहरूको पनि सुख पूर्वक पालना हुन्छ ।

सुवर्ण प्रभासोत्तम सूत्रेन्द्र राज अन्तर्गतको देवेन्द्रसमय राजशास्त्र परिवर्त नामक बाह्रौं अध्याय पूरा भयो ।

## तेह्रौं अध्याय : सुसंभव परिवर्त

चक्रवर्ती राजा भएको वेला सागरहरू सहितको पृथ्वी चढाएँ । रत्नहरूले परिपूर्ण चार द्वीपहरू पनि अगाडिका जिनहरूलाई मैले चढाएको थिएँ । त्यो धर्मकाय (धर्महरू) खोज्नको लागि पहिलेका मनोरम सामानहरू मैले नत्यागेका केही पनि छैनन् । नाना कल्पहरूमा प्राण पनि त्यागें ।

अचिन्त्य कल्प पहिले रत्नशिखि सुगतको शासनकालको वेलामा सुसंभव नामक राजा थिए । उनी चारै द्वीप वशमा लिएका चक्रवर्ती राजा थिए । सागरलाई हुने स्थानसम्म शासन गर्थे । जिनेन्द्रघोष राजप्रासादमा उक्त राजा निदाएका थिए । सपनामा उनले बुद्धका गुणहरू सुने । धर्म प्रवचक रत्नोच्चय सूर्य मण्डलको बीचमा पूरै उज्यालो भई यो सूत्रेन्द्र राज व्याख्या गरी रहेको देखे । राजा सपनाबाट विँउझे । उनको शरीरभर आनन्द व्याप्त भएको थियो ।

राजा दरवारबाट प्रसन्नतापूर्वक निस्केर उत्तम श्रावक संघ भएका ठाउँमा गए । जिनका श्रावक संघलाई पूजा गरे र यो आर्य संघमा रत्नोच्चय नामक धर्म प्रवचक कहाँ छन् भनी सोधे । त्यस वेलामा रत्नोच्चय अर्को गुफाभित्र बसेर यो सूत्रेन्द्रं राजको चिन्तन गर्दै अध्ययन गरी सुखपूर्वक बसेका थिए । धर्म प्रवचक भिक्षु रत्नोच्चय ओज र श्रीले प्रज्वलित भई अर्को गुफाभित्र रहेका थिए । त्यस वेलामा राजालाई ती भिक्षु देखाइयो । यहाँ यी रत्नोच्चय नामक धर्म प्रवचक जिनको गम्भीर गोचरलाई धारण गरेका थिए र सधैं सुवर्ण प्रभासोत्तम नामक सूत्रेन्द्र राज दर्शाइ रहन्थे ।

रत्नोच्चयको पाउमा ढोगेर सुसंभव राजाले यस्तो भने 'हे पूर्णचन्द्र समान मुहार भएका भिक्षु ! मलाई सुवर्ण प्रभासोत्तम सूत्रेन्द्र राजको बारेमा बताउनु होस् ।' राजा सुसंभवलाई रत्नोच्चयले स्वीकार गरेकोमा त्रिसाहस्र लोकधातुका सम्पूर्ण देवहरू प्रसन्न भए ।

त्यस वेला राजाले चोखो, उत्तम, विशेष स्थानमा रत्न जल, सुगन्ध जल छर्केर फूल राम्रोसँग मिलाएर एक आसन बनाए । राजाले उक्त आसनलाई छत्तरी, ध्वज तथा हजारौं नाना थरीका रेशमी वस्त्रले सिंगारे । राजाले उक्त आसनमा उत्तम चन्दन लगायतका नाना कुराहरू प्रयोग गरे । देव, नाग, असुर, किन्नर, यक्षेन्द्र, गरूड, महोरगहरूले देवपुष्प मान्दारवको वर्षा गराई उक्त आसनलाई सुसज्जित बनाए । धर्म चाहने अचिन्त्य सहस्रकोटी भन्दा अझ बढी देवहरू रत्नोच्चयको अगाडि आएर साल पुष्प प्रत्यक्ष रूपमा चढाए ।

धर्म प्रवचक रत्नोच्चय पनि शरीर स्नान गरी अति सफा वस्त्र लगाएर उक्त आसनको नजीकमा पुगेर अञ्जली जोडी वन्दना गरे । देवेन्द्र, देव र देवीहरू पनि अन्तरिक्षमा रहेर मान्दारव पुष्पको वर्षा गर्दै शत सहस्र अचिन्त्य मात्रा वाद्य यन्त्रहरू राम्रोसँग बजाए । उक्त धर्म प्रवचक भिक्षु रत्नोच्चय दशै दिशाका अचिन्त्य मात्राका सहस्रकोटी बुद्धहरूको स्मरण गर्दै त्यस आसनमा चढेर बसे ।

सम्पूर्ण सत्वप्रति कृपा पैदा गरेर करूणा चित्त शुद्ध रूपमा पैदा गरी उक्त सुसंभव राजालाई यो सूत्रेन्द्र राज दर्शाए । राजाले पनि श्रद्धापूर्वक अञ्जली जोडेर सुनी एकाग्र शब्दले अनुमोदन गरे । धर्मको वेगले गर्दा आँखाबाट अश्रु वगे । उनको शरीर भर आनन्द फैलियो ।

यो सूत्रको पूजा गर्नका लागि त्यस वेला राजा सुसंभवले चिन्तामणी रत्नराज लिएर प्राणीहरूको हितको लागि यस्तो प्रणिधान गरे – "सप्त रत्नहरू युक्त आभूषणहरू सहित जम्बुद्वीपका सम्पूर्ण प्राणीहरूलाई सुखदायी हुने महारत्नको वर्षा आज यो जम्बुद्वीपमा होस् ।" त्यस वेलामा सप्त रत्न, केयुर, हार, उत्तम कुण्डल, भोजन, पेय

पदार्थ तथा वस्त्रहरूको वर्षा चारै द्वीपहरूमा भयो । राजा सुसंभवले जम्बुद्वीपमा रत्नको वर्षा भएको देखेर रत्नहरूले परिपूर्ण भएका चारै द्वीपहरू रत्नशिखि तथागतको शासनलाई चढाए ।

म, तथागत शाक्यमुनि नै राजा सुसंभव थिएँ । रत्नले भरिपूर्ण चार द्वीपहरू सहितको यो धरती त्यस वेला मैले पूरै त्यागेको थिएँ । त्यस वेला राजा सुसंभवलाई यो सूत्र दर्शाउने रत्नोच्चय नामक भिक्षु अक्षोभ्य तथागत हुनुहुन्थ्यो । मैले त्यस वेलामा यो सूत्र सुनेर एकाग्र शब्दले अनुमोदन गरेको त्यो पुण्यका साथै धर्म श्रवण र अनुमोदनको कारणले गर्दा मेरो शरीर सुवर्ण वर्णको सयौं पुण्य लक्षणबाट अंकित छ । देख्दा आनन्द हुने सुन्दर, सहस्रकोटि देवहरूलाई आनन्दित बनाउने र मानिसहरूले देख्दा आनन्दित हुने शरीर सधैं पाएँ । नवोत्तर सहस्रकोटि कल्पसम्म चक्रवर्ती राजा भएँ । अनेक सहस्रकोटि कल्पसम्म म लोकको राजा भएँ । अचिन्त्य कल्पसम्म शक्र भएँ । त्यसै गरी प्रशान्त मन भएको ब्रह्मेन्द्र भएँ । अमित दश वल (बुद्ध)हरूको सेवा गरेको त मात्रा नै छैन । मैले यो सूत्र सुनेर अनुमोदन गरेको पुण्य राशी अप्रमेय (नाप्न नसकिने) छ । सोचाई अनुसार मैले बोधि प्राप्त गरें । सद्धर्म काय पनि मैले प्राप्त गरें ।

सुवर्ण प्रभासोत्तम सूत्रेन्द्र राज अन्तर्गतको सुसंभव परिवर्त नामक तेह्रौं अध्याय पूर्ण भयो ।

## चौधौं अध्याय : यक्ष आश्रय रक्षा परिवर्त

हे श्री महादेवी ! श्रद्धावान् कुलपुत्र वा कुलपुत्री जो सुकैले पनि भूत, भविष्य र वर्तमानका भगवान् बुद्धहरूलाई सबै सामग्रीबाट महान पूजा अति विस्तारमा अचिन्त्य मात्रामा गर्न चाहन्छन् भने, साथै भूत, भविष्य र वर्तमानका भगवान् बुद्धहरूको गम्भीर बुद्ध गोचरलाई पूरै जान्न चाहन्छन् भने उनीहरू विहार वा अरण्य प्रदेशमा यो सुवर्ण प्रभासोत्तम सूत्रेन्द्र राजको विस्तारमा दर्शाइने ठाउँमा अविक्षिप्त चित्तले युक्त भई पूरै ध्यान दिएर यो सुवर्ण प्रभासोत्तम सूत्रेन्द्र राजको श्रवण गर्नुपर्छ ।

त्यसपछि भगवान्ले यो अर्थलाई विस्तारमा बताउनको लागि गाथामा यस्तो भन्नुभयो -

जो सम्पूर्ण बुद्धहरूलाई अचिन्त्य मात्रामा पूजा गर्न तथा सम्पूर्ण बुद्धहरूको गम्भीर गोचरलाई जान्न चाहन्छ, ऊ विहार वा निवास जहाँ यो सुवर्ण प्रभासोत्तम दर्शाइन्छ, त्यो स्थानमा जानुपर्छ । यो अचिन्त्य र अनन्त गुणहरूले युक्त सूत्रले सारा प्राणीहरूलाई दुःखको भवसागरबाट मुक्त गराउँछ । यो सूत्रको आदि, मध्य र अन्त हेर्दा यो सूत्रहरूको राजा हो, यो अति गम्भीर छ, यसलाई कुनै पनि उपमाले बताउन सकिन्न । गंगा नदीका धुलीकण, पृथ्वी, सागर, आकाशले पनि यसको उपमा दिन सकिन्न ।

धर्मधातुमा प्रवेश गरेपछि गम्भीर, धर्मात्मक, प्रतिष्ठाका स्तूपमा प्रवेश गर्नुपर्छ । उक्त स्तूपको बीचमा जिन शाक्यमुनि मनोज्ञ स्वरमा यो सूत्र प्रकाशन गरीरहनु भएको अवस्थामा देखिनु हुन्छ ।

असंख्य, अचिन्त्य कोटिऔं कल्प देव र मनुष्यको सुख अनुभव गरेको कसैले यो सूत्र श्रवण गर्दा त्यसबाट प्राप्त भएको पुण्य राशीको अनन्त मात्रालाई जान्दछ । आगोले भरिएको खाल्डामा सयौं योजन पार गरेर कठोर कष्ट सहेर यो सूत्र श्रवण गर्न सकेमा विहार वा निवासमा प्रवेश गर्ने वित्तिकै सारा पापहरूबाट रहित भइन्छ ; सबै नराम्रा सपनाहरू तथा लक्षणहरू ; ग्रह तथा नक्षत्रका दोषहरू टाढा भएछन् तथा कार्खोद र दारूण ग्रहहरू कसैको शरीरमा पसेका भए अन्तै जान्छन् ।

नागराजहरूले सपनामा देखाएको जस्तै पद्म जस्तो आसन राख्नु पर्छ । उक्त आसनमा बसेर यो सूत्रलाई राम्रोसँग दर्शाउनु पर्छ । अक्षरमा लेखेको कुरा पढ्नु पर्छ । त्यसलाई पूरै बुझ्नु पर्छ । उक्त आसनबाट आर्लेर अर्को ठाउँमा गए पछि पनि उक्त आसनमा ऋद्धि-सिद्धि (प्रातिहार्य) देखिन्छन् । धर्म प्रवचकको रूप पनि कहिलेकाँहि देखिन्छ ।

कहिलेकाँहि बुद्धको रूप कहिले बोधिसत्व रूप, कहिले समन्तभद्र, त्यसै गरी कहिले मञ्जुश्रीको रूप तथा कहिलेकाँहि मैत्रेयको रूप त्यो आसनमा देखिन्छ । कहिलेकाँहि प्रकाश देखिन्छ भने यदाकदा देवहरू पनि देखा पर्छन् । केही क्षण देखिने फेरि हराउने पनि हुन्छ ।

बुद्ध देखिँदा प्रशंसनीय हुन्छ, सबै राम्रोसँग सिद्ध हुन्छन् । धान्य, मंगल, सम्पन्नता जस्ता चिन्ह बुद्धका निर्माण हुन् । विनय, श्री, ख्याति प्राप्त हुन्छ । विपक्षीहरू हट्छन् । परवर्ती शत्रु गणको विनाश हुन्छ । युद्धमा शत्रुहरूलाई पराजित गरिन्छ । नराम्रा स्वप्नहरू शान्त हुन्छन् । पापहरूको पूरै नाश हुन्छ । सबै पापहरूको प्रशमन हुन्छ । युद्धमा विजय प्राप्त हुन्छ । सारा जम्बुद्वीपमा यश फैलन्छ । सबै शत्रुहरू पूरै पराजित हुन्छन् । सधैं शत्रुहरूको विनाश हुन्छ । सबै पापहरूको त्याग हुन्छ । संग्राममा सधैं विजयी भइन्छ । शत्रुहरूबाट छुट्कारा भई आनन्दित भइन्छ ।

ब्रह्मेन्द्र, त्रायत्रिंशेन्द्र, लोकपाल, वज्रपाणी, यक्षेन्द्र, संज्ञेय, जिनर्षभ, नागेन्द्र अनवतप्त, सागर, किन्नरेन्द्र, असुरेन्द्र, गरूडेन्द्र आदि तथा सारा देवहरूले पनि अचिन्त्य धर्म स्तूपलाई सधैं पूजा गर्छन् । प्रज्ञावान् सत्वहरूले देखेर अत्यन्तै हर्षित हुन्छन् । ती उत्तम देवेन्द्रहरू सबैले सोचेर एक आपसमा यस्तो कुराकानी गर्छन् - 'पुण्य, श्री, तेज जम्मा गरेका तिनीहरू सबैलाई हेर । कुशल मूल शोधन भएका ती मानिसहरू यहाँ आएका छन् । यो गम्भीर सूत्र सुन्नका लागि आएका छन् । अचिन्त्य श्रद्धाले गर्दा धर्म स्तूपको आदर गर्छन् । उनीहरूको लोक प्रति करूणा छ र प्राणीहरूको हित गर्छन् । यिनीहरू गम्भीर धर्म सद्धर्मका रसका पात्र हुन् । धर्मधातुमा प्रवेश गरी त्यसमा राम्रोसँग प्रवेश गर्नेहरू यो सद् र कुशल सुवर्ण प्रभासोत्तम सूत्र सुनेका हुन्छन् । उनीहरूले पहिले सयौं हजारौं बुद्धहरूको पूजा गरेका हुन्छन् । त्यो कुशल मूलले गर्दा यो सूत्रको श्रवण गर्छन् ।'

"तिनीहरूलाई सबै देवेन्द्र, राजा इन्द्रहरू, सरस्वती, लक्ष्मी, वैश्रवण, चार महाराजहरू, सयौं-हजारौं यक्षहरू जस्ता महावली तथा प्रातिहार्य युक्तहरूले चारै दिशामा सुरक्षा दिनेछन् । इन्द्र, सोम, यम, वायु, वरूण, स्कन्द, विष्णु, सरस्वती, हुताशन, प्रजापति जस्ता महावलवान तथा अरूलाई हानी पुऱ्याउने सबै लोकपालहरूले पनि दिन रात आलस्य नलिईकन (नथाकीकन) तिनीहरूको रक्षा गर्ने छन् ।"

"महावलवान् दुई यक्षेन्द्रहरू, नारायण, महेश्वर, संज्ञेय लगायतका अठ्ठाइस अन्य यक्षहरू, शत सहस्र यक्षहरू जस्ता महावलवान्, प्रातिहार्य युक्त यक्षहरूले सबै डर र त्राशहरू भएको वेलामा तिनीहरूको रक्षा गर्छन् । यक्षेन्द्र वज्रपाणी लगायत पाँच सय यक्षहरू तथा सम्पूर्ण बोधिसत्वहरूले पनि तिनीहरूको रक्षा गर्छन् । यक्षेन्द्र मणिभद्र, पूर्णभद्र, कुम्भीर, अटवक्, पिंगल, कपिल जस्ता हरेक यक्षेन्द्रहरूका पाँच सय यक्षहरूले यो सूत्रको श्रवण गर्ने व्यक्तिहरूको रक्षा गर्छन् ।"

चित्रसेन गन्धर्व, जिनराज जिनर्षभ, मणिकण्ठ, निकण्ठ, वर्षाधिपति, महाग्रास, महाकाल, सुवर्णकेश, पाञ्चिक, छगलपाद, महाभाग, प्रणाली, धर्मपाल, मर्कट, वाली, सूचिरोम, सूर्यमित्र, रत्नकेशा, महाप्रणाली, नकुल, कामश्रेष्ठ, चन्दन, नागयन, हैमवत, सतागिरि जस्ता सबै ऋद्धिमान महावलवान् तथा पराक्रमी यक्षहरूले यो सूत्रलाई प्रिय ठान्ने व्यक्तिहरूको रक्षा गर्छन् ।

अनवतप्त नागेन्द्र, सागर, एलपत्र र मुचिलिन्द जोडी, नन्द, उपनन्द दुवै लगायत शत सहस्र संख्याका महावलवान् तथा ऋद्धिवान नागहरूले पनि सबै भय र त्राशहरूबाट उनीहरूको रक्षा गर्छन् । वाली, राहु, नमुचि, वेमाचित्र, संवर, प्रह्लाद, खरस्कन्ध लगायतका अन्य असुरेन्द्र लगायत शत सहस्र संख्याका महावलवान् तथा ऋद्धिवान असुरहरूले भय र त्रासहरूबाट उनीहरूको रक्षा गर्छन् ।

भूतमाता हारीतिले पाँच सय पुत्रहरू सहित बस्दा, सुत्दा र उठेको वेला उनीहरूको रक्षा गर्छन् । चण्डा, चण्डालिका, यक्षिणी चण्डिका, कुन्ती, कूटदन्ती र सर्व सत्वौज हारिणी लगायतका महावलवान्, पराक्रमी र ऋद्धिवान सबैले पनि चारै दिशामा सर्वत्र उनीहरूको रक्षा गर्नेछन् ।

सरस्वतीहरू जस्ता अचिन्त्य देवीहरू; श्री जस्ता सबै देवीहरू; पृथ्वी देवी, फल, शस्य र वनका देवताहरू; आराम, वृक्ष र चैत्यमा वास गर्ने देवहरू; वायु देव लगायतका सबै देवहरू यहाँ अति प्रसन्न चित्तले यो सूत्रलाई प्रिय ठान्ने व्यक्तिहरूको रक्षा गर्छन् । सत्वहरूलाई आयु, वर्ण, वल प्रदान गर्छन् । उनीहरूलाई श्री, पुण्य, तेज, लक्ष्मीद्वारा सधैं अलंकृत गराउँछन् । ग्रह र नक्षत्रका पीडाहरू सबै शान्त पार्छन् । अलक्षिन, पाप, नराम्रो सपना सबै शान्त पार्छन्।

गम्भीर र महावला पृथ्वी देवी पनि सुवर्ण प्रभासोत्तम सूत्रेन्द्रको रसले सन्तुष्ट हुन्छिन् । अठसठी लाख योजन भएको वज्र स्थानसम्मको पृथ्वीमा फैलाउछिन् । सय योजन तलसम्म पृथ्वीको रस जान्छ । सूत्र श्रवण गरेको

वलले पृथ्वी माथि पनि स्निग्ध हुन्छ । सबै देवहरू पनि सुवर्ण प्रभासोत्तम सूत्रेन्द्रको रसले सन्तुष्ट हुन्छन् । उनीहरू ओजस्वी र अझ वलवान् हुन्छन् । सुखी र सन्तुष्ट हुन्छन् । जम्बुद्वीपका सारा फल देवता, शस्य देवता र वन देवताहरू नाना रसहरूबाट सन्तुष्ट हुन्छन् । अत्यन्तै आनन्दित हुन्छन् । सूत्रको रसले सन्तुष्ट भएर फल, वालीनाली, नाना थरीका फूल, नाना फल वृक्ष पनि राम्रोसँग पैदा गर्छन् । सारा फल वृक्ष, आराम, वन र फूल राम्रोसँग पैदा गरी नाना रसहरू राम्रोसँग दिन्छन् । नाना थरीका फूलहरू, नाना थरीका फल, तृण तथा वनस्पति सबै पृथ्वीमा पैदा हुन्छन् ।

यो जम्बुद्वीप सबैमा अचिन्त्य नाग कन्याहरू प्रसन्न भई पद्म तलाउमा जान्छन् । उनीहरूले सबै सरोवरमा नाना थरीका कुमुद, पद्म, उत्पल र पुण्डरिकहरू उमार्छन् । आकाश धुवाँ तथा बादलबाट मुक्त शुद्ध हुन्छ । दिशाहरू अन्धकार र धूलो रहित अति चमकदार हुन्छन् । हजारौं रश्मी युक्त रश्मी जालले सुन्दर भएको गम्भीर प्रभा भएको सूर्य हर्षित भई उदाउँछ । सूर्येन्द्र र देवपुत्र जम्बु नदिको सुनले बनेको विमानमा भित्र बसेकाहरू यो सूत्रद्वारा अति सन्तुष्ट हुन्छन् । सूर्येन्द्र अति प्रसन्न भई जम्बुद्वीपमा उदाउँछन् र अनन्त रश्मी जालले सबैतिर प्रकाशित गर्छन् । सूर्य उदाउनाले मात्र पनि रश्मी जाल पठाएर नाना सरोवरहरू भरिएका पद्महरू फुलाउँछन् ।

सारा जम्बुद्वीपमा नाना फूल, फल, औषधिहरूलाई राम्रोसँग पकाएर सारा धरतीलाई सन्तुष्ट पार्छन् । चन्द्र र सूर्य पनि त्यस वेलामा विशेष रूपमा चम्कने छन् । नक्षत्रहरू पनि सम्यक् रूपमा उदय भई बहने छन् । वायु पनि त्यसै गरी बहनेछ । सारा जम्बुद्वीपमा वालीनाली एकदमै राम्रो हुनेछ । जहाँ यो सूत्र हुन्छ त्यो राष्ट्र विशेष हुन्छ ।

सुवर्ण प्रभासोत्तम सूत्रेन्द्रराज अन्तर्गतको यक्ष आश्रय रक्षा परिवर्त नामक चौधौं अध्याय पूर्ण भयो ।

## पन्ध्रौं अध्याय : दश देवपुत्र सहस्र व्याकरण परिवर्त

यसो भनी सकेपछि भगवान्लाई बोधिसत्व समुच्चया कुल देवीले यस्तो सोधिन, 'हे भदन्त भगवान् ! कुन हेतु र कारणले गर्दा, ज्वलननान्तर तेजोराज आदि दश हजार देवपुत्रहरू चाहिँ कुन कुशल मूलको शोधन तथा उत्तप्त वीर्य संग्रहले गर्दा तीन सत्पुरूषहरू बोधिको लागि भविष्यवाणी सुनेर हाल त्रायस्त्रिंश देवलोकबाट झरेर भगवान्सँग धर्म श्रवणका लागि आएका हुन् ?' भन्ने हो भने त्यो यस्तो हो कि बोधिसत्व रूचिरकेतु नामक यी सत्पुरूष भविष्य असंख्य कोटी नियुत शत सहस्र कल्प बिते पछि सुवर्ण प्रभासित लोकधातुमा देखा परी अनुत्तर सम्यक् संबोधि प्राप्त गरी सुवर्णरत्नाकरच्छत्रकुट नामक तथागत, अर्हत्, सम्यक् संबुद्ध, विद्या चरण सम्पन्न, सुगत, लोकविद, पुरूषदम्य सारथी, अनुत्तर, देव-मनुष्यका शास्ता भगवान् बुद्ध लोकमा आउनेछन् । भगवान् तथागत, अर्हत्, सम्यक् संबुद्ध सुवर्णरत्नाकरच्छत्रकुट परिनिर्वाणमा गई सद्धर्म अस्ताउने छ र उहाँको शासन पूरै अस्त भए पछि यी रूप्यकेतु दाख ती तथागतको अनुसन्धिको रूपमा विरजध्वज नामक लोकधातुमा सुवर्ण जम्बुध्वजकाञ्चनाभ नामक तथागत, अर्हत्, सम्यक् संबुद्ध लोकमा आउने छन् ।

तथागत, अर्हत्, सम्यक् संबुद्ध सुवर्ण जम्बुध्वजकाञ्चनाभको परिनिर्वाण भएर उहाँको शासनको पूरै अस्त भए पछि यी रूप्यप्रभादाख, ती तथागतको अनुसन्धिको रूपमा विरजध्वज लोकधातुमा अनुत्तर सम्यक् संबोधि लाभ गरी सुवर्ण शतरश्मी प्रभास गर्भ नामक तथागत, अर्हत्, सम्यक् संबुद्ध, विद्याचरणसम्पन्न, सुगत, लोकविद, पुरूषदम्य सारथी, अनुत्तर, देव-मनुष्यका शास्ता भगवान् बुद्ध लोकमा आउने छन् ।

यस्तो भनेर ती सबैको भगवान्ले त्यसरी अनुत्तर सम्यक् संबोधिको भविष्यवाणी गर्नु भयो ।

'हे भदन्त भगवान् ! ज्वलनान्तरतेजो राज आदि दश हजार देव पुत्रहरू आजसम्म पनि विस्तृत बोधिसत्व चर्यामा लागेका छैनन् । पहिले षट पारमिता चर्यामा लागेको कुरा पनि सुनिएको छैन । उनीहरूले पहिले हात, पाउ, आँखा, उत्तम अंग, शिर, पुत्र, पत्नी, पुत्री परित्याग गरेको पनि सुनिएको छैन । धन, धान्य, हिरण्य, सुवर्ण, मणि, मोती, वैडूर्य, शंख, शिला (स्फटिक), प्रवाल, चाँदी, मर्कट र रत्नहरू पहिले परित्याग गरेको पनि सुनिएको छैन ।

भोजन, पेय पदार्थ, वाहन, वस्त्र, शयनासन (ओछ्यान), भवन, विमान, आराम, पुष्करिणी र सरोवर पहिले त्याग गरेको पनि सुनिएको छैन । नाना थरीका हात्ती, गाई, घोडा, घोडी, दास, दासीहरू परित्याग गरेको पनि सुनिएको छैन । यो यस्तो हो कि कोटी नियुत शत सहस्र जस्तो असंख्य बोधिसत्वहरू भगवान् बुद्धबाट तथागतको नाम पाउने भविष्यवाणी नभएसम्म नाना कोटी नियुत शत सहस्र जस्ता असंख्य कल्प पहिले देखि कोटी नियुत शत सहस्र जस्ता असंख्य नाना तथागतहरूलाई विभिन्न थरीका सयौं-हजारौं किसिम अचिन्त्य मात्राका सारा सामग्रीहरूले पूजा गर्छन् । परित्याग गर्नु पर्ने सारा द्रव्यहरूको परित्याग गर्छन् । हात, पाउ, आँखा, उत्तम अंग शिर, पुत्र, पत्नी, पुत्री जस्ता त्याज्य कुराहरू पूरै त्याग गर्छन् ।

धन, धान्य, हिरण्य, सुवर्ण, मोती, वैडूर्य, शंख, शिला, प्रवाल (मुगा), चाँदी, मर्कट जस्ता त्याज्य रत्नको पूरै त्याग गर्छन् । भोजन, पेय पदार्थ, वाहन, वस्त्र, शयनासन, आसन, भवन, विमान, आराम, उपवन, पुष्करिणी, सरोवर, हात्ती, गाई, घोडा, घोडी, दास र दासी जस्ता त्याज्य कुराहरू पूरै परित्याग गरेर क्रमैसँग सबै छ पारमिताहरू पूरा गर्छन् । क्रमैसँग छ पारमिताहरू परिपूर्ण गरेर सयौं-हजारौं प्रकारका सुखहरूको पनि अनुभूति गर्छन् ।

हे भदन्त भगवान् ! कुन कुन हेतु, प्रत्यय र कुशल मूल शोधनबाट ज्वलनान्तर तेजोराज आदि दश हजार देवपुत्रहरू भगवान्सँग धर्म श्रवणका लागि आए । उनीहरूलाई भगवान्ले यसरी भविष्यमा असंख्य कोटी नियुत शतसहस्र वर्ष पछि शालेन्द्र ध्वजाग्रवती नामक लोकधातुमा कुल, एकै गोत्र र एकै नाम सहितको क्रमैसँग अनुत्तर

सम्यक् संबोधि प्राप्त गरेर प्रसन्न वदनोत्पलगन्धकूट नाम गरेका दश हजार विद्या चरण सम्पन्न, सुगत, लोकविद, पुरूष दम्य सारथी, अनुत्तर, देव-मनुष्यका शास्ता भगवान् बुद्धहरू लोकमा आउने छन् भनी सम्यक् संबोधिको भविष्यवाणी गर्नु भएको छ । कारण के हो ? कुलदेवीले यस्तो सोधिन् ।

भगवान्ले कुलदेवी बोधिसत्व समुच्चयालाई यसो भन्नु भयो - हे कुलदेवी ! ज्वलान्तर तेजोराज आदि दश हजार देवपुत्रहरू यस्तो कारण संग्रह गरेकाले धर्म श्रवणका लागि त्रायस्त्रिंशा देव भवनबाट आउनुमा कुशल मूलको शोधन छ, त्यसको कारण छ, त्यसको प्रत्यय छ । हे कुलदेवी ! यी तीन सत्पुरूषहरूको बोधिको यस्तो भविष्यवाणी सुने र सुन्ने बित्तिकै यो सुवर्ण प्रभासोत्तम सूत्रेन्द्र राज प्रति अत्यन्त आदर प्रसन्नता तथा श्रद्धा पैदा गरे । त्यही वेलामा विमल वैडूर्य जस्तै परिशुद्ध चित्तले युक्त भए । विमल, विपूल, विस्तृत आकाश समान गम्भीर चित्त प्रसादले युक्त भए । अपरिमित पुण्य राशी ग्रहण गरी त्यसबाट युक्त भए ।

हे कुलदेवी ! ज्वलान्तर तेजोराज आदि दश हजार देवपुत्रहरूले त्यही वेलामा सुवर्ण प्रभासोत्तम सूत्रेन्द्र राजको श्रवण गर्ने बित्तिकै यसप्रति श्रद्धा र प्रसन्नता लाभ गरे । त्यही वेलामा विमल वैडूर्य समान परिशुद्ध चित्तले युक्त भए । त्यसको लागि भविष्यवाणीको भूमि प्राप्त गरे । हे कुलदेवी धर्म श्रवणको यो कुशल मूल संग्रह (सम्भार) तथा अगाडिको प्रणिधानको वलको कारणले ज्वलान्तर तेजोराज आदि दश हजार देवपुत्रहरूले हाल अनुत्तर सम्यक् संबोधिको भविष्यवाणीको भूमि प्राप्त गरे ।

सुवर्ण प्रभासोत्तम सूत्रेन्द्र राज अन्तर्गतको दश देवपुत्र सहस्र व्याकरण परिवर्त नामक पन्ध्रौं अध्याय पूरा भयो।

## सोह्रौं अध्याय : व्याधि प्रशमन परिवर्त

हे कुलदेवी ! पहिले असंख्य भन्दा पनि असंख्य विपूल अचिन्त्य कल्प अगाडि तथागत, अर्हत्, सम्यक् संबुद्ध, विद्याचरण सम्पन्न, सुगत, लोकविद्, पुरूषदम्य सारथी, अनुत्तर, देव-मनुष्यका शास्ता भगवान् बुद्ध रत्नशिखी लोकमा देखा पर्नु भएको थियो । हे कुलदेवी ! त्यस वेला तथागत, अर्हत्, सम्यक् संबुद्ध रत्नशिखी परिनिर्वाणमा जानु भई सद्धर्म अस्त भई सद्धर्मको प्रतिरूप मात्र भएको वेलामा सुरेन्द्रप्रभ नामक धार्मिक धर्म राजा थिए । उनले अधार्मिक रूपबाट नभई धर्म अनुसार राज्य गरेका थिए । उनी त्यस देशका सबै प्राणीहरूका मातापिता जस्तै थिए ।

हे कुलदेवी ! त्यस वेलामा सुरेश्वर प्रभ राजाको देशमा जटींधर नामक व्यापारी थिए । उनी एक वैद्य, चिकित्सक, धातुहरूको विषयमा परम ज्ञाता र अष्टाङ्ग आयुर्वेदमा पारंगत थिए । हे कुलदेवी ! फेरि त्यही वेलामा जटींधर श्रेष्ठीका जल वाहन नामक पुत्र थिए । उनी सुन्दर, दर्शनीय, शुभ वर्णका, आकर्षक, नाना शास्त्रहरूमा विज्ञ सबै शास्त्रहरू बुझेका, लिपि-संख्या-गणनामा निपूण थिए ।

हे कुलदेवी ! त्यस समयमा राजा सुरेश्वर प्रभको राज्यमा प्राणीहरू सयौं हजारौं थरीका नाना रोगहरूबाट पीडित थिए । धेरै खाले रोगबाट ग्रस्त भएकाले असह्य, तीखा, तीव्र र अप्रिय वेदनाहरू भोगी रहेका थिए ।

हे कुलदेवी ! त्यस वेलामा उक्त व्यापारी पुत्र जलवाहनले प्राणीहरू नाना रोगहरूबाट पीडित भएका, नाना रोगहरूबाट ग्रस्त भएका सयौं हजारौं प्राणीहरूको हितको लागि महा करूणा चित्त पैदा गरे । यस्तो विचार गर :- यी सयौं हजारौं प्राणीहरू नाना रोगहरूबाट पीडित र ग्रस्त भई यसरी असह्य, तीखा, तीव्र र अप्रिय वेदनाहरू भोगी रहेका छन् । मेरा पिता श्रेष्ठी जटिंधर एक वैद्य, चिकित्सक, धातुहरूका परम ज्ञाता, अष्टाङ्ग आयुर्वेदमा पारङ्गत भए पनि उहाँ बूढा, जीर्ण र वयोवृद्ध हुनु भयो । लठ्ठी टेकेर गाउँ, नगर, निगम, प्रदेश राजधानी र राज दरवारमा हिडी रहनुभएको छ । उहाँ असमर्थ भएकाले नाना रोगहरूबाट पीडित ग्रस्त सयौं हजारौं रोगी व्यक्तिहरूलाई रोगबाट मुक्त गराउन म नै मेरा पिता जटिंधर कहाँ गई रोग हटाउनको लागि धातुहरूको विषयमा कुशल हुने विषयमा सोध्छु। धातुमा निपूण हुने कुशलता सोधे पछि म नै गाउँ, नगर, निगम, प्रदेश, राजधानी र राज दरवारमा जानेछु । त्यहाँ गएर नाना रोगहरूबाट पीडित र ग्रस्त सयौं हजारौं व्यक्तिहरूलाई नाना थरीका रोगहरूबाट मुक्त गर्नेछु ।"

हे कुलदेवी ! त्यस समयमा श्रेष्ठी पुत्र जलवाहन आफ्ना पिता जटिंधर कहाँ गएर उहाँको पाउमा शिरले ढोगेर हात जोडेर एक छेउमा बस्यो । एक छेउमा रहेर श्रेष्ठी पुत्र जलवाहनले आफ्ना पिता जटिंधरसँग धातुहरूको विषयमा निपूण हुन गाथामा यस्तो सोधे -

"कसरी इन्द्रिय र धातु बदलिन्छन् ? कुन वेलामा शरीरमा रोग लाग्छ ? लाभ पाउनको लागि कुन वेलामा खान हुन्छ र कुन वेलामा हुँदैन ? कुन वेलाको भोजनले शरीरभित्रको अग्नीलाई हानी पुऱ्याउँदैन ? कफ, वात, पित्त र तिनीहरूको संयोगबाट हुने रोगहरूको शान्त पार्नको लागि कस्तो चिकित्सा पद्धति अपनाउनु पर्छ ? कुन वेलाहरूमा मानिसहरूलाई हानी पुऱ्याउने वायु (वात), पित्त र कफ चल्छ ?"

त्यस पछि श्रेष्ठी जटिंधरले पुत्र जलवाहनलाई धातुहरूमा निपूण हुनको लागि गाथामा यस्तो कुरा दर्शाए -

तीन महिना वर्षा हुन् भने तीन महिनालाई शरद भनी जान । तीन महिना हेमन्त हुन् भने तीन महिना वसन्त । त्यस्तै महिनाको क्रम छ वटा छन् । एक वर्षमा बाह्र वटा महिनाहरू हुन्छन् । तीन तीन वटा वर्गहरूमा जान्नु पर्छ । महिनालाई दुई दुई वटा रूपमा दर्शाइएको छ । भोजन तथा पेय पदार्थ सोही मुताबिक सेवन गर्नुपर्छ । वैद्य, कौशल्य र काललाई पनि दर्शाइन्छ ।

इन्द्रिय र धातुहरू पनि वर्षका पर्व (वर्गीकरण)मा पूरै बदलिन्छन् । इन्द्रियहरूमा परिवर्तन हुँदा शरीरमा नाना थरीका रोगहरू पैदा हुन्छन् । त्यस्तो अवस्थामा वैद्यले तीन तीन महिनाका चार समूह, छ पर्वहरूको समूह तथा छ धातुहरूको कौशल्यता जान्नु पर्छ । भोजन, पेय पदार्थ र औषधि यही क्रम अनुसार लिनु पर्छ । वातका धेरै जसो रोगहरू वर्षा समयमा हुन्छन् । शरद ऋतुमा पित्तमा विचलन हुन्छ । शिशिर ऋतुमा संलिपात (संयोग)का रोग लाग्छन् भने वसन्त ऋतुमा कफ सम्बन्धी रोग जाग्छन् ।

वर्षा ऋतुमा चिल्लो, तातो, नुनिलो, अमिलो रस हो । शरद ऋतुमा गुलियो, चिल्लो र चिसो रस हुन्छ । हेमन्त ऋतुमा गुलियो चिल्लो र अमिलो रस हुन्छ भने वसन्त ऋतुमा रूखो, तातो र तीतो रस हुन्छ ।

खाना खाइसक्ने बित्तिकै धेरै कफ हुने प्रकोप हुन्छ । पाचन समयमा धेरै पित्तको प्रकोप हुन्छ भने पची सके पछि धेरै वात (वायु) पैदा हुने प्रकोप हुन्छ । त्रिधातुको चालन यस्तो हुनुपर्छ ।

वायु प्रधान हुनेलाई रसद्वारा जगाउनु पर्छ । विरेचन विधि प्रयोग गरी पित्तलाई हटाउनु पर्छ । सन्निपात हुँदा तीनै गुणले युक्त बनाउनु पर्छ भने कफलाई वान्ता हुने औषधि दिनु पर्छ । वात, पित्त, कफ र सन्निपात अधिक हुने समय (पर्व) जान्नु पर्छ । काल, धातु र शरीर अनुसारको औषधि, भोजन र पेय पदार्थ सेवन गर्नुपर्छ ।"

त्यसपछि व्यापारी पुत्र जलवाहनले धातुको कुशलता र निदान जान्नका लागि त्यस्ता प्रश्नहरू सोधेर आयुर्वेदका सबै आठ अङ्गहरूमा पारङ्गत भए । हे कुलदेवी ! त्यस वेला व्यापारी पुत्र जलवाहन सुरेश्वरप्रभ राजाको देशका गाउँ, नगर, जिल्ला, राजधानी राजदरवार सबैमा गएर नाना रोगले पीडित, नाना रोगहरूबाट ग्रस्त (९५) सयौं हजारौं व्यक्तिहरूसँग गएर 'म वैद्य हुँ, म वैद्य हुँ' भनी विज्ञापन गरे । 'म तिमीहरूलाई नाना रोगहरूबाट मुक्त गराउँछु' भन्दै उत्साह जगाए । हे कुलदेवी ! व्यापारी पुत्र जलवाहनले यस्ता शब्दहरू भनेको सुनेर बित्तिकै सयौं हजारौं सारा व्यक्तिहरू अत्यन्त हर्षित भए । आश्वासन प्राप्त गरेर अचिन्त्य मात्रामा हर्षित, सुखी र प्रसन्न भए ।

त्यस वेलामा नाना रोगहरूबाट ग्रस्त, नाना रोगहरूबाट पीडित सयौं हजारौं व्यक्तिहरू नाना रोगहरूबाट मुक्त भएर निरोगी भए । निरोगी भए पछि पहिले जस्तै वल, सामर्थ्य र वीर्यबाट युक्त भए । त्यस वेलामा नाना रोगहरूबाट ग्रस्त र पीडित सयौं हजारौं व्यक्तिहरू मध्ये तीव्र रोगले च्यापेका सबै व्यक्तिहरू व्यापारी पुत्र जलवाहन जहाँ छन् त्यहीँ आएर त्यस्ता नाना रोगहरूबाट ग्रस्त पीडित सयौं हजारौं व्यक्तिहरूले उक्त व्यापारी पुत्र जलवाहनले तोके अनुसारको औषधि उपचार गरी ती सबै व्यक्तिहरू सबै रोगहरूबाट मुक्त भए । निरोगी भई अथवा रोगमा कमी आई पहिले जस्तै वल, सामर्थ्य र वीर्यवान भए ।

हे कुलदेवी ! त्यस वेलामा राजा सुरेश्वरप्रभको राज्य अन्तर्गतका गाउँ, नगर, निगम, प्रदेश, राजधानी र राज प्रासाद सबैमा नाना रोगहरूबाट ग्रस्त र पीडित सयौं हजारौं सबै व्यक्तिहरू व्यापारी पुत्र जलवाहनबाट रोगमुक्त गराइए ।

सुवर्ण प्रभासोत्तम सूत्रेन्द्र राज अन्तर्गतको व्याधि प्रशमन परिवर्त नामक सोह्रौं अध्याय पूरा भयो ।

(आर्य सुवर्ण प्रभासोत्तम सूत्रेन्द्र राज नामक महायान सूत्रको पाँचौ अर्थात् अन्तिम काण्ड)

## सत्रौं अध्याय : जलवाहनद्वारा मत्स्य विनय परिवर्त

हे कुलदेवी ! राजा सुरेश्वरप्रभको राज्यमा व्यापारी पुत्र जलवाहनले सबै व्यक्तिहरूलाई निरोगी अथवा अल्प रोगी बनाई पहिले जस्तै उत्साही र वलवान बनाए । उनको राज्यमा सबै व्यक्तिहरू खुशी भई खेल्न, रमाउन थाले । दान पनि दिए । पुण्य काम पनि गरे । व्यापारी पुत्र जलवाहनलाई पनि यस्तो भन्दै सम्मान गर्न थाले, ‘श्रेष्ठी पुत्र जलवाहनको जय होस् ! जय होस् ! वैद्य राज, सारा रोगी व्यक्तिहरू उपचारक, साक्षात बोधिसत्व, आयुर्वेदका आठै अङ्गहरू सबै बुझेका ।”

हे कुलदेवी ! व्यापारी पुत्र जलवाहनकी जलाम्बुगर्भा नामक पत्नी थिइन् । हे कुलदेवी ! जलाम्बुगर्भाका जलाम्बर तथा जलगर्भ नामक दुई पुत्रहरू थिए ।

हे कुलदेवी ! उक्त व्यापारी पुत्र जलवाहन आफ्ना दुई छोराहरूका साथ क्रमैसँग गाउँ, नगर, निगम, प्रदेश, राजधानी र राजदरवार जान्थे । हे कुलदेवी ! अर्को वेलामा व्यापारी पुत्र जलवाहन एउटा अनकन्टार वनमा पुगे । उक्त अनकन्टार वनमा मांसाहारी कुकुर, स्याल, फ्याउरा, काग र चराहरू भएको ठाउँमा तिनीहरू एउटा तलाउ तर्फ कुदिरहेको देखेर उनले यस्तो सोचे, ‘किन यी मांसाहारी कुकुर, स्याल देखि चराहरूसम्म त्यो दिशामा कुदीरहेका छन्?’ फेरि यस्तो सोचे ‘म पनि यी कुकुर, स्याल, फ्याउरा, काग र चराहरू कुदेका दिशातिरै जान्छु ।’

हे कुलदेवी ! त्यसपछि व्यापारी पुत्र जलवाहन कुद्दै वनमा पोखरी जता छ त्यतै गए । उक्त ठूलो तलाउमा दश हजार माछाहरू बस्थे । त्यहाँ हजारौं माछाहरूलाई पानीको अभाव भएको देखेर महाकरूणा चित्त पैदा भयो। त्यस वेलामा एउटी देवी रूखबाट आधा जीउ निकालेर हेर्दै व्यापारी पुत्र जलवाहनलाई यसो भनिन् - ‘हे कुल पुत्र ! साधु ! साधु ! जलवाहन नाम भएका तिमीले यी माछाहरूलाई जल देउ । दुई कारणले तिमीलाई जलवाहन भनिएको हो । पानी (जल) पार्ने भएकाले र पानी दिने भएकाले यसो भनिएको हो । त्यस कारण नामसँग मिल्ने गरी काम गर ।’

जलवाहनले फेरि सोधे - ‘हे देवी ! यहाँ कति माछाहरू छन् ?’ देवीले भनिन् - ‘दश हजार छन् ।’ हे कुलदेवी! त्यसपछि व्यापारी पुत्र जलवाहनले परम करूणा चित्त पैदा गरे । हे कुलदेवी ! त्यस वेला उक्त वनमा भएको ठूलो तलाउमा अलिकती मात्रै पानी बाँकी थियो । त्यसैले दश हजार माछाहरूको मृत्यु हुन लागेको वेलामा पानीको अभावले गर्दा छटपटिएर उफ्रन थाले ।

हे कुलदेवी ! त्यसपछि व्यापारी पुत्र जलवाहन चारै दिशा तर्फ कुद्न थाले । व्यापारी पुत्र जलवाहन जता जान्थे दश हजार माछाहरू पनि दया खोजेका आँखाले हेर्दै त्यतै जान्थे । हे कुलदेवी ! व्यापारी पुत्र जलवाहन चारै दिशा तर्फ पानी खोज्नका लागि कुदे पनि पानी पाउन नसकेको हुनाले चारै दिशामा हेरे । उनले नजीकै धेरै ठूला रूखहरू देखे पछि ती रूखहरूमा चढी रूखका हाँगाहरू काटेर ती बोकी तलाउमा गए । रूखका ती हाँगाहरूबाट दश हजार माछाहरूलाई अत्यन्त शीतल छहारी बनाए ।

हे कुलदेवी ! त्यस पछि व्यापारी पुत्र जलवाहनले उक्त तलाउमा आउने पानीको मुहान खोज्दै चारै दिशामा दौडे पनि पानी पाएनन् । चाँडो चाँडो पानीको स्रोतको खोजी गर्दै हिँडे । हे कुलदेवी ! वनमा रहेको उक्त तलाउमा आउने जलागम नामक महानदी फेला पर्‍यो । उक्त जलागम नदीको प्रवाहमा एउटा पापी प्राणीले ती दश हजार माछाहरूको लागि आउने पानी रोक्न गहिरो खाडल बनाएको हुनाले पानी त्यहीँ झरेकाले कुनै हालतमा पनि तलाउमा आउन सकेन ।

त्यस्तो देखेर उनले यस्तो सोचे - हजारौं मानिसहरूले प्रयत्न गरे पनि नदीलाई तलाउ तर्फ बगाउन सक्तैनन् भने मैले एक्लै के गर्न सक्छु र ? त्यसपछि उनी तलाउ तर्फ फर्के । हे कुलदेवी ! त्यसपछि व्यापारी पुत्र जलवाहन छिटो छिटो राजा सुरेश्वरप्रभ भएको ठाउँमा गएर राजाको पाउमा ढोगी वन्दना गरी एक छेउमा बसे । उनले राजासँग यस्तो भने -

"मैले देवको राज्य अन्तर्गतका गाउँ, नगर, निगम सबैमा प्राणीहरूका रोग शान्त पारेको थिएँ । कुनै ठाउँको अटवीसंभवा नामक तलाउमा जाँदा त्यहाँ दश हजार माछाहरू छन् । पानीको अभावले तिनीहरू तापबाट पीडित छन्। मानिसहरूलाई जसरी नै ती पशुहरूको प्राण बचाउनको लागि देवले मलाई बीस वटा हात्तीहरू दिनुहोस् ।"

राजा सुरेश्वरप्रभले मन्त्रीहरूलाई भने, "महावैद्य राजलाई बीस हात्तीहरू देऊ ।" मन्त्रीहरूले भने 'हे महापुरूष! हात्तीहरू रहने ठाउँमा गएर बीस हात्तीहरू लैजाऊ । प्राणीहरूको हित गरी सुख देऊ ।'

हे कुलदेवी ! त्यसपछि व्यापारी पुत्र जलवाहन आफ्ना दुई पुत्रहरू जलाम्बर र जलगर्भलाई साथमा लिई बीस हात्तीहरूलाई माहुतेहरू सहित लिएर गए । सयवटा छालाका थैलाहरू लिएर जलागम नामक महानदी तर्फ फर्के । ती थैलाहरूमा पानी भरेर हात्तीको ढाडमा बोकी चाँडो भन्दा चाँडो अटावीसंभवा तलाउ तर्फ गए । हात्तीको ढाडबाट पानी झिकेर चारै दिशाबाट तलाउमा पानी भरेर चारै दिशा तर्फ हिँडे । व्यापारी पुत्र जलवाहन जता जान्थे त्यतै तर्फ दश हजार माछाहरू कुद्थे ।

हे कुलदेवी ! त्यसपछि व्यापारी पुत्र जलवाहनले यस्तो सोचे - 'किन यी दश हजार माछाहरू म भएतिर कुदीरहेका छन् ?' फेरि यस्तो विचार आयो - 'यी दश हजार माछाहरू भोकको आगोले ग्रस्त भएर मसँग भोजन खोज्दैछन् । मैले यिनीहरूलाई खाना दिनुपर्छ ।' हे कुलदेवी ! त्यसपछि व्यापारी पुत्र जलवाहनले आफ्ना छोरा जलाम्बरसँग यस्तो भने - 'हे पुत्र ! हात्तीहरूमध्ये सबभन्दा छिटो हिँड्नेमा चढेर घरमा छिटो गई श्रेष्ठी हजुरबासँग भन कि हजुरबा यो घरमा बाबु आमा, भाई बहिनी, नोकर नोकर्नी तथा कामदारहरूको लागि तयार गरिएको सम्पूर्ण खाना एकत्र गरी जलाम्बरको हात्तीमा चढाई चाडैं पठाउनुहोस् ।"

त्यसपछि पुत्र जलाम्बर हात्तीमा चढेर अत्यन्त छिटो आफ्नो घरमा पुगे र उक्त कुरा विस्तारमा बताए । अनि जलाम्बरले पहिले बताए जस्तो सबैको खाना हात्तीमाथि राखेर र अटवीसंभवा तलाउ तर्फ गए । जलवाहनले आफ्नो छोरा जलाम्बर आईपुगेको देखेर सन्तुष्ट र आनन्दित भई छोराबाट खाना लिई टुक्रा पार्दै तलाउमा फाले । दश हजार माछाहरूलाई सन्तुष्ट बनाए ।

उनको विचारमा यस्तो आयो - 'मैले कुनै अर्को वेला वनमा रहेको वेला एक महायान भिक्षुले यस्तो पढेको सुनेको थिएँ कि मृत्यु वेलामा रत्नशिखी तथागतको नाम सुनेमा सुगति स्वर्ग लोकमा जन्म हुनेछ । मैले पनि यी माछाहरूलाई प्रतीत्य समुत्पादको गम्भीर धर्म बताएर तथागत, अर्हत्, सम्यक् संबुद्ध रत्नशिखीको नाम सुनाउने छु ।'

त्यस वेला जम्बुद्वीपमा सत्वहरूका दुई प्रकारका दृष्टिकोणहरू थिए । ती थिए - एउटा महायानप्रति श्रद्धा गर्ने र अर्को त्यसको निन्दा गर्ने । त्यस पछि व्यापारी पुत्र जलवाहनले उक्त तलाउमा दुवै खुट्टा घुँडासम्म पानीभित्र राखेर यस्तो प्रार्थना गरे - 'भगवान रत्नशिखी तथागत, अर्हत्, सम्यक् संबुद्धलाई नमस्कार गर्छु । तथागत रत्नशिखीले पहिले बोधिसत्वको चर्या गर्ने वेलामा दशै दिशाका जसले मृत्यु वेलामा मेरो नाम सुन्छन् ती मर्ने बित्तिकै त्रायस्त्रिंश देवलोकमा जन्मिनेछन् भनी प्रणिधान गर्नुभएको थियो ।'

त्यस पछि व्यापारी पुत्र जलवाहनले पशुको रूपमा जन्मिएका ती प्राणीहरूलाई यस्तो धर्म बताए - यसो हुनाले यस्तो हुन्छ । यस्तो पैदा हुनाले यस्तो हुन्छ । यसै गरी अविद्याको कारणले संस्कारहरू हुन्छन् । संस्कारहरूको

कारणले विज्ञान हुन्छ । विज्ञानको कारणले नामरूप हुन्छ । नामरूपको कारणले षडायतन हुन्छ । षडायतनको कारणले स्पर्श हुन्छ । स्पर्शको कारणले वेदना हुन्छ । वेदनाको कारणले तृष्णा हुन्छ । तृष्णाको कारणले उपादान हुन्छ । उपादानको कारणले (कर्म) भव हुन्छ । कर्म भवको कारणले जन्म (जाति) हुन्छ । जातिको कारणले बुढ्यौली, मृत्यु, शोक, परिदेव, दुःख, दौर्मनस्य र अपायास (द्वन्द्व)हरू हुन्छन् । यसरी धेरै ठूलो दुःख स्कन्ध (समूह) पैदा हुन्छ । 'त्यसै गरी अविद्या निरोध हुनाले संस्कारहरूको निरोध हुन्छ ....... देखि धेरै ठूलो दुःख स्कन्धको निरोध हुन्छ ।'

हे कुलदेवी ! त्यसरी त्यस वेलामा व्यापारी पुत्र जलवाहनले पशु योनीमा रहेका तिनीहरूलाई यस्तो धार्मिक कुरा बताएर आफ्ना छोराहरू जलाम्बर र जलगर्भको साथमा आफ्नो घर फर्के । पछि अर्को वेलामा व्यापारी पुत्र जलवाहन एक महोत्सवमा खाना खाँदा आसवबाट मातेर ओछ्यानमा सुतेका थिए । त्यस वेलामा यस्तो महानिमित्त देखा पर्‍यो, 'त्यो रात बिते पछि ती दश हजार माछाहरू मरे पछि त्रायस्त्रिंश देवलोकको समभागमा जन्मन पुगे । जन्मने बित्तिकै तिनीहरूले यस्तो विचार गरे कि कुन पुण्यले गर्दा हामीहरू त्रायस्त्रिंश देवलोकमा यसरी जन्मन पुग्यौं। उनीहरूलाई यस्तो पनि विचार आयो कि हामी जम्बुद्वीपमा दश हजार माछाहरूको रूपमा भएको वेला व्यापारी पुत्र जलवाहनले हामीलाई धेरै जल र उत्तम भोजनबाट सन्तुष्ट गराएका थिए । हामीलाई प्रतीत्य समुत्पादको गम्भीर धर्म दर्शाएका थिए । तथागत, अर्हत्, सम्यक् संबुद्ध रत्नशिखीको नाम पनि सुनाएका हुनाले ती पुण्य धर्महरूको हेतु र प्रत्ययबाट हामी यो देवलोकमा जन्मेका हौं । हामीहरू व्यापारी पुत्र जलवाहन जहाँ छन् त्यहाँ गएर पूजा गर्छौं भनेर सोचे ।

त्यस पछि ती दश हजार देवपुत्रहरू त्रायस्त्रिंश देवलोकबाट अन्तर्धान भई व्यापारी पुत्र जलवाहनको घरमा आए । त्यस वेला ओछ्यानमा सुती रहेका व्यापारी पुत्र जलवाहनलाई ती देवपुत्रहरूले मोतीको दश हजार हारहरू शिरपट्टि राखे । दश हजार मोतीका हारहरू उनको पाउ छेउमा राखे । दश हजार मोतीका हारहरू दाहिनेपट्टि राखे । दश हजार मोतीका हारहरू देब्रेपट्टि राखे । घुँडासम्म आउने गरी मन्दारव फूलको पुष्पवृष्टि गरे । देव वाद्य यन्त्रहरू बजाउँदा जम्बुद्वीपका सबै मानिसहरू जागे । व्यापारी पुत्र जलवाहन पनि जागे ।

त्यस पछि ती दश हजार देवपुत्रहरू आकाशमा गए र ती देवपुत्रहरूले सुरेश्वरप्रभको राज्यका सबै ठाउँहरूमा पनि मन्दारव फूलको महान पुष्पवृष्टि गरे । अटवीसंभवा महातलाउमा गएर त्यहाँ पनि मन्दारव फूलको महान पुष्पवृष्टि गरे । त्यहाँबाट अन्तर्धान भई देवलोकमै पुगे । त्यहाँ पाँच काम गुणद्वारा रमाएर खेल्न थाले । मनोरञ्जनमा मस्त भएर श्री तथा सौभाग्यको अनुभव गरे । जम्बुद्वीपमा रात सिद्धिए विहानी भयो ।

त्यस पछि राजा सुरेश्वरप्रभले त्यस्ता निमित्तहरू देखे पछि गणक (ज्योतिष) तथा महामन्त्रीहरूसँग सोधे, "किन आज राती त्यस्ता संकेहरू देखा परे ?" उनीहरूले उत्तर दिए, "हे देव यसरी जान्नुहोस् कि व्यापारी पुत्र जलवाहनको घरमा मोतीका चालीस हजार हारहरू तथा देव पुष्प मन्दारवको वर्षा भएको थियो ।" राजा सुरेश्वरप्रभले मन्त्रीहरूलाई भने, "व्यापारी पुत्र जलवाहनलाई प्रिय शब्दले यहाँ बोलाउ ।"

त्यस पछि गणक (ज्योतिष) र महामन्त्रीहरू जलवाहनको घरमा गएर श्रेष्ठीपुत्र जलवाहनलाई यसो भने, "राजा सुरेश्वरप्रभले तपाईंलाई बोलाउनु भएको छ ।" त्यसपछि श्रेष्ठीपुत्र जलवाहन मन्त्रीहरूसँगै राजा सुरेश्वरप्रभ भएको ठाउँमा गए । राजाले सोधे, "हे पुत्र जलवाहन ! आज राती के कारणले त्यस्ता निमित्तहरू देखा परेका हुन् ?" त्यसपछि श्रेष्ठीपुत्र जलवाहनले राजा सुरेश्वरप्रभलाई यस्तो बताए - "हे देव ! मेरो विचारमा पक्कै पनि ती दश हजार माछाहरू मर्ने वेलामा यस्तो भएको हो ।"

राजाले सोधे, 'तिमीलाई कसरी थाहा भयो त ?' जलवाहनले भने, 'हे देव ! जलाम्बर उक्त तलाउमा गएर ती दश हजार माछाहरू जिँउदै छन् कि मरे भनेर पठाउँ न ।' राजाले त्यसै गर भने । त्यसपछि श्रेष्ठीपुत्र जलवाहनले छोरा जलाम्बरलाई यसो भने - 'हे पुत्र ! तिमी अटवीसंभवा तलाउमा गएर दश हजार माछाहरू जिँउदै छन् कि मरे

हेरेर आउ ।' त्यसपछि जलाम्बर चाँडो भन्दा चाँडो अटवीसंभवा तलाउमा गएर हेर्दा ती दश हजार माछाहरू मर्ने वेलामा मन्दारव फूलको महान पुष्पवृष्टि भएको पनि देखेर फर्की पितासँग भने, "तिनीहरू मरिसकेछन् ।"

त्यसपछि व्यापारी पुत्र जलवाहनले छोरा जलाम्बरबाट ती शब्दहरू सुनेपछि राजा सुरेश्वरप्रभ भएको ठाउँमा गएर यी कुराहरू विस्तारमा यसरी बताए - 'हे देव ! हजुरलाई जानकारी होस् कि ती दश हजार माछाहरू सबै मरेर त्रायस्त्रिंश देवलोकमा पैदा भएका छन् । उनीहरू र मेरो शक्तिले गर्दा आज राती त्यस्ता निमित्तहरू देखिएका हुन् । मेरो घरमा पनि चालीस हजार मोतीका हारहरू तथा देवपुष्प मन्दारवको वर्षा भएको थियो ।' यस्तो सुनेर राजा हृष्ट, तुष्ट र प्रसन्न भए ।

त्यसपछि भगवान्‌ले कुलदेवी बोधिसत्व समुच्चयालाई यसो भन्नुभयो, 'हे कुलदेवी ! त्यस वेलाका सुरेश्वरप्रभ नामक राजा अरू नै थिए भनेर सोचेकी छौ भने त्यो होइन । किनभने दण्डपाणी शाक्य नै त्यस वेलामा सुरेश्वरप्रभ राजा भएका थिए । हे कुलदेवी ! त्यस वेलामा जटिंधर नामक व्यापारी (श्रेष्ठी) अरू नै थिए भनेर सोचेकी छौ भने त्यसो होइन किन भने शुद्धोधन नै त्यस वेलामा जटिंधर श्रेष्ठी भएका थिए ।'

'हे कुलदेवी ! त्यस वेलामा श्रेष्ठीपुत्र जलवाहन अरू नै थिए भनेर सोचेकी छौ भने त्यसो होइन किनभने म नै त्यस वेलामा श्रेष्ठीपुत्र जलवाहन भएको थिएँ । हे कुलदेवी ! त्यस वेलामा जलाम्बुजगर्भा नामक भार्या (पत्नी) अरू नै थिइन् भनेर सोचेकी छौ भने त्यसो होइन किनभने शाक्यपुत्री गोपा नै त्यस वेलामा श्रेष्ठीपुत्र जलवाहनकी भार्या जलाम्बुजगर्भा भएकी थिइन् । राहुल भद्र नै त्यस वेलाका जलाम्बर नामक पुत्र भएका थिए । आनन्द नै त्यस वेलामा जलगर्भ नामक पुत्र भएका थिए ।'

'हे कुलदेवी ! त्यस वेलाका दश हजार माछाहरू अरू नै थिए भनेर सोचेकी छौ भने त्यसो होइन किनभने ज्वलान्तरतेजोराज लगायतका दश हजार देवपुत्रहरू नै त्यस वेलाका दश हजार माछाहरू थिए जसलाई मैले जल तथा उत्तम भोजनद्वारा सन्तुष्ट बनाई प्रतीत्य समुत्पादको गम्भीर धर्म पनि बताएको थिएँ । साथै तथागत, अर्हत्, सम्यक् संबुद्ध रत्नशिखीको नाम पनि सुनाएको थिएँ । त्यस्तो कुशल कर्महरूको कारणले गर्दा तिनीहरू मसँग आइपुगेका छन्। त्यसै हुनाले अहिले उनीहरूको अनुत्तर सम्यक् संबोधिको लागि भविष्यवाणी गरेको छु । अत्यन्तै प्रीति, प्रसाद र प्रामोद्य सहित सगौरव धर्म श्रवण गरेका हुनाले सबैले भविष्यवाणी र नाम प्राप्त गरेका हुन् ।'

'हे कुलदेवी ! त्यस वेलाकी वृक्ष देवी अरू नै थिइन् भनेर सोचेकी छौ भने त्यसो होइन किनकि तिमी कुलदेवी नै त्यस वेलामा वृक्ष देवी भएकी थियौ । हे कुलदेवी ! यसरी म यो संसारमा घुमेर धेरै सत्वहरूलाई बोधि मार्गमा परिपक्व बनाएर तिनीहरूलाई अनुत्तर सम्यक् संबोधि प्राप्त गराउने भविष्यवाणी पाउने व्याकरण भूमिमा पुऱ्याएँ भनेर जान ।'

सुवर्ण प्रभासोत्तम सूत्रेन्द्र राज अन्तर्गतको जलवाहनद्वारा मत्स्य विनय परिवर्त नामक सत्रौं अध्याय पूरा भयो ।

## अठारौं अध्याय : व्याघ्री परिवर्त

हे कुलदेवी ! अझ भन्ने हो भने बोधिसत्वले अरूको हितको लागि काम गर्ने क्रममा आफ्नै शरीरको पनि परित्याग गरेको थिएँ । कसरी भन्ने हो भने विमल, विपूल नाना गुणहरूका सयौं पक्षहरू भएको रश्मी पृथ्वी र देवलोकमा फैलाउँदै अप्रतिहत ज्ञान दर्शन, वल र पराक्रम भएका भगवान् बुद्ध हजारौं भिक्षुहरूबाट घेरिएर पाञ्चाल जनपदमा जानु हुँदा एक वन खण्डमा पुग्नुभयो । त्यहाँ हरिया, नरम, गाढा रंगका घाँसे मैदानमा नाना सुगन्धित फूलहरूबाट सजिएको एक प्रदेश देख्नुभयो । त्यो देखेपछि भगवान्ले आयुष्मान आनन्दसँग यस्तो भन्नुभयो -

'हे आनन्द ! यो प्रदेश अति नै सुन्दर छ । यहाँ धर्मको निष्ठा भएको चिन्ह भएकाले तथागतको आसन तयार गर ।' त्यसपछि उनले भगवान्को आज्ञा अनुसार आसन तयार पारे । आसन तयार भएपछि भगवान्सँग यसो भने - 'आसन तयार छ हे भगवान्, हजुर ज्येष्ठ, श्रेष्ठ, मानिसहरूलाई उत्तम वरदाता, भव वन्धनका त्राता हुनुहुन्छ । आसनमा विराजमान भई मानिसहरूको हितको लागि मोक्षदायी अमृत समानको सदुपदेश दिनुहोस् ।'

त्यसपछि भगवान् बुद्ध आसनमा बस्नु भई भिक्षुहरूलाई यसो भन्नुभयो - 'हे भिक्षुहरू ! तिमीहरू दुष्कर चर्या गरेका बोधिसत्वको अस्थि धातु हेर्न चाहन्छौ ?' भगवान्ले त्यसो भनेपछि भगवान्सँग भिक्षुहरूले यसो भने - 'हे उत्तम ऋषि, सत्वहरूको हित गर्ने उत्तम व्यक्ति, महान क्षान्ति र वीर्यवान, शान्ति र विनयमा रमाउने, स्मृति मतिमा रमाउने, अपार गुणहरूका स्थानको अस्थिधातु हामीलाई देखाउने उत्तम वेला भएको छ ।'

त्यसपछि भगवान् बुद्धले हजार हत्केलामा चक्र अंकित भएको भर्खरै फक्रेको कमलको फूल जस्ता नरम हात भुइँमा राख्नुभयो । उहाँले दबाउने बित्तिकै ६ प्रकारले पृथ्वी चलायमान भई मणि, सुन र चाँदीले बनेको एउटा स्तूप निस्क्यो । त्यसपछि भगवान् बुद्धले आयुष्मान आनन्दलाई यसो भन्नुभयो -

'हे आनन्द ! यो स्तूपलाई खोल ।' त्यसपछि आयुष्मान आनन्दले भगवान्ले भने जसरी नै उक्त स्तूपलाई खोले। उनले त्यहाँ सुनले बनेको मणि, मोती तथा सुनले सु-सज्जित करण्ड देखे । देखेपछि भगवान् बुद्धसँग यसो भने - 'हे भगवान् ! एउटा सुनको करण्ड छ ।' भगवान् बुद्धले भन्नुभयो - 'ती सातवटा सबै खोल ।' त्यसैगरी सातवटै खोल्दा खेरी उनले त्यहाँ हिम र कुमुद फूल समानको एउटा देखे । देखेपछि भगवान्सँग यसो भने 'हे भगवान् ! एक अस्थि धातु छ ।' भगवान् बुद्धले भन्नुभयो - 'हे आनन्द ! महापुरूषका अस्थिहरू बोकेर ल्याउ ।' त्यसपछि आयुष्मान आनन्दले ती अस्थिहरू ल्याएर भगवान् बुद्धलाई चढाए । भगवान्ले ती अस्थिहरू भिक्षुहरूको अगाडि हातमा राखेर यस्तो भन्नुभयो -

'यी अस्थि धातुहरू उत्तम गुणले युक्त भएका, उत्तम मति भएका, दम, ध्यान र क्षान्तिबाट उत्साही, यशस्वी, सज्जन, बोधिमा सदा मन लगाएका, दृढ उत्साह भएका, श्रद्धालु, मति सदा दानमा लगाएर रमाउने व्यक्तिका हुन् ।'

त्यसपछि भगवान् बुद्धले भिक्षुहरूलाई फेरि भन्नुभयो - 'हे भिक्षुहरू ! शील तथा गुणहरूबाट सुगन्धित, दर्शन पाउन अति नै दुर्लभ तथा पुण्य क्षेत्र भएका बोधिसत्वका अस्थि धातुहरूको वन्दना गर ।'

त्यसपछि ती भिक्षुहरूले अञ्जलीबद्ध भई परिवर्तित मनले युक्त भई वन्दना गरे । त्यसपछि आयुष्मान आनन्दले दुवै हात जोडेर भगवान् बुद्धसँग यसो सोधे - भगवान् तथागत त सारा लोकमा उच्च भएकाले सम्पूर्ण सत्वहरूद्धारा वन्दना गरिएका हुनुहुन्छ भने तथागतले कसरी यी अस्थि धातुहरूको वन्दना गर्नुहुन्छ त ? भगवान् बुद्धले आयुष्मान आनन्दलाई यस्तो भन्नुभयो - 'हे आनन्द ! यी अस्थि धातुहरूको कारणले गर्दा नै मैले यसरी चाँडै अनुत्तर सम्यक् सम्बोधि अवस्था प्राप्त गरेको हुँ ।'

'हे आनन्द ! विगत समयमा महारथ नामक वाहन, नाना वलले युक्त भई शत्रुहरूलाई दबाएका एक राजा थिए । उनका देव कुमार जस्ता तीन पुत्रहरू थिए जसका नामहरू महाप्रणाद, महादेव र महासत्व थिए ।'

'राजा मनोरञ्जनको लागि एक उद्यानमा गए । ती राजकुमारहरू पनि त्यो वगैंचाको गुणमा आकर्षित भई फूलको चाहनाले गर्दा यताउती दौडँदै द्वादश वन गुल्म नामक ठूलो वनमा पसे । त्यसपछि राजकुमारहरूले आफ्ना वाहन र सेवकहरूलाई बिदा दिए र संरक्षित द्वादश वन गुल्म नामक ठूलो जङ्गलमा बसे ।'

'महाप्रणादले दुई भाइहरूसँग यसो भने - मेरो मनमा डर लागेको छ । यहाँ हामीलाई वन्य जन्तुहरूले हानी पुऱ्याउन सक्ने भएकाले जाउँ । महादेवले भने - मलाई डर त छैन तर प्रियजनको विछोडले सतायो । महासत्वले भने - मुनिहरूले प्रशंसा गर्नुभएको यस्तो एकान्त वनमा मलाई डर र शोक दुवै छैन । अति विस्तृत, उत्तम र महान हितन गर्न पाइने विचारले मेरो हृदय अति प्रसन्न भएको छ ।'

त्यसपछि ती राजकुमारहरू उक्त द्वादश वन गुल्म क्षेत्रमा घुमीरहेको वेला सात दिन अगाडि वच्चा पाएकी बघिनीलाई पाँचवटा वच्चाहरूले घेरिएको अवस्थामा देखे । ती बघिनी भोक, प्यासबाट पीडित भएकाले अत्यन्तै दुर्वल थिइन् । त्यस्तो देख्ने बित्तिकै महाप्रणादले भने, 'अहो ! यी पीडित बघिनीले ६ - ७ दिन अगाडि वच्चा जन्माएकी रहिछन् । अहिले खाना पाइनन् भने या त यिनले आफ्नै वच्चा खान्छिन् या त भोकले गर्दा मर्नेछिन् ।'

महासत्वले भने, 'यो पीडितको खाना के हो त ?' महाप्रणादले भने, 'आलो मासु र तातो रगत नै वाघ, हुँडार, भालु र सिंहहरूको खाना हो भनिन्छ ।' महादेवले भने, 'यी भोक र प्यासले पीडित भएकाले प्राण जान धेरै समय छैन । अत्यन्तै कमजोर यिनले यो ठाउँमा भोजन र जल खोज्न नसक्ने भएकाले यिनको प्राण बचाउनको लागि कसले आफ्नो ज्यान त्याग्न सक्ला त ?' महाप्रणादले भने, 'अहो ! आफ्नो देह परित्याग गर्ने काम गाह्रो छ ।'

महासत्वले भने, 'हामी जस्ता प्राण र शरीरमा आसक्त मन्द बुद्धि भएकाहरूलाई यस्तो कार्य गर्न गाह्रो हुन्छ । अरूहरूको हितको लागि प्रयत्न गर्ने सज्जन व्यक्तिहरूलाई यस्तो काम गर्न गाह्रो हुन्न । अझ कृपा र करूणाबाट पैदा भएका आर्य सत्वहरूले देवलोक र यो लोकमा जन्म लिएर अरूहरूको प्राण रक्षाको लागि अनुकूल र प्रसन्न चित्त नबदलीकन सयौं पल्ट शरीर दान गर्छन् ।'

त्यसपछि ती राजकुमारहरू अत्यन्तै दुःखी भई उक्त बघिनीलाई आँखै नझिम्क्याइकन लामो समय हेरेर गए । महासत्वले त्यस वेलामा यस्तो सोचे, 'अब मैले यो देह परित्याग गर्ने वेला भयो । किनभने नासिएर विग्रने स्वभाव भएको अन्तवान यो फोहोरी जिउलाई भोजन, पेय पदार्थ, शयन, वाहन, वस्त्रहरूबाट लामो समयसम्म जोगाए पनि पहिले देखि नै यसले आफ्नो स्वभाव नछोडेको हुनाले कृतघ्न छ । अझ यो पूरै अशुद्ध भएकाले यसबाट केही पनि पाइँदैन । अहिले म राम्रो कामका लागि यसको प्रयोग गर्छु । तसर्थ म जन्म र मृत्युको सागरबाट तर्नको लागि यो ठूलो डुङ्गा जस्तै हुनेछ ।'

'अझ, फोका जस्तो निस्सार यो शरीरमा सयौं कीराहरू भरिएका छन् । सयौं भवहरू भएको, मल मूत्र भरिएको यो शरीरको परित्याग गर्छु । शोकरहित, अपरिवर्तनशील, उपधि रहित, निर्मल, ध्यान आदि गुणहरूबाट भरिएको सयौं गुणहरूबाट युक्त विरज धर्मकाय प्राप्त गर्नेछु ।'

महासत्वले त्यस्तो उत्तम करूणाबाट युक्त हृदय सहितको मनस्थिति बनाएर 'तपाईंहरू दुवै जानुहोस् म आफ्नै कामका लागि द्वादश वन गुल्ममा प्रवेश गर्छु ।' भनेपछि ती दुवै दाजुहरू गए । त्यसपछि राजकुमार महासत्व उक्त वनमा फेरि पसेर बघिनी रहेको ठाउँमा पुगे । रूखको हाँगामा लुगाहरू राखेर यस्तो प्रणिधान गरे -

'म जगतको हितको लागि अनुत्तर शान्त बोधि लाभ गर्न चाहन्छु । अरूले त्याग गर्न गाह्रो यो शरीर निश्चल मतिले युक्त भएको करूणा सहित दान गर्छु । मैले जिनपुत्रहरूले आदर गरेको निर्दोष र अमूल्य बोधि प्राप्त गर्न सकुँ । मैले अत्यन्त भयानक भवसागरबाट त्रिलोकलाई मुक्त गर्न सकुँ ।'

त्यसपछि महासत्व बघिनीको अगाडि सुते । मैत्रीले युक्त बोधिसत्वलाई बघिनीले केही पनि गरिनन् । त्यसपछि बोधिसत्व हाय ! यी त निर्वल भएकीले खान सकिनन् भन्ने सोचेर उठे । कृपालु मतिले युक्त भई काट्ने हतियार खोज्दा केही पनि नपाए पछि सय वर्ष पुरानो बाँसको कडा खालको चिर्पट लिएर आफ्नो घाँटी काटेर बघिनीको अगाडि लडे । बोधिसत्व लड्ने बित्तिकै समुद्रको बीचमा पुगेको जहाजलाई हावाले हल्लाए जस्तै गरी यो पृथ्वीमा ६ पल्ट कम्पन पैदा भयो । सूर्यलाई राहुले समाते झैं अँध्यारो भयो । दिव्य गन्ध र चूर्ण मिश्रित फूलहरूको वर्षा भयो । त्यसपछि एक देवले अचम्मित चित्त सहित बोधिसत्वको यसरी स्तुति गरे -

'हे सुमति ! तिमीले जसरी करूणा चित्त प्राणीहरूमा व्याप्त गरायौ, वीर पुरूष तिमीले शरीरलाई यो ठाउँमा परित्याग गरेका हुनाले जन्म र मृत्युबाट मुक्त उत्तम स्थान यो हो । शान्त र शुद्ध तिमीले यो स्थान निर्वाध रूपमा छिटै प्राप्त गर्नेछौ ।'

त्यसपछि ती बघिनीले बोधिसत्वको रगत मुछिएको शरीरलाई तुरून्त नै मासु र रगत नछाडीकन सबै खाएर हाड मात्र बाँकी राखिन् । महाप्रणादले भूकम्पको महसुस गरेर त्यसको बारेमा सोच्दै महादेवलाई यसो भने - 'सागरहरू सहितको यो पृथ्वी दशै दिशामा कम्पित भयो र सूर्य रश्मी पनि निस्तेज भयो फूलको वर्षा भयो भने मेरो चित्त पनि विचलित भएकाले मेरो भाइले आफ्नो देह परित्याग गरेको हुनुपर्छ ।' महादेवले भने, 'करूणाका शव्द बोलेर सयौं दुःखहरू पीडित भोकी बघिनीले अत्यन्त दुर्वल भई आफ्नै वच्चालाई पनि खान लागेको देखेको हुनाले मलाई पनि शङ्का लाग्यो ।'

त्यसपछि ती दुवै राजकुमारहरू अत्यन्तै शोकाकूल भई आँखामा आँसु भरिएको रूपमा पहिलेकै बाटोतिर फर्किएर बघिनी भएको ठाउँमा आईपुगे । सबै लुगा बाँसको लहरामा झुण्डाएको, हाडहरूमा रगत लत्पतिएको, केशहरू दिशा तथा विदिशाहरूमा छरिएको देखे । यस्तो देखेर तिनीहरू मुर्छित भए र हाडहरू छरिएको भुइँमा लडे । होश खुलेपछि उठेर हात उठाइ आर्तनाद स्वरमा यसरी चिच्चाए -

'अहो प्रिय भाई ! राजा तथा छोरालाई अति माया गर्ने आमाले कमल जस्ता लामो आँखा भएको तिम्रो भाइ कहाँ छ भनी हामीलाई सोध्नेछिन् । अहो ! हामी दुई पनि बाँचेको भन्दा यही ठाउँमा मरेको भए राम्रो हुने थियो । महासत्व विनाका हामीलाई मातापिताले कसरी हेर्लान् ?' त्यसपछि ती दुई राजकुमारहरू नाना तरहले विलौना गर्दै गए । राजकुमारका सेवकहरू पनि कुमारहरूलाई खोज्दै सबै दिशा र विदिशाहरूमा दौडिए । उनीहरूले एक अर्कालाई देख्ने बित्तिकै 'के भयो राजकुमार ! के भयो ?' भन्न थाले ।

त्यही वेलामा रानी ओछ्यानमा सुतेको वेलामा प्रियजनसँग विछोड भएको सपना देखिन् । उक्त सपनामा दुवै स्तनहरू काटिएका, दाँतहरू झरेको, उनले समातिरहेका तीन परेवाका वच्चाहरू डराएका र एउटालाई बाजले लगेको देखिन् । भूकम्पले गर्दा आत्तिएर विउँझदा यस्तो सोचिन् -

'सागरको लुगा लगाएकी भूतहरूकी धात्री यी (पृथ्वी) किन जोडले काँपिन् ? सूर्यको रश्मी निस्तेज भयो भने मेरो हृदयमा शोक भएको देखियो । मेरो जीउ काँप्यो र आँखा पनि फर्फरायो । सपनामा स्तनहरू पनि काटिए । वनमा मनोरञ्जन गर्न गएका मेरा छोराहरूलाई राम्रो होस् ।'

रानीले त्यस्तो सोचीरहेको वेलामा चित्त विचलित भएकी एक सेविका आएर रानीलाई यसो भनिन् - 'हे रानी! राजकुमारहरूलाई खोज्न गएका सेवकहरू आएर राजकुमार हराएको कुरा भनेका छन् ।' त्यस्तो कुरा सुन्ने

बित्तिकै रानीको हृदयमा कम्पन भयो । आँखा र मुहार पूरै आँसुले ढाकियो । त्यस्तो अवस्थामा राजा कहाँ गएर उनले यसो भनिन् - हे देव ! मेरो प्रिय पुत्र हराएको कुरा सुनें । राजाको पनि मुटु हल्लियो र अत्यन्त विलौना गर्दै 'अहो ! मेरो प्रिय पुत्रसँग विछोड भयो ।' भन्न थाले ।

त्यसपछि राजाले रानीलाई आश्वासन दिँदै भने - हे भद्र रानी ! चिन्ता नगर म राजकुमार खोज्ने काम गर्छु । त्यहाँ राजकुमार खोज्नका लागि धेरै मानिसहरूको समूह प्रस्थान गरे । केही समयपछि राजाले दुई राजकुमारहरू टाढाबाट आउँदै गरेको देखे । तिनीहरूलाई देखे पछि राजाले भने, 'ती राजकुमारहरू आए पनि सबै छैनन् । हाय ! पुत्र वियोगको कस्तो दुःख भएको । पुत्रसँग वियोग हुँदा पनि दुःख छ । मानिसहरूले त्यसरी छोरा पाउँदा पनि आनन्द छैन। लोकमा छोरा नहुने वा छोरा जीवित हुँदै मर्ने व्यक्तिलाई साँच्चिकै सुख होला ।'

त्यसपछि रानी अत्यन्त शोकाकुल भई मर्ममा हानिएकी पोथी ऊँट झैं आर्तनाद स्वरमा चिच्याउन थालिन् -

'त्यसरी मेरा तीन पुत्रहरू सेवकहरूको गण सहित फूलहरूले भरिएको वनमा गएकोमा मेरो कान्छो छोरा नफर्केको हुनाले मुटु जस्तो मेरो छोरा कहाँ छ ?'

दुई राजकुमारहरू आईपुग्ने बित्तिकै उनीहरूलाई राजाले सोधे - 'हाम्रो कान्छो छोरा खोई !' शोकाकुल, आँखाभर आँसु भरिएका, तालु, ओठ, मुख र दाँत सुकेका तिनीहरूले केही भनेनन् । रानीले भनिन् - 'मेरो प्रिय कान्छो छोरा कहाँ छ ? मेरो यो मुटु छिया छिया परेको छ । जीउमा अति नै असह्य पीडा भएको छ । मेरो गला विग्रेको छ । चाँडै भन ।' त्यसपछि राजकुमारहरूले जे भएको थियो त्यो विस्तारमा भने । त्यो सुन्ने बित्तिकै राजा र रानी अचेत भए । होश खुलेपछि करूण र आर्त स्वरमा विलौना गर्दै त्यो दिशा तर्फ गए । राजा र रानीले ती हाडहरूमा मासु, रगत र नसाहरू केही नभएको तथा केशहरू दिशा विदिशामा छरिएको देख्दा हावाले रूख ढाले जसरी भुँइमा ढले । त्यसपछि पुरोहित र मन्त्रीहरूले त्यस्तो भएको देखेर पानी तथा मलय पर्वतको चन्दनको लेप राजा र रानीलाई छर्किए। धेरै समयपछि होश खुलेपछि राजाले करूण रूपमा यसरी विलाप गरे -

'हाय ! प्रिय, मनोरम, दर्शनीय पुत्र किन यति चाँडै मृत्युको वशमा पऱ्यौ ? किन मेरो पहिले मृत्यु भएन ? मेरा लागि यो भन्दा दुःख अर्को छैन ।'

रानी पनि होशमा फर्केपछि झ्याँक्रो फिंजाएर दुवै हातले छातीमा पिट्दै माछालाई जमीनमा छाड्दा उफ्रेजस्तै जमीनमा उफ्रन थालिन् । भैंसीले पाडो मरेको वेलामा जस्तो र पोथी ऊँटले वच्चा गुमाउँदा जस्तै गरी करूण रूपमा यसरी विलौना गरिन् -

'हाय ! हे प्रिय तथा कान्त पुत्र ! यो कमललाई कसले भाँचेर जमीनभर फाल्यो होला ? चन्द्रमा समानका मुहार भएका, मनोहर आँखा भएका मेरा पुत्रलाई मेरो कुन शत्रुले यो ठाउँमा माऱ्यो होला ? हाय ! यो ठाउँमा मेरो उत्तम पुत्रलाई मारेको देख्दा मेरो यो शरीर आज किन नटुक्रेको होला ? यस्तो दुःख देख्दा पनि नफुटेको यो मेरो मुटु फलामले नै बनेको होला । आज सपनामा पनि मेरा दुवै स्तनहरूलाई कसैले तरवारले काटेको र दाँतहरू झरेको मेरो प्रिय पुत्र यति चाँडै वित्नलाई रहेछ । मैले परेवाका तीन वच्चाहरूमध्ये एउटालाई बाजले बोकेर लगेको देख्नु मलाई घेरेका तीन छोराहरूमध्ये एउटालाई मृत्युले लैजानु रहेछ । हाय ! त्यो दुःस्वप्नको फल यस्तो हुने रहेछ ।'

त्यसपछि राजा र रानीले करूण रूपमा नाना किसिमका विलाप गरे । सबै गहनाहरू फुकालेर ठूलो जनसमूहले एकै साथ पुत्रको अस्थिलाई पूजा गरेर राजकुमारका ती हाडहरूलाई यो ठाउँमा राखे ।

'हे आनन्द ! त्यस वेलाका महासत्व नामक राजकुमार कोही अर्कै हुन् भनेर तिमीले सोचेका छौ भने त्यसरी नसोच । किनभने म नै त्यस वेलाको महासत्व नामक राजकुमार थिएँ । हे आनन्द ! राग, द्वेष र मोहबाट पूर्ण रूपमा मुक्त नभएको त्यस वेलामा पनि नरक आदिको दुःखमा मैले सारा जगतलाई हित गरेको थिएँ । सारा दोषहरूबाट मुक्त भएको अहिलेको सम्यक् संबुद्ध अवस्थामा हरेक सत्वहरूको लागि नरकहरूमा कल्पौंसम्म रहेर उत्साहपूर्वक प्राणीहरूलाई दुःखबाट मुक्त गर्न सक्दिन होला त ? सत्वको सार मैले अति दुष्कर नाना थरिका कर्महरू गरेर सारा जगतलाई सहयोग गरेको छु ।' त्यसपछि भगवान् बुद्धले त्यस वेलामा यस्तो गाथा बताउनु भयो -

'यो अग्र बोधिको खोजीमा धेरै कल्पसम्म मैले देहत्याग गरेको छु । राजा र राजकुमार भएको वेला मैले मेरो देह परित्याग गरेको छु । पहिलेका जन्महरू सम्झँदा महारथ नामक एक राजा थिए । उनका महासत्व नाम गरेका महान त्यागी उत्तम पुत्र थिए । उनका दुई दाजुहरू थिए । उनीहरूको नाम महाप्रणाद र महादेव थियो । ती दाजु भाइहरू घना जङ्गलमा गएका थिए । उनीहरूले भोकले पीडित एक बघिनी देखे । त्यस वेला महासत्वमा करूणा पैदा भयो र सोचे कि यो भोक र प्यासले ग्रस्त बघिनीले आफ्नै वच्चालाई खान लाग्दा अहिले म शरीर दान गर्छु ।'

महारथका छोरा महासत्वले भोकाएकी बघिनी देखेर बाघका वच्चाहरू (डमरू)लाई बचाउनको लागि करूणाले गर्दा पर्वतबाट झरे । पर्वत सहितको पृथ्वीमा कम्पन भयो । नाना थरिका चराका वथानहरू छरिएर उडे । मृगहरू आत्तिए । यो भूलोकभर अन्धकार छायो । उनका दाजुहरू महाप्रणाद र महादेव दुवैले उक्त महावन खण्डमा हेर्दा महासत्वलाई पाएनन् । अति नै शोकाकुल र पीडित भई वेहोस भई जङ्गलभित्र गए ।

ती दाजुहरूले खोज्दा अनुहारभर आँसु भरियो । महाप्रणाद र महादेव राजकुमारहरू दुवै दुर्वल बघिनी कहाँ सुतेकी छन् भनेर त्यसको नजीकमा जाँदा बघिनी र तिनका डमरूहरूको ओठमा रगत लागेको देखे । केश र केही हाडहरू भुइँमा छरिएको देखे । उनका रगतका केही थोपाहरू जमीनमा रहेछन् । ती दुई राजकुमारहरूले रगत पोतिएको भुइँ देखे । तिनीहरू मुर्छित भए र मन पनि वेहोस भयो । शरीरभर धुलो लत्पतियो । स्मृति पूरै गुमेर मन पनि मूढ भयो । उनीहरूका सेवकगण पनि करूण रूपमा रूँदै शोकग्रस्त भए । तिनीहरूलाई पानी छर्केर उठाउँदा हात उठाएर रून थाले ।

उनी लड्ने बित्तिकै उत्तम र प्रिय माता रानी पाँचसय स्त्रीहरू सहित दरवारभित्र पसेर आराम साथ रहिन् । दुवै स्तनहरूको टुप्पाबाट एक्कासी दुध वग्न थाल्यो । त्यसले शरीरका सबै अङ्गहरू ढाक्यो । सियोले छेडे झैं पीडा हुन थाल्यो । हृदय पूरै शोकाकुल भयो । पुत्र वियोगको तीव्र पीडाको वाण लाग्यो । शोकले ग्रस्त भई अशान्त मन लिई रूँदै विलौना गर्दै राजा महारथको नजीकमा गएर यस्तो भनिन् - 'हे नरेन्द्र ! मेरो कुरा सुन्नुहोस् । मेरो शरीर शोकको अग्नीले जलीरहेको छ । मेरा दुवै स्तनहरूको टुप्पाबाट एक्कासी दुध आएको छ । मेरो जीउमा सियोले खोपे जस्तो पीडा भएको छ । मेरो मुटु पनि फुट्न लागेको छ । प्रिय पुत्रहरूलाई नदेख्दा यस्ता निमित्त (चिन्ह)हरू देखा परेकाछन् । मेरा छोराहरूलाई खोजेर मप्रति करूणा गर्नुहोस् । मलाई प्राण दिनुहोस् । आज मेरो सपनामा तीन वटा परेवाका वच्चाहरू देखें । तेस्रो वच्चा चाहिँ मलाई प्रिय र मनोरम लाग्यो त्यहाँ एउटा वाज आएर त्यो परेवाको वच्चालाई लग्यो । मेरो त्यस्तो सपनामा यो हृदयमा पीडा पसेको छ । मन शोकले अति नै ग्रस्त भएकाले मेरो चाँडै मृत्यु हुँदैछ । त्यसैले मेरा छोराहरूको खोजी गर्नुहोस् । करूणावान् भई मलाई प्राण दिनुहोस् ।'

त्यसो भन्ने बित्तिकै ती उत्तम रानी मुर्छित भई जमीनमा ढलिन् । स्मृति गुम भयो । मन पनि मूढ भई वेहोस भइन् । रानीका सेविकागण सबै पनि करूण स्वरमा असाध्यै रून थाले । उत्तम रानी बेहोस भई भुइँमा ढलेको देख्ने बित्तिकै ती राजालाई पनि पुत्र वियोगको पीडाले सतायो । मन्त्रीहरू तथा परिचरहरू राजकुमारहरू खोज्न हिँडे । नगरका सारा जनताहरू नाना किसिमका घरहरूबाट निस्केर आए । उनीहरू रूँदा अनुहार भरि आँसु झर्‍यो ।

बाटामा उनीहरू महासत्वको बारेमा यस्तो सोध्न थाले, 'उनी जिउँदै छन् कि मरिसके ? महासत्व कहाँ गए ? मनोरम र दर्शनीय उनलाई आज हामीले देखेनौं ।'

त्यो प्रदेशमा सुन्न नसकिने असह्य शोक वायु आवाज ननिकालीकन अनन्त मायाको कारणले तीव्र रूपमा चल्न थाल्यो । राजा महारथ उठेर शोकले ग्रस्त भई रूँदै भूइँमा लडेकी अग्र महिषिलाई पानी छर्कन थाले । रानीको होश नफर्कुन्जेलसम्म पानी छर्किरहे । रानी व्युँझेपछि कमजोर मन लिएर 'मेरा छोराहरू जिवितै छन् कि मरिसके ?' भनेर सोधिन् । राजा महारथले अग्र महिषिलाई भने - 'मन्त्रीहरू तथा परिचरहरू पनि राजकुमारको खोजीमा गएका छन् । तिमी पनि अति कमजोर मन लिई हृदयमा निरन्तर शोक नलेउ ।'

यसरी महारथले अग्र महिषिलाई आश्वस्त पारेर राजदरवारबाट निस्के । शोकले ग्रस्त भई रूँदै मन्त्रीगणबाट घेरिएर वेचैन मन तथा कमजोर शरीर लिएर निस्के । सयौं हजारौं प्राणीहरू पनि रूँदै अनुहार भिजाएर (११६) राजकुमारहरूको खोजी गर्न नगरबाट निस्के । राजा पनि निस्केको देखेर उनीहरू सबै राजाको पछि लागे । महारथ राजा नगरबाट निस्कने बित्तिकै प्रिय पुत्रहरूलाई हेर्नका लागि उत्सुक आँखाले सबै दिशाहरूमा हेरे ।

कपाल मुडेको, हात खुट्टामा रगत पोतिएको, जीउमा धूलो लागेको लुगा लगाएको, अनुहारमा आँसु भरिएको एउटा मान्छे आएको देखेपछि महारथको हृदयमा पनि असह्य दुःख पैदा भयो । रूँदा मुहार आँसुले भिज्यो । हात उठाएर रूँदै बसे । त्यसपछि एक मन्त्री छिटो छिटो कुद्दै आए । आएर राजा महारथलाई भने, 'हे राजन ! मनलाई दुःखी नबनाउनुहोस् । तपाईंका मनोरम पुत्रहरू जीवित नै छन् । चाँडै नै तपाईंले आफ्ना मनोरम उत्तम पुत्रहरू देख्नुहुनेछ ।' राजा एकछिन बसेका थिए । त्यही वेला दोस्रा महामन्त्री आए । धुलो लागेको मैलो कपडा ल्याएर आँसुले मुहार भिजाई राजालाई यसो भने, 'हे महाराज ! हजुरका दुई पुत्रहरू अत्यन्त शोकाकुल अवस्थामा जीवितै छन् । हे राजन ! हजुरका एक उत्तम पुत्र देखिन्नन् । महासत्वलाई अनित्यताले लिएको छ । सुत्केरी बघिनीले आफ्नै वच्चाहरू खान चाहेको देखेर उनीहरूप्रति राजकुमार महासत्वले महाकरूणाले युक्त भई चित्तोत्पाद गरी बोधिका लागि यसरी महाप्रणिधान गरे - 'सबै सत्वहरूलाई मैले मुक्त गर्नुपर्छ । गम्भीर र उदार बोधि चाहनेहरूलाई भविष्यमा भेट्न सकुँ ।'

महासत्व पर्वत किनारबाट झरे । भोकले ग्रस्त बघिनीले उठेर एकछिनमै शरीरको मासु सिध्याइन् । राजकुमारका हाडहरू मात्र बाँकी रहे ।

यस्ता भयानक शब्दहरू सुनेर राजा महारथ मुर्छित भएर जमीनमा ढली अचेत भए । शोकको अग्नी असह्य रूपमा बल्यो । परिचर र मन्त्रीहरू करूण क्रन्दन गर्दै, रूँदै शोकले ग्रस्त भए पनि राजालाई पानी छर्किंदै हात उठाएर अत्यन्त रोए । तेस्रो मन्त्रीले राजालाई भने - 'मैले आज दुवै राजकुमारहरूलाई ठूलो वनमा मुर्छित भएको देखें। भुइँमा लडेर अचेत भएको देखेपछि होश नखुलेसम्म हामीले पानी छर्क्यौं । चारै दिशाहरू प्रज्वलित देखियो । केही वेर उठेपछि उनीहरू फेरि भुइँमा लडेर करूण स्वरमा अत्यन्तै विलौना गर्न थाले । सदा हात माथि उठाएर ती भाइको अति प्रशंसा गरिरहे ।'

ती राजाको मन अति विह्वल भयो । पुत्र वियोगको शोकले चित्त पनि विक्षिप्त भयो । अत्यन्त शोकाकुल भई विलौना गरे । ती राजाले यस्तो सोचे - मेरा एक प्रिय र मनोरम पुत्र महासत्वलाई अनित्यले ग्रहण गऱ्यो । मेरा ती दुई पुत्रहरू पनि शोकको अग्नीले जलेर प्राण नत्यागुन् । म चाँडै नै त्यहाँ जान्छु र ती दर्शनीय पुत्रहरूलाई हेर्छु । शीघ्रतम वाहनमा राखेर राजधानीमा ल्याई राजदरवारमा राख्छु । तिनीहरूलाई जन्माउने आमाको हृदय शोकाग्नीले जलाएर नफुटाओस् । दुई पुत्रहरूलाई देखेर उनलाई शान्ति प्राप्त भई प्राणबाट विमुख हुनु नपरोस् ।'

राजा मन्त्री गणबाट पूरै घेरिएर हात्तीमा चढेर छोराहरूलाई हेर्न गए । दुवै पुत्र करूण स्वरमा असाध्यै रोएर भाइको नाम बोलाउँदै बाटोबाट आएको देखे । राजाले ती दुई पुत्रहरूलाई लिएर रूँदै पुरतर्फ गए । अत्यन्त चाँडै लगेर रानीलाई छोराहरू देखाए ।

'म तथागत शाक्यमुनि पहिलेका राजा महारथको छोरो महासत्व थिएँ जसले बघिनीलाई सुखी बनाएको थिएँ । उत्तम राजा शुद्धोधन नै महारथ नामक राजा थिए । रानी नै उत्तम रानी मायादेवी भइन् । महाप्रणाद नै मैत्रेय हुनेछन् । त्यसै गरी राजकुमार महादेव नै मञ्जुश्री कुमारभूत हुन् । बघिनी भएकी महाप्रजापति हुन् । बघिनीका वच्चाहरू पञ्च वर्गीय भिक्षुहरू भए ।

त्यसपछि राजा महारथ र रानीले करूण स्वरमा धेरै प्रकारले विलौना गरेर सबै गहनाहरू फुकालेर धेरै जनसमूहसँगै छोराका हाडहरूलाई पूजा गरेर ती महासत्वका हाडहरूलाई यो स्थानमा राखेर सात रत्नहरूले बनेको यो चैत्य बनाए । ती महासत्वले बघिनीलाई शरीर दान गरेको वेला यस्तो प्रणिधान गरेका थिए - 'पछि भविष्यका असंख्य कल्पहरूमा पनि यो शरीर परित्यागको कारणले गर्दा प्राणीहरूका लागि बुद्ध कार्यहरू गरिउन् ।'

यो देशनालाई बताइएको वेलामा देव र मनुष्य सहितका असंख्य प्राणीहरूले अनुत्तर सम्यक् संबोधि चित्त पैदा गरे । यो स्तूपलाई यहाँ दर्शाइएको कारण यही हो । यसको प्रत्यय पनि यही भित्र रह्यो ।

सुवर्ण प्रभासोत्तम सूत्रेन्द्र राज अन्तर्गत व्याघ्री परिवर्त नामक अठारौं अध्याय पूरा भयो ।

## उन्नाइसौं अध्याय : सर्व बोधिसत्वस्तव परिवर्त

त्यसपछि सयौं हजारौं बोधिसत्वहरू तथागत सुवर्ण रत्नाकरच्छत्रकूटको अगाडि गएर भगवान् तथागत सुवर्ण रत्नाकरच्छत्रकूटको पाउमा शिरले ढोगेर एक दिशामा बसे । एकापट्टि बसेर ती सयौं हजारौं बोधिसत्वहरू अञ्जलीबद्ध भई तथागत सुवर्ण रत्नाकरच्छत्रकूटको गाथामा यसरी स्तूति गरे -

जिनको वर्ण शुद्ध सुन झैं पहेँलो छ । काय सुवर्ण रङ्गमा झल्केको छ । सुवर्ण पर्वतराज समान सुनौलो छ । पुण्डरिक मुनि सुनौलो वर्णका हुनुहुन्छ । भद्र लक्षणहरूले काय अलंकृत छ । विचित्र भद्र अनुव्यञ्जनहरूबाट बुद्ध काय सुसज्जित छ । सुवर्णप्रभा झैं अति सुन्दर र प्रज्वलित छ । अत्यन्त निर्मल शान्त गिरिराज समान छ ।

जिनको स्वर ब्रह्म ध्वनि तथा ब्रह्मघोष जस्तै छ । सिंहनाद तथा मेघ गर्जन जस्तो गर्जित छ । निर्मल स्वर साठी अङ्गले युक्त छ । जिन घोष मयुर तथा कलविङ्कको स्वर जस्तो छ । जिन सयौं पुण्य लक्षणहरूबाट अलङ्कृत हुनुहुन्छ । उहाँ सुनिर्मल, विमल ज्ञानको सागर हुनुहुन्छ । जिन सारा गुणहरूबाट युक्त सुमेरू समान हुनुहुन्छ ।

सत्वहरूलाई हित गर्ने उत्तम अनुकम्पाले युक्त हुनुहुन्छ । जगतलाई सुख दायक हुनुहुन्छ । जिनले परम अर्थ दर्शाउनु हुन्छ । निर्वाण सुखमा पुऱ्याउने नायक हुनुहुन्छ । अमृत सुख दिएर जिनले अमृत समान धर्मलाई राम्रोसँग दर्शाउनु भएको छ । उहाँ अमृत नगरमा लैजाने नायक हुनुहुन्छ ।

सम्पूर्ण सुखका स्रोत, सुखका स्थान जिनले सत्वहरूलाई दुःखबाट मुक्त गर्नुहुन्छ । दुःखको सागरबाट जनहरूलाई मुक्त गर्नुहुन्छ । शान्ति मार्गमा जनहरूलाई लैजानुहुन्छ । जनहरूलाई सारा सुख प्रदान गर्नुहुन्छ । त्यस्ता तपाईंको उदाहरण दिन सकिन्न ।

नायकमा ज्ञान र गुणको सागर छ । सारा प्राणीहरूको लागि तपाईं करूणा र मैत्रीको वल तथा उपाय र वीर्यले युक्त हुनुहुन्छ । तपाईंको गुण र ज्ञानको सागरलाई धेरै कोटिऔं कल्पसम्म गुणको एक एक थोपा बताए पनि लोकले बताउन सक्दैन । गुणको सागरबाट एउटा थोपा गुण लिएर मैले संक्षिप्तमा अलिकति मात्र बताएको छु । यसबाट मैले जे जति पुण्य कमाएको छु त्यसबाट ती प्राणीहरू उत्तम बोधिमा पुगुन् ।

सुवर्णप्रभासोत्तम सूत्रेन्द्र राज अन्तर्गत सबै बोधिसत्वहरूले वन्दना गरेको सर्व बोधिसत्वस्तव परिवर्त नामक उन्नाइसौं अध्याय पूरा भयो ।

## बीसौं अध्याय : सर्व तथागतस्तव परिवर्त

त्यसपछि बोधिसत्व रूचिरकेतु आसनबाट उठेर उत्तरासङ्गले एउटा काँध छोपेर दाहिने घुँडा भुइँमा टेकेर भगवान् बुद्ध तर्फ अञ्जलीबद्ध भई यी गाथाहरूद्वारा भगवान् बुद्धको स्तूति गरे -

तपाईं जिनेन्द्र सयौं पुण्य लक्षणहरू तथा हजारौं श्री पवित्र गुणहरूबाट अलंकृत हुनुहुन्छ । उदार उत्तम वर्णबाट शान्ति दर्शाउनु भएको छ । हजारौं सूर्यहरूको रश्मी निकाली रहनु भएको छ । अनेक रश्मी प्रज्वलित भएकाले प्रभा व्याप्त छ । नाना वर्णबाट प्रज्वलित रत्न समान हुनुहुन्छ । नीलो, सेतो, पहेँलो, वैडूर्य, ताम्र तथा अरूण स्फटिकको प्रभाले वज्र समान पर्वत राज सुमेरूलाई उज्यालो बनाएको छ । कोटिऔं क्षेत्रहरूलाई उज्यालो बनाएको छ। यसले असह्य र तीव्र दुःखहरूलाई शान्त बनाएको छ र उत्तम सुखले प्राणीहरूलाई सन्तुष्ट बनाएको छ ।

वर्ण तथा इन्द्रिय स्पष्ट भएकाले सुन्दर देखिनुहुन्छ । रूप दर्शनबाट नअघाइने भएकाले जनहरूले हेर्दा दर्शनीय हुनुहुन्छ । मयुरको रङ्ग जस्तै केशहरू अति सुन्दर छन् । धेरै भ्रमर भरिएको प्रभा जस्तो हुनुहुन्छ । विशुद्ध करूणाका गुणहरूले अलंकृत हुनुहुन्छ । समाधि र मैत्रीका उत्तम पुण्यहरू संग्रह गर्नुभएको छ । भद्र व्यञ्जन तथा विचित्र वर्णले युक्त हुनुहुन्छ । समाधि जस्ता बोध्यङ्गका गुणहरूबाट अलंकृत हुनुहुन्छ ।

तपाईं सन्तुष्टि दाता, हितकारी, सुखदायी र सारा सुखहरूका स्रोत हुनुहुन्छ । विचित्र गम्भीर गुणहरूबाट अलंकृत हुनुहुन्छ । कोटीऔं क्षेत्रहरूलाई उज्यालो बनाउनुहुन्छ । अग्नीको प्रकाश जस्तै रश्मीहरूले गर्दा सुन्दर हुनुहुन्छ। तपाईं आकाशको सूर्य मण्डल जस्तै पूर्ण हुनुहुन्छ । सुमेरू समान सारा गुणहरूबाट युक्त हुनुहुन्छ । लोकधातुहरू सबैमा देखा पर्नुहुन्छ ।

तपाईंका दाँतको समूह गाईको दही, कुमुद फूल, शंख, चन्द्रमा र हिउँको वर्णजस्तै सेता भएकाले मुहारलाई सुन्दर बनाएका छन् । राजहंश आकाशमा उडे जस्तै देखिनुहुन्छ । तपाईंको चन्द्रमा समान शान्त मुहारमा दायाँ घुमेको कुण्डल जस्तो वैडूर्य जस्तो केशबाट सेतो प्रभा निस्केर आकाश मण्डलमा रहेको सूर्य समान देखिन्छ ।

सुवर्ण प्रभासोत्तम सूत्रेन्द्र राज अन्तर्गत सर्व तथागतस्तव परिवर्त नामक बीसौं अध्याय पूरा भयो ।

## एक्काइसौं अध्याय : निगमन परिवर्त

त्यसपछि कुलदेवी बोधिसत्व समुच्चयाले यी गाथाहरू मार्फत भगवान् बुद्धको स्तुति गरिन् -

'विशुद्ध धर्ममा प्रतिभान भएको बुद्धिले युक्त भएका, कुकर्म मार्गबाट मुक्त बुद्धि भएका, भव र अभव जान्ने विशुद्ध बुद्धि भएका, विशुद्ध बुद्धको बुद्धि भएकालाई नमस्कार गर्छु । अहो ! अहो ! बुद्धको तेज अनन्त छ । अहो ! अहो ! सागर तथा सुमेरू समान छ । अहो ! अहो ! बुद्धको गोचर अनन्त छ । उदुम्बर फूल जस्तै अत्यन्त दुर्लभ छ ।

अहो ! अहो ! सारा सत्वहरूलाई अनुग्रह गर्नको लागि जसले यो उत्तम सूत्रलाई यसरी बताउनु भएको छ त्यस्ता नरेन्द्रका सूर्य, शाक्य कुलका केतु तथागत कति करूणामय हुनुहुन्छ । तथागत शाक्य मुनिका इन्द्रियहरू शान्त छन् । उत्तम रूपमा शान्त उहाँ शान्त नगरमा प्रवेश गर्नुभएको छ । उहाँको समाधि गम्भीर छ । शान्ति रजबाट मुक्त छ । जिन चाहिँ बुद्ध गोचरमा राम्रोसँग प्रवेश गर्नुभएको छ । यसै गरी श्रावकहरूको शरीर शून्य छ । उत्तम द्विपदीहरूको विहार पनि शून्य छ । सम्पूर्ण धर्महरूको प्रकृति पनि शून्य छ । सत्वहरूको शून्य आत्मा पनि पाइन्न ।

निरन्तर रूपमा सधैं जिनको स्मरण गर्छु । जिन दर्शनका लागि बारम्बार शोकाकुल हुन्छु । सम्यक् संबुद्ध सूर्यको दर्शनको लागि सधैं प्रणिधान गर्दछु । म सधैं धरतीमा घुँडा राखेर जिनको रूप दर्शनबाट सन्तुष्ट हुन चिन्तित हुन्छु । विनायक पाउनका लागि करूण स्वरमा विलौना गर्छु । म सुगतलाई देख्न अत्यन्तै लालायित छु । शोकको अग्नीले सधैं जल्छु । दर्शनको शीतल जल सदा प्रदान गर्नुहोस् । म तपाईंको रूपको दर्शन गर्न लालायित छु । करूणाको वर्षाले मलाई सधैं भिजाउनु होस् । विनायक तपाईंले म प्रति करूणा राख्नुहोस् । शान्त रूपको दर्शन सधैं दिनुहोस् । तपाईंले देव सहितका सत्वहरूलाई रक्षा गर्नु भएको छ । यसरी श्रावकहरूको काय शून्य छ । सम्पूर्ण सत्वहरू स्वप्न स्वभावका छन् । आकाश समान छन् र आकाशकै स्वभावका छन् । माया, मरीची, जलचन्द्र जस्तै विनायक तपाईं पनि महाशून्य हुनुहुन्छ ।'

त्यसपछि भगवान् बुद्ध आसनबाट उठेर ब्रह्मघोष सहित 'साधु, साधु, हे कुलदेवी !' भन्नुभयो । भगवान्ले यसो भनी सकेपछि कुलदेवी बोधिसत्व समुच्चया, महादेवी सरस्वती लगायतका सम्पूर्ण देवपुत्रीहरू, महादेवी श्री लगायतका सम्पूर्ण देवीहरूको गण, वैश्रवण लगायतका सम्पूर्ण देवराजहरूको साथमा सर्वावती परिषद, देव, मनुष्य, असुर, गन्धर्व सहितको जगतले अनुमोदन गरी भगवान् बुद्धले यस्तो बताउनु भएकोमा स्तूति गरे ।

सुवर्ण प्रभासोत्तम सूत्रेन्द्र राज अन्तर्गत निगमन परिवर्त नामक एक्काइसौं अध्याय पूरा भयो ।

आर्य सुवर्ण प्रभासोत्तम सूत्रेन्द्र राज नामक महायान सूत्र समाप्त भयो ।

ये धर्मा हेतुप्रभवा हेतूँस्तेषाँस्तथागतोक ह्यवदत्

तेषाञ्च यो निरोध एवंवादी महाश्रमण :

परमपूज्य लामा झोपा रिन्पोछेज्यूको आग्रहमा नेपाली अनुवादक लोचावा पुण्य प्रसाद पराजुलीद्वारा तिब्बती भाषाबाट अनुवाद गरिएको हो । शुभम् ॥